

# पाँचपोखरी थाङ्पाल गाँउपालिकाको

## (Rural Municipality )









## गाँउपालिका कार्यपालिकाको कार्यालय

## थाङपालधाप, सिन्धुपाल्चोक

## ३ नं. प्रदेश, नेपाल

## २०७५

**गाँउपालिका अध्यक्षबाट शुभकामना मन्तव्य**

**गाँउपालिका उपाध्यक्षबाट शुभकामना मन्तव्य**

**गाँउपालिका प्रमुख प्रशासकीय अधिकृतबाट प्रकाशन सम्बन्धी मन्तव्य**

**गाँउपालिकाको अध्ययन संयोजकबाट प्रकाशन सम्बन्धी मन्तव्य**

## पृष्ठभूमि

नेपालको संविधान २०७२ को अनुसूची ८ अन्तर्गत स्थानिय तहको अधिकार सूचीको क्रमसंख्या ६ मा स्थानिय तथ्याङ्क तथा अभिलेख तयार गर्ने अधिकार स्थानिय तहलाई नै रहेको स्पष्ट उल्लेख गरेको छ। दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्यता हुन्छ। त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न र सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ। हाल स्थापित स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाँउपालिकाको विद्यमान परिवेश उतार गरिएको छ । नेपाल सरकारको चौधौँ योजना (आ.व. २०७३/७४-२०७५/७६) ले समेत गाँउपालिकाहरूको तथ्यांकीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय द्वारा जारी गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ ले स्थानिय तह मातहत सम्पन्न गरिने सम्पूर्ण विकास निर्माणका लागि सहायक भौगोलिक, आर्थिक, सामाजिक, वातावरणीय, जनसांख्यिक सूचनाहरुलाई व्यवस्थित गर्नुपर्ने दायित्व रहेको छ। यसै प्रयोजनको लागि गाँउपालिकाको वस्तुस्थिति झल्कने गरी यो विद्यमान परिवेश उतार गरिएको हो।

## वस्तुगत विवरण प्रकाशन गर्नुको उद्धेश्य

गाँउपालिकाको हालको अवस्थालाई चित्रण गरी आगामी दिनहरुमा के कस्ता योजनाहरुको आवश्यकता छ, जसले यस गाँउपालिकाको समग्र विकास गर्न गुरुयोजना निमार्णको लागि एक महत्वपूर्ण भुमिका खेल्न सकोस् भनेर यस गाँउपालिका विद्यमान परिवेश तयार गरिएको छ। गाँउपालिकासँग सम्बन्धित विभिन्न तथ्याङ्क एवम् सूचनाहरुलाई एकिकृत गरी सरोकारवालाहरुलाई सरल र सहज रुपले सूचना उपलब्ध गराउने समेत उद्धेश्यले यो विद्यमान परिवेश तयार गरिएको छ। यस वस्तुगत विवरण तयारीको मुख्य मुख्य उद्धेश्यहरु निम्नानुसार रहेका छन्।

- ❖ राष्ट्रिय जनगणना, घरधुरी सर्वेक्षण तथा जिल्ला तथा स्थानीय तहबाट प्राप्त विभिन्न तथ्याङ्क तथा सूचनाहरुलाई एकिकृत रुपमा प्रस्तुत गर्ने।

- ❖ गाँउपालिका भित्र भएका विभिन्न तथ्याङ्क एवम् सूचनाहरुलाई एकिकृत गरी गाँउपालिकाको संक्षिप्त चिनारी गराई विद्यमान अवस्थाहरुको तथ्य चित्रण गर्ने ।
- ❖ गाँउपालिकाको वार्षिक, आवधिक तथा दिर्घकालिन योजना तर्जुमाका लागि तथ्याङ्किय आधार तयार गर्ने ।
- ❖ गाँउपालिका भित्रका वडाहरुको विद्यमान परिवेश तयार गर्न मार्ग निर्देशन गर्ने ।
- ❖ गाँउपालिकाको बारेमा जानकारी लिन चाहने सरोकारवाला जुनसुकै व्यक्ति एवम् संघ संस्थाहरुलाई सहज रुपमा सूचना तथा जानकारी उपलब्ध गराउने ।
- ❖ गाँउपालिकाको अध्ययन तथा अनुसन्धान गर्ने अनुसन्धानकर्ता, योजनाकार, संघ संस्था एवम् गाँउपालिकाको विकासमा जिज्ञासा राख्ने व्यक्तिहरुलाई महत्वपूर्ण क्षेत्र, सम्भावना र समस्याहरुको बारेमा एकिकृत रुपमा अवगत गराउने उपयोगी सामाग्रीको रुपमा प्रस्तुत गर्ने ।
- ❖ गाँउपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।
- ❖ गाँउपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।
- ❖ स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।
- ❖ गाँउपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औँल्याउने ।
- ❖ गाँउपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।
- ❖ गाँउपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत, साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।
- ❖ गाँउपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।
- ❖ गाँउपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने ।
- ❖ गाँउपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।
- ❖ गाँउपालिकाको आवधिक योजना निर्माण गर्न रणनीति तयार गर्ने ।
- ❖ हरेक वर्ष गाँउपालिका तथ्याङ्लाई अद्यावधिक गर्न मद्धत गर्ने ।

## तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका विधिहरु

### १. तथ्याङ्क एवम् सूचना संकलन (घरधुरी सर्वेक्षण)

गाँउपालिका विद्यमान परिवेश निमार्णका लागि मूलतः घरधुरी सर्वेक्षण,गाँउपालिका भित्र रहेका वडाहरुको स्रोत नक्साङ्कन, गाँउपालिकाको GIS रिर्पोट तथा स्थानीय ठाँउहरुको अनुगमन गरी सूचनाहरुलाई संकलन गरिएको छ ।

## २. द्धितिय श्रोत

सिन्धुपाल्चोक जिल्लाको वस्तुगत विवरण,राष्ट्रिय जनगणना२०६८, कृषि गणनाको विभिन्न राष्ट्रिय तथा जिल्ला तहका प्रतिवेदनलाई मुख्य आधार बनाईएको छ । यसै गरी विभिन्न तथ्याङ्कलाई क्षेत्रगत एवम् विषयगत तथ्याङ्क संकलनका लागि जिल्लाका विभिन्न कार्यलयहरुलाई पत्राचार गरी तथ्याङ्क एवम् सूचनाहरु संकलन गरिएको छ । जिल्लासँग सम्बन्धित विभिन्न प्रकाशनहरुबाट पनि सान्दर्भिक सूचनाहरु साभार गरिएको छ ।

## ३. तथ्याङ्क विश्लेषण

घरधुरी सर्वेक्षण, वडाहरुको स्रोत नक्साङ्कनबाट आएका सूचनाहरुलाई एकिकृत गरी जिल्लाको वस्तुगत विवरण, जिल्ला तहका विभिन्न कार्यलयबाट प्राप्त सूचनाहरु, राष्ट्रिय जनगणना, कृषि गणनाबाट प्राप्त सूचनाहरु संकलन गरी त्यसलाई एकिकृत रुपमा राखी तथ्याङ्कलाई विश्लेषण गरी प्रस्तुत गरिएको छ ।यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्र तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।

## ४. मस्यौदा प्रतिवेदन माथि सहभागितात्मक छलफल

वस्तुगत विवरण तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन पद्दती उपयोग गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरूजस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरूप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरूबीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । उपलब्ध तथ्याङ्क एवम् सूचनाहरुका आधारमा वस्तुगत विवरणको मस्यौदा प्रति तयार गरी उक्त मस्यौदा माथि स्थानीय जनप्रतिनिधीहरु, विषयगत क्षेत्रका व्यक्ति तथा कार्यलयहरु त्था विभिन्न सरोकारवाला निकायहरुसँग छलफल गरी आवश्यक राय, सुझाब संकलन गरिएको छ ।

## ५. अन्तिम प्रतिवेदन तयारी

मस्यौदा प्रतिवेदनमाथिको छलफलबाट आएका राय एवम् सुझावहरुलाई समेत आवश्यकता अनुसार समावेश गरी मस्यौदा प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी गाँउपालिकाको विद्यमान परिवेशको अन्तिम प्रारुप तयार गरिएको थियो । यो प्रारुप तयार गर्नको शुरुदेखि अन्तिमसम्म केएर र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (**CSRC)**तथा महिला आत्म निर्भरता केन्द्र **(MANK),** मेलम्चीले महत्वपूर्ण आर्थिक तथा प्राविधिक सहयोग गरेको छ ।

## वस्तुगत विवरणको सीमा

गाँउपालिका विद्यमान परिवेश मूलतः प्राथमिक श्रोतका रुपमा घरधुरी सर्वेक्षण, वडाहरुको स्रोत नक्साङ्कन, स्थलगत अध्ययन तथा अनुसन्धान र द्धितिय श्रोतका रुपमा जिल्लाको वस्तुगत विवरणको प्रतिवेदन, जिल्ला तथा

स्थानीय तहका विभिन्न विषयगत कार्यलयहरुको सूचनाहरु तथा राष्ट्रिय जनगणना तथा विभिन्न क्षेत्रका गणनाहरुको प्रतिवेदनको आधारमा यस विद्यमान परिवेश तयार गर्ने अवधारणा रहेको थियो । विभिन्न कार्यलय एवम् संघसंस्थाहरुबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई जस्ताको त्यस्तै राखिएको छ भने केही तथ्याङ्कलाई उपयुक्त तालिकीकरणमा ढालिएको छ ।

## विषय सुचि


१. गाँउपालिकाको संक्षिप्त परिचय

२. वडाहरुको संक्षिप्त परिचय

३. भौगोलिक स्वरुप

४. गाउँपालिकाको नक्सा

५. गाउँपालिकाको संगठनात्मक ढाँचा

६. गाउँपालिकाका हालका भवनहरु

७. गाउँपालिकाले सञ्चालन गरेका प्रमुख कार्यक्रम तथा योजनाहरु

८. विगत आर्थिक वर्षको आयव्ययको विवरण

९. सरकारी कार्यालयहरुको नाम, टेलिफोन  विवरण

१०. गाउँपालिकाका अवसर, चुनौति र समस्याहरु

११. गाउँपालिकाका विकास सम्भावनाहरु

१२. गाउँपालिकाको स्थापनाकालदेखि हालसम्मका प्रमुखहरु र कार्यरत कर्मचारीहरुको विवरण

१३. गाउँपालिका आफैले बनाएका ऐन/विनियमहरुको विवरण

१४. गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रको विवरण

१५. जनसंख्या वितरणको अवस्था (राष्ट्रिय जनगणना २०५८-२०६८ तथा गाँउपालिका घरधुरी सर्वेक्षण)

क. वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण

ख. उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण

ग. आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था

घ. मातृभाषाको आधारमा जनसंख्याको विवरण

ङ. धर्मको आधारमा जनसंख्याको विवरण

च. जातियताको आधारमा जनसंख्याको विवरण

छ. लिंग र उमेरका आधारमा घरमुलीको विवरण

ज. अपांगताको आधारमा जनसंख्या (Population by disability)

झ. स्वामित्वको आधारमा घरपरिवारको वसोवासको अवस्था

ञ. खानेपानीको श्रोतको आधारमा घरपरिवार सम्वन्धी विवरण.

ट. शौचालय प्रयोगको आधारमा घरपरिवार विवरण

ठ. बसाई सराई सम्वन्धी विवरण

ड. स्वामित्वको प्रकारको आधारमा "महिला" घरमुली सम्वन्धी विवरण

ढ. जेष्ठ नागरिक तथा एकल महिलाहरुको विवरण (आ.व.२०७४।०७५)

ण. वडा अनुसार सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण

त. साक्षरताको आधारमा जनसंख्याको बिबरण

थ. वडा अनुसार साक्षरता प्रतिशत विवरण

१६. गाँउपालिकाको शैक्षिक अवस्था तथा शैक्षिक संस्थाहरुको विवरण

१७. वडास्तरीय जातजातिगत विद्यार्थी सङ्ख्या

१८. २०७५ सालको विद्यार्थी भर्ना सङ्ख्या

१९. शिक्षक विवरण

२०. वडास्तरीय विद्यालयको तह अनुसार विद्यार्थीहरुको सङ्ख्या

२१. विगत ५ वर्षदेखिको विद्यार्थी सङ्ख्या

२२. विद्यालयहरुको कक्षा कोठाको क्षमता अवस्था

२३. विद्यालयको प्रकार अनुसारका अध्यनरत छात्रछात्राहरुको विवरण र २०७४ सम्ममा गाँउपालिकामा रहेका ५ वर्ष वा सो भन्दा माथिकोशैक्षिक अवस्था

२४. विद्यालय छाड्ने बालबालिकाहरुको विवरण

२५. विद्यालयमा भर्ना नभएका बालबालिकाहरुको विवरण

२६. वडास्तरीय विद्यार्थीहरुको सिकाई उपलब्धी सम्बन्धी विवरण

२७. विद्यार्थी तथा शिक्षक उपस्थिती दर

२८. कूल साक्षरता दरमा महिलाहरुको हिस्सा

२९. बालविकास केन्द्रको विवरण

३०. विद्यालहरुमा शौचालयको विवरण

३१. विद्यमान स्वास्थ्य सेवाहरु

३२. खोप सेवाको विवरण

३३. खोप सेवा छोडने बालबालिकाको अबस्था

३४. विगत ३ वर्षहरुको पोषणको अवस्था

३५. वातावरण तथा सरसफाई

३६. सेवा प्रवाह विवरण

३७. वन क्षेत्र/नर्सरी सम्वन्धी विवरण

३८. सरकारी/सार्वजनिक जग्गाहरुको विवरण

३९. वर्तमान भू-उपयोग सम्वन्धी विवरण

४०. भुस्वामित्व सम्वन्धी विवरण

४१. मुख्य पेशा सम्वन्धी विवरण

४२. वार्षिक कृषि आम्दानीसम्वन्धी विवरण

४३. कृषि सेवा केन्द, उपकेन्द्र, कृषक समूह

४४. पशु  सेवा केन्द्र, उपकेन्द्र, कृषक समूह

४५. वार्षिक पशुपञ्छि बेचबिखनबाट आम्दानी

४६. विशेष ब्यावसायिक खेती र उत्पादन हुने मुख्य कृषि बाली

४७. खाद्यान्न आत्मार्निभरताको अवस्था

४८. गाँउपालिकाको वडागत सामाजिक स्रोत नक्साङ्कनको विवरण

४९. आर्थिक वर्ष २०७४।०७५ को पञ्जिकरणको विवरण

५०. आर्थिक वर्ष २०७४।०७५ मा  भएको नागरिकता तथा अन्य सिफारिसहरुको विवरण

५१. वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको बिनियोजन तथा खर्चको अवस्था

५२. सडक सञ्जालको विद्यमान अवस्था

५३. निर्माणधीन गाउँ स्तरीय सडकहरु

५४. गाउँपालिका कार्यलयदेखि प्रत्येक वडाकेन्द्रसम्मको दूरी

५५. गाउँपालिकाको टाढाको वस्तीबाट सम्बन्धित गा.पा.को केन्द्र पुग्न लाग्ने अनुमानित समय (घण्टा)

५६. गाउँ क्षेत्र चल्ने सवारी साधनहरुको विवरण

५७. दुर संचार सम्बन्धी विवरण

५८. झोलुङ्गे पुल/पुलपुलेसा सम्वन्धी विवरण

५९. व्यापारिक केन्द्रहरुको विवरण

६०. सामुदायिक भवनहरुको विवरण

६१. सार्वजनिक पाटीपौवा र चौतारा सम्वन्धी विवरण

६२. खेल मैदान सम्वन्धी विवरण

६३. हुलाक सेवा केन्द

६४. सिचांईको स्रोत

६५. दर्ता भएका सहकारी संस्थाहरुको विवरण

६६. बैंक तथा वित्तीय संस्था

६७. अचल सम्पती विवरण

६८. गुम्बाहरुको विवरण

६९. धार्मिक स्थल

७०. स्थानीय चाडपर्व तथा जात्रा र मेलाको विवरण

७१. गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुहरुको विवरण (वन पैदावार)

७२. औद्योगिक तथा व्यापार, व्यवसाय (निर्माण व्यवसायी समेत) सम्बन्धी विवरण

७३. सुरक्षा ईकाईहरु

७४. सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलाप

७५. व्यापारिक फर्महरुको विवरण/निर्माण व्यवसायी दर्ता भएका

७६. गाउँपालिका क्षेत्रभित्र रहेका होटलहरुको विवरण

७७. प्राकृतिक श्रोत (खानी/खनिज आदि)

७८. तालतलैया र प्राकृतिक पोखरीको नाम (सिमसार/रामसार क्षेत्र समेत)

७९. पशुपंक्षी/वन्यजन्तुको विवरण

८०. सुकुम्वासीको तथ्याङ्क

८१. स्थानीय राजनैतिक दलहरु

८२. गाउँपालिकाँग साझेदारी गरेका संघ संस्थाहरु

८३. बसपार्क वा बस स्टेशन

८४. खुला क्षेत्र

८५. गाँउ क्षेत्रभित्र रुट परमिट लिएर संचालन भएका सार्वजनिक बसहरुको विवरण

८६. प्रकोपबाट भएको क्षति सम्बन्धी विवरण (आ.व. २०७२/०७३ देखि आ.व. २०७४/०७५ सम्म)

८७. ग्रामिण विद्युतिकरण

८८. पार्क, वनस्पति तथा उद्यान सम्बन्धी विवरण

८९. गाँउ क्षेत्रभित्र गठन भएका टोल विकास संस्थानहरुको विवरण

९०. जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या विवरण

९१. विद्युत/सौर्य आयोजनाहरुको स्थिती

९२. बेरोजगारको तथ्याङ्क

९३. घर भाडामा बस्नेहरुको विवरण

९४. गाँउपालिका भित्र रहेका विशेष, संरक्षित क्षेत्रको विवरण

९५.	अनुसूचीहरु

**(पेज नम्बर राख्नुपर्ने)**

## १.	गाँउपालिकाको संक्षिप्त परिचय

पाँचपोखरी थाङ्पाल गाँउपालिका नेपालको पूरानो प्रशासनिक विभाजन अनुसार मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत सिन्धुपाल्चोक जिल्लामा र हाल प्रदेश नं.३ मा पर्दछ । पाँचपोखरी थाङ्पाल यो पालिकाको नाम प्रसिद्ध धार्मिक र पर्यटकीय स्थल पाँचपोखरी सँग जोडिएको छ । "थाङपाल" को अर्थ ह्योल्मो भाषामा "थाङ" को अर्थ स्थानीय प्राकृतिक देवीदेवताहरुको वासस्यान भन्ने बुझिन्छ, "पाल"को (श्रीवास्तव) पर्यावची शब्द मंगल पनि भन्ने बुझिन्छ । साथ साथै "थाङ" को अर्थ समथर र "पाल" को भूभाग पनि भन्ने बुझिन्छ । र पाँचपोखरी प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलसँग सम्बन्धित छ । तसर्थ, यस गाँउपालिकाको नाम यी दुई शब्दहरुको संयोजनबाट बनेको छ । पाँचपोखरी मन्दिरको निमार्ण बुम्बा रुवा वाईबाले शिकार खेल्दै यात्रा गर्ने क्रममा गरेका थिए । उनले केही मानिसहरु हिउँले ढाकिएको क्षेत्र भएपनि धान रोपिरहेका देखेँ । तिनीहरु मध्येका एक जना पुरुष बाहेक अन्य मानिसहरु गायब भएको देखेर उनी आश्चर्य चकित भए । र उनले त्यो पुरुष भगवान् शिव भएको पहिचान गरे पश्चात् पाँचपोखरी मन्दिरको निमार्ण गरेको भन्ने भनाईहरु रहेका छन् ।यो गाउँपालिकाको स्थापना २०७४ सालमा राज्यको पुर्नसंरचना सँगै भएको हो । देशीय मान चित्रमा ३०°८५'७८''देखि ३०°९७'५७'' उत्तरी अक्षांश र ३६°१८'९५'' देखि ३६°९२'९८'' पूर्व देशान्तर बिच फैलिएको यस गाँउपालिका पुर्वमा जुगल, पश्चिमा हेलम्वु गाउँपालिका उत्तर तर्फ रसुवा र लाङटाङ राष्ट्रिय निकुञ्ज साथै दक्षिण तर्फ मेलम्ची नगरपालिका र ईन्द्रावती गाँउपालिका पर्दछ । यो गाउँपालिकाका नामाकरण भएको स्थल पाँचपोखरी यहि पालिकाको वडा नं ३ भोताङ्को भौगोलिक क्षेत्र भित्रको राष्ट्रिय निकुञ्जमा पर्दछ । यो पालिकाको कुल क्षेत्रफल १८७.२९ बर्ग कि.मी. रहेको छ भने समुन्द्रीसतह बाट ४१०० मि.को उचाइमा यस पालिकाको उच्च भू-भाग पाँचपोखरी पर्दछ । नेपाल सरकारको निर्णयअनुसार साविकका बाँसखर्क, बरुवा, भोताङ्, थाङ्पालकोट, गुन्सा, थाङ्पालधाप, भोटेनाम्लाङ् र लागर्चे गा.वि.स.हरू समेटेर पाँचपोखरी थाङ्पाल गाँउपालिका घोषणा गरिएको थियो । वन, उर्बर कृषि जमिन, नदी नाला र जैविक विविधताजस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता, शिक्षित मानविय स्रोतमा वृद्धि, जनसांख्यिक लाभांशको अवसर उपलब्ध हुनु, शैक्षिक तालिम केन्द्रहरूको संचालन, पर्यटकीय गन्तव्यको लागि प्रशस्त स्थानहरु हुनु,बहुमूल्य जडिबुटीहरु प्रशस्त मात्रामा रहनु तथा धार्मिक महत्व बोकेका प्रसिद्ध स्थानहरु हुनु यस गाँउपालिकाको दिगो विकासका आधारस्तम्भका रुपमा रहेका छन् । यस गाँउपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । यस पालिकामा विद्यमान परिवेश सर्वेक्षण २०७५ अनुसार कुल

घरधुरी संख्या ७,८०३ रहेको छ । महिला १६,९६४ पुरुष १७,७३३ कुल जनसंख्या ३४,६९७ रहेको छ । घरधुरी सर्वेक्षण २०७४ अनुसार सबैभन्दा बढी तामाङ् जाति ४६५० घरधुरी (५९.५९%), दोस्रोमा क्षेत्री जाति ९७३ घरधुरी (१२.४९%), तेस्रोमा दलित जाति ५२४ घरधुरी (६.७१%)। चौथोमा नेवार जाती ४५७घरधुरी (५.८७%) क्रमशः अन्य जाति २९१ घरधुरी (३.७३%), ह्योल्मो जाति २२८ घरधुरी (२.९२%), गुरुङ् जाति १९७घरधुरी ( २.५२%), शेर्पा जाति १६१ घरधुरी (२.०६%), ब्राह्मण जाति १५७ घरधुरी (२.०१%), भुजेल जाति ९० घरधुरी ( १.१५%), दनुवार जाति ५५ घरधुरी (०.७०%) तथा मगर जाति २० घरधुरी (०.२५%)हरुको बसोबास रहेका छ ।

केही भाग ऐतिहासिक तथा धार्मिक क्षेत्रको रूपमा रहेको गाँउपालिकापर्यटकीय आकर्षणको बिन्दुमा रहेको छ, साथै प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको वैकल्पिक श्रोतको रूपमा वैदेशिक रोजगारी पनि रहेको छ । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक कृषि प्रणालीको विकल्पमा समेत लागिरहेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ । प्रायशः सबै घरमा विद्युतीकरण भएको भएतापनि भिरालो जमिन भएका कारणवर्षायाममा कहिलेकाँही पहिरोले विद्युतमा समस्या पैदा गर्ने गर्दछ । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाँउपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, ल्होसार, जनै पूर्णिमा (भदौ पूर्णिमा), देवाली, ठूलो एकादशी, मकर संक्रान्ती, तीज, होली, महाशिवरात्री, चैते दशै, रामनवमी, कृष्णजन्माष्टमी, बुद्धजयन्तीआदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ । शैक्षिक अवस्थालाई नियाल्दा साक्षर एस. एल.सी. भन्दा तल महिला ७६८६, पुरुष ८५५०, एस.एल.सी.सम्म महिला ९८६ पुरुष १२९४ उच्च शिक्षा तर्फ महिला ८०९, पुरुष ९५० जना रहेका छन् ।

## २. वडाहरुको संक्षिप्त परिचय

### १. वडा नं.१ (बाँसखर्क)

पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं. १ मा बाँसखर्क रहेको छ। १४.९७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस वडाकोपूर्वमा पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.७ र ८ (भोटेनाम्लाङ, लागर्चे), पश्चिममा हेलम्बु गाँउपालिका वडा नं. २ र ३ (किउल, पाल्चोक), उत्तरमा पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.२ (बरुवा) तथा दक्षिण तर्फ मेलम्ची नगरपालिका वडा नं.८ (दुवाचौर) अवस्थित छ। बाँसखर्कको नामाकरण कसरी रह्यो भन्ने सम्बन्धमा अधिकांश स्थानीय, बुद्धिजिवी, वृद्धवृद्धाहरु तथा स्थानीय अगुवाहरुको भनाई अनुसार परापूर्वकालमा यस ठाँउमा बाँस नै बाँस भएको र तिनै बाँसको खर्क भनिने गरेकाले यस ठाँउको नामकरण बाँसखर्क रहेको भनाई छ। अन्य केही बुढापाकाहरुको भनाई अनुसार कालको बाँसखर्कमा बाँझ प्रजातीको रुख प्रशस्त पाईन्थ्यो, तिनै बाँझ प्रजातीको रुखको खर्क सोही बाँझखर्क बाँझखर्क भन्ने ठाँउबाट नामाकरण भएको भनाई छ। यस वडामा बाँसखर्क, जतन, मन्दिगाँउ तथा डाँडदुवा जस्ता नामबाट परिचित बस्तीहरु रहेको छ। यहाँ याङरीखोर, जतनथलो, गेण्डेभ्राङ, पुजारी टोल, सेपटोल, खनालटोल आदि रहेका छन्।

यहाँन्यानो समशितोष्ण हावापानी पाईन्छ ।यहाँको तल्लो भुभागमा धान, कोदो, मकै, गहुँ र तरकारीमा काउली, बन्दा, गोलभेडा, भेडेखुर्सानी लगायतका विभिन्न तरकारी तथा खाद्यन्न बाली आदिको खेतीपाती गर्न सकिन्छ भने माथिल्लो भेगमा आलु, मुला, चिया, कफि, किवि, सुन्तला, कागती, अदुवा, बेसार, लसुन लगायतका खाद्यन्न बालीमा धान, मकै, गहुँ, कोदो आदिको खेतीपाति हुन्छ। यहाँको माथिल्लो भागमा गोब्रे सल्लो, चिलाउने, रक्त चन्दन, निगालो, आँगेरी, बाँझ, लालिगुराँस, कुटमेरो, काफल, काउलो, मेहेल, लप्सी, किम्बु, खनियु, पैंयु, कटुस, कोइरालो, इपिल, टिम्बुर, दधिलो, मौवा, गोगन  इत्यादी रुखहरु हुन्छन् भने तल्लो भेगमा साल, साज, काफल, लप्सी, सिमल, चिलाउने, उत्तिस, कोइरालो इत्यादी बोट बिरुवा तथा रुखहरु पाईन्छन्।

पाँचपोखरी थाङपाल गाँउपालिकाले २०७५ गरेको घरधुरी सर्वेक्षण अनुसार यहाँको घरधुरी संख्या ९५७ रहेको छ, कुल जनसंख्या३९७५ रहेको छ भने महिलाको संख्या १९९१ र पुरुष १९८४रहेको छ। उमेरगत जनसंख्या ५ बर्ष भन्दा तलको जनसंख्या ३०१ जना, ६ देखि १८ को ७७२ जना , १९ देखि ४५को २०४३ जना,४६ देखि ७५ को ७७३ जना तथा ७५ भन्दा माथिको जनसंख्या ८६ जना रहेको छ


Topographical Map of
Panchpokhari Thangpal Gaunpalika
Ward No-1
Legend
District Boundary
GaPa/NaPa Boundary
Feeder Road
Other Road
Trail
Motorable Road
Main Village
Designated Area
Settlement Area
Cliff
Cultivated Land
Forest
Bush
Grass
River
Stream
Contour
Scale 1:13,000
Contour Interval 40 Meters
DISTRICT LOCATION
CHINA
INDIA
Sindhupalchowk
Ward Location of Panchpokhari Thangpal GaPa
Location & Coodinates of Ward no.1
S.N. | LOCATION | EASTING | NORTHING
1 | Jatan Thala | 361895.781 | 3089625.250
2 | Jatan | 363655.969 | 3088629.250
3 | Khanal Tol | 364093.469 | 3087603.000
4 | Mardi Gaun | 363595.437 | 3086970.750
5 | Dangaduba | 362405.625 | 3085788.750
6 | Newartol | 362215.000 | 3087077.000
Features Symbol
Gumba
Health Post
Location
School
Temple
Ward Office
VEGETATION COVERED AT WARD NO.1
VEGETATION | AREA (SQ.M.) | AREA (HA.)
CULTIVATED LAND | 7216038.915 | 721.60
FOREST | 7577911.830 | 757.79
SAND/RIVER | 178541.410 | 17.85
TOTAL WARD 1 AREA | 14972492.165 | 1497.25
SCALE: AS SHOWN
REV
DRAWING NUMBER
Helambu
Melamchi
Panchpokhari Thangpal
Ward No-1
Ward No-2
Ward No-6
Ward No-7
Ward No-8
Chinde Jatan Sadak
Dubachaur- Pokhare Bhanjyang-Baskharka-Baruwa Sadak
Tipeni Ghunle- Ward office - Yanrikhor Sadak

वडा नं.१, बाँसखर्क

## २. वडा नं.२ (बरुवा)

गाँउपालिकाको वडा नं. २ मा बरुवा रहेको छ। ४६.१ वर्ग कि.मि. क्षेत्रफल रहेको यस वडाको पूर्वमा पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.३, ४ र ६ (क्रमशः भोताङ, थाङपालकोट र थाङपालधाप), पश्चिममा पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.१ (बाँसखर्क) र हेलम्बु, उत्तरमा हेलम्बु र पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.३ (भोताङ) तथा दक्षिण तर्फ पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.१ (बाँसखर्क) अवस्थित छ। यहाँको स्थानीय, बुद्धिजिवी, वृद्धवृद्धाहरु तथा स्थानीय अगुवाहरुको भनाई अनुसार शेर्पा भाषा "भ्रावाल" बाट यस ठाँउको नाम रहन गएको भन्ने बुझिन्छ, जसको अर्थ "भ्रा" भन्नाले भीर भएको ठाँउ र "वाल" भनेको बासिन्दा अर्थात भीर भएको ठाँउमा बस्ने मानिसहरु भन्नेसँग पनि सम्बन्धित रहेको छ।जस अनुसार अर्को अर्थमा नौ वटा पहरा वा भीरहरुको एकिकृत भूभागलाई "भ्रावाल" कालान्तरमा बरुवा रहन गयो। अर्को अर्थमा बरुवाको नाम सम्बोटा लिपि अनुसार डाकवाल ब्रावाल ब्रावाललाई  नेपाली भाषामा बरुवा डाक भनेको ठाँउ, स्थान, गाँउ भन्ने बुझिन्छ। कुनै एक समयमा अनिकाल लागेको बेला काँहिकतै नपाँउदा यस ठाँउमा पाएको जहाँ अन्नको भण्डार रहेको भरुहरुको ठाँउ भरुवाल बाट नै बरुवा भएको भन्ने पनि छ। त्यस्तै, तामाङ भाषाबाट यस ठाँउलाई "भ्रगु" अर्थात नौ वटा भीर मिलेर गाँउ भनेर मान्ने गरेका छन्, किनकी यस ठाँउमा धेरै नै भीरहरु पनि रहेका छन्। टिबेटियन भाषाबाट यस गाँउलाई "ढावल" भन्ने गरेको भन्ने भनाई रहेको छ, जस अनुसार "ढा" पहाड, भीर तथा "वाल" भनेको स्थानीय बासिन्दा जसको पूर्ण अर्थ भीरमा बस्ने स्थानीय मानिसहरु भन्ने बुझिन्छ। तसर्थ, जुन जुन भाषामा जे भनेता पनि समग्रमा यस ठाँउमा धेरै भीर भएको हुनाले यस ठाँउको नाम भीरसँग बढी सम्बन्धित रहेको छ। अनिकालको बेलामा पनि यहाँ धेरै अन्नबाली भएको र यहाँको मानिसहरु बरु (धनीहरु) भएकाले बरु बाट नै अपभ्रंश भएर बरुवा रहन गएको हो।

बरुवा प्राकृतिक हिसाबले विभिन्न हावापानी तथा छरिएको भुगोल भएको वडा हो। यहाँका मानिसहरु विशेष गरी तामाङ जातीहरु उत्तरी तिब्बतबाट आएको भन्ने भनाईहरु रहेको छ। यहाँ धार्मिक हिसाबले धेरै स्थानहरु रहेका छन्, विशेष गरी शेर्माथाङबाट झरेको हुनाले धेरै पवित्र झरनाहरुको स्थान पनि भनिन्छ। भोट बर्मेली भाषामा "सेर कि होजा" भनेको स्वर्ण धारा भन्ने अर्थ हुन्छ, यहीँ शब्द अपभ्रंश भएर हाल शेर्माथाङ भएको भन्ने एक थरीको भनाई छ। यहाँको अधिकांश भूभाग भीर पाखा भएता पनि तल्लो भेग (बेँसी) मा अन्बाली राम्रो फल्दछ। माथि तीर बढी जसो मकै, कोदो तथा आलुहरु पाईन्छ। यहाँका अधिकांश मानिसहरु वैदेशिक रोजगारीमा रहेको तथ्याङ् घरधुरी सर्वेक्षणले देखाएको छ। कतिपय मानिसहरु अझै पनि परम्परागत कृषिमा नै निर्भर रहेका छन्। यहाँका मुख्य बस्तीहरु सिमपानी, घ्याङटोल, ग्याङखर्क, याङ्री, बोलगाँउ, सुनचौर, रिपार तथा साल्मे हुन्। यहाँको प्रसिद्ध तथा पर्यटकीय स्थलको रुपमा आमा याङ्ग्री, छोथाङ हङजेन, डुफु, डुक्फु गुफा, शेरा फाँट र दुधकुण्ड रहेको छ।

पाँचपोखरी थाङपाल गाँउपालिकाले २०७५ गरेको घरधुरी सर्वेक्षण अनुसार यहाँको घरधुरी संख्या ८४० रहेको छ, कुल जनसंख्या ४,०३२रहेको छ भने महिलाको संख्या १,९४३ र पुरुष २,०८९ रहेको छ । यहाँ सबैभन्दा बढी ६१२ घरपरिवार तामाङ, दोस्रोमा शेर्पा ९० परिवार रहेका छन् भने सबैभन्दा कम बाहुन जातीका जम्मा २ घरपरिवार रहेका छन् ।यहाँको जनघनत्व ८७.५३ रहेको छ




VEGETATION COVERED AT WAR NO.2

| VEGETATION | AREA (SQ.M.) | AREA (HA.) |
|---|---|---|
| CULTIVATION | 8281864.17 | 828.18 |
| FOREST | 37225953.41 | 3722.60 |
| BARREN | 187885.70 | 18.79 |
| SAND/RIVER | 389564.38 | 38.95 |
| TOTAL AREA | 46085267.66 | 4608.53 |

**वडा नं. २, बरुवा**

## ३. वडा नं.३ (भोताङ)

पाँचपोखरी थाङपाल गाँउपालिकाको अर्को भौगोलिक विविधतायुक्त भूभाग भोताङ हो ।२८.६२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस वडाकोपूर्वमा लाङटाङ राष्ट्रिय निकुञ्जको क्षेत्र, पश्चिममा पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.२ (बरुवा) र वडा नं. ६ (थाङपालधाप), उत्तरमा यसै गाँउपालिकाको वडा नं.२ (बरुवा) तथा दक्षिण तर्फ पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.४ (थाङपालकोट) अवस्थित छ । भोताङ दुई शब्द “भे” र “ताङ” मिलेर बनेको बुझिन्छ । तिब्बती भाषामा “भे” को अर्थ लुकेको ठाँउ, गुप्त स्थान भन्ने बुझिन्छ भने “थाङ” ले पवित्रता जनाउँछ । यसलाई समष्टि रुपमा भन्नु पर्दा मानिसको आँखाबाट गुप्त रहेको पवित्र स्थान भन्ने बुझिन्छ । झट्ट हेर्दा भोताङको धेरै भूभाग बाहिरबाट देखिदैंन, लुकेको छ र यो शब्दको सार्थकता पुष्टि हुन्छ । कालान्तरमा जनजिब्रोमा भेताङ भोताङमा रुपान्तरण हुन गएको भन्ने बुझिन्छ । त्यस्तै, “भे” भनेको भोट (तिब्बत) र “थाङ” को अर्थ चउर(सम्म परेको भाग) अर्थ जनाँउछ भन्ने एकाथरीका मानिसहरुको भनाई रहेको छ । तसर्थ भोताङ भन्नाले सम्म परेको भोट क्षेत्र बुझिन्छ । “भो” को अर्थ भोट (तिब्बत) र “ताङ” को अर्थ भाँडा कुँडा जनाउँछ । तिब्बतबाट व्यापारीहरुले भाँडा कुँडाको व्यापार गर्दै यहाँ आएर बसेको हुनाले तामाङ भाषा अनुसार भोताङ नाम रहन गएको भन्ने विश्वास रहेको छ । त्यस्तै यस ठाँउका मानिसहरु पहिले भोट बाट आएर बसेको हुनाले यसै बाट अपभ्रंश भई भोटाङ हुदैं भोताङ रहेको भन्ने पनि एकाथरी मानिसहरुको भनाई रहेको छ तर यसको सत्यता पुष्टि हुजे खासै आधारहरु भेटिएका छैनन् ।जहाँ विभिन्न किसिमका मठ मन्दिर, प्राकृतिक सम्पदा र सांस्कृतिक धरोहर रहेका छन् । यस गाँउपालिकाको अत्यन्त रमणीय, दर्शनीय तथा ऐतिहासिक तिर्थस्थल तथा विश्वका प्रशिद्ध अग्लो स्थानमा रहेको हिमताल मध्ये नौं स्थानमा रहेको पाँचपोखरी छ, जसको उचाई ४१०० मिटर रहेको छ । जुन यस ठाँउ तथा पूरै गाँउपालिकाको गौरबको रुपमा रहेको छ । यसका अलावा यहाँ अन्य ऐतिहासिक हबेली, मानम, डुखाङ, अमिलो पानी तथा ड्रागन गुफा जस्ता महत्वपूर्ण स्थानहरु रहेका छन् । यहाँ थार्पा ग्याल्बोहरु आज भन्दा २७० वर्ष अगाडी भोटको केरुङ, माङग्योलबाट ह्याल्मु कोछालिंग हुँदै भोताङमा आएको पाईन्छ । यहाँको मुख्य बाली तथा यहाँको प्रमुख उत्पादन भनेको लेकाली आलु हो । यहाँका पनि अधिकांश मानिसहरु रोजगारीको सिलसिलामा देश बाहिर रहेका छन्, साथै यहाँका धेरै जसो मानिसहरु व्यापार व्यवसाय गर्दछन् । यहाँ वर्षेनी पाँचपोखरी धार्मिक स्थल घुम्न हजारौं आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गर्दछन् । यहाँको मुख्य बस्तीहरुमा यार्सा, ठूलो भोताङ, मजुवा, छिम्ती, म्यूगाँउ, घ्यालसिङ रहेका छन् ।

पाँचपोखरी थाङपाल गाँउपालिकाले २०७५ गरेको घरधुरी सर्वेक्षण अनुसार यहाँको घरधुरी संख्या ९५४ रहेको छ, कुल जनसंख्या ४,८१३ रहेको छ भने महिलाको संख्या २,३०३ र पुरुष २,५१० रहेको छ । यहाँ सबैभन्दा बढी ८८९ घरपरिवार तामाङ, दोस्रोमा ह्योल्मो३२ परिवार, तेस्रोमा दलित ३० परिवार र सबैभन्दा कम नेवार जातीका जम्मा ३ घरपरिवार रहेका छन् । यहाँको जनघनत्व १६८.१६ रहेको छ ।


LANGTANG NATIONAL PARK
Ward No-2
Ward No-4
Ward No-5
Panchpokhari Thangpal
Ward No-3
Legend
District Boundary
GaPa/NaPa Boundary
Feeder Road
Other Road
Trail
Bridge
Motorable Road
Main Village
Designated Area
Settlement Area
Cliff
Cultivated Land
Forest
Bush
Grass
Barren
River
Stream
Contour
Scale 1:15,000
Contour Interval 40 Meters
DISTRICT LOCATION
CHINA
INDIA
Sindhupalchowk
Ward Location of Panchpokhari Thangpal GaPa
Helambu
Jugal
Bhotekoshi
Barhabise
Melamchi
Chautara SangachokGadhi
Indrawati
Location & Coordinates of Ward no. 3
S.N. | LOCATION | EASTING | NORTHING
1 | Ward Office | 367386.187 | 3095413.250
2 | Health Post | 367158.031 | 3094852.500
3 | Haweli | 369298.844 | 3096774.500
4 | Amilo Pani | 368091.642 | 3097572.599
Features Symbol
Gumba
Health Post
Chiyan Ghar
School
Temple
Ward Office
Playground
Topographical Map of
Panchpokhari Thangpal Gaunpalika
Ward No-3
VEGETATION COVERED AT WARD NO. 3
VEGETATION | AREA (SQ.M.) | AREA (HA.)
CULTIVATION | 82435.80 | 8.24
FOREST | 26864753.12 | 2686.48
BARREN | 1308470.60 | 130.85
SAND/RIVER | 364116.39 | 36.41
TOTAL AREA | 28619775.93 | 2861.97
DRAWING NUMBER
REV

वडा नं. ३, भोताङ

## ४. वडा नं.४ (थाङपालकोट)

थाङपालकोट भू-बनौटको हिसाबले अन्य वडाहरुको दाँजोमा फरक रहेको छ किनकी यस वडामा बस्ती बस्न लायक स्थानमा धेरै नै ढुङ्गाहरु रहेको पाईन्छ । २१.८ वर्ग कि.मि. क्षेत्रफल रहेको यस वडाको पूर्वमा लाङटाङ राष्ट्रिय निकुञ्जको क्षेत्र र जुगल गाँउपालिका, पश्चिममा पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.६ ( थाङपालधाप), उत्तरमा यसै गाँउपालिकाको वडा नं.३ (भोताङ) तथा दक्षिण तर्फ पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.५ (गुन्सा) अवस्थित छ । थाङपालकोटको नामाकरणको सम्बन्धमा धेरै कुराहरु आएता पनि थाङपालकोट तीन शब्दको संयोजनबाट बनेको छ, “थाङ” भन्नाले पवित्र भूमि जहाँ यस अघि देवी देवताहरुले चर्चेको स्थान विशेष गरी बुद्ध धर्म तथा दर्शनसँग गाँसिएको स्थान तर यहाँ उल्लेखनीय कुरा के छ भने हरेक बुद्ध धर्मको आख्यानमा शिव, पार्वती, गौरी वा शंकरको चर्चा पाईन्छ । यसले दुईवटा धर्मको संगमस्थलको रुपमा पनि यस हिमाली भूभागलाई लिन सकिन्छ, जो यस थाङपालकोट पनि अलग छैन । “पाल” भनेकोश्री भन्ने छ र “कोट” भनेको चाहिँ नेपाल भुटानको लडाँईमा जंग बहादुर यसै बाटो गरी आएर तरबार गाडेर कोत पुजाको शुरु गरेको हुनाले कोटगाँउ भन्ने पनि चर्चामा छ । थाङपालकोटको एउटा भू-भागमा त्यसको अवशेषहरु अझै बाँकि छ भन्ने स्थानीय बासिन्दाहरुको भनाई छ । दाहिने पट्टि सिंह गर्जेको र देब्रे पट्टि हात्ति सुतेको जस्तो बिचमा सुमेरु पर्वत छ, जसलाई नागीं थाम डाँडा भनेर बुझिन्छ । यसको अलावाकिउल भन्ने स्थानबाट जगन्नाथ बुबा र माता श्री देवीबाट जन्मेको जेठो छोरा मणिकुमारले सपनामा देखे पश्चात् यहाँआएर खर्क(गोठहरु) चलाएको हुनाले मणि खर्क भन्दा भन्दा मानेखर्क नामाकरण भएको भन्ने भनाईहरु पनि प्रशस्त पाईन्छ ।यहाँको पर्यटकीय स्थानको रुपमा नागी थाम डाँडा, रैथानेश्वर महादेव मन्दिर, बच्छलादेवी मन्दिर, टालटुलेश्वरी मन्दिर, नाघी घ्याङ, राक्से पोखरी र भुले पोखरी आदि रहेका छन् । प्राकृतिक रुपले अति सुन्दर यस ठाँउ अलैंची खेतीको पकेट क्षेत्रको रुपमा समेत रहेको छ । यहाँको मुख्य बस्तीहरुमा रैथाने, मानेखर्क, खंलगा, नाघी घ्याङ, ढाडखर्क र कोटगाँउ, जुरान टोल, अधिकारी टोल, बस्नेत टोल, मण्डला चोक, कञ्चन टोल, मिलन चोक, सिङ्गार गाँउ टोल, पालिघ्याङ, थापा टोल, सिङ्देन टोल, घट्टे टोल, खत्री टोल, मड्किनी टोल तथा जुरान टोल आदिरहेका छन् ।

पाँचपोखरी थाङपाल गाँउपालिकाले २०७५ गरेको घरधुरी सर्वेक्षण अनुसार यहाँको घरधुरी संख्या ९७२ रहेको छ, कुल जनसंख्या ४,७०८ रहेको छ भने महिलाको संख्या २,३४० र पुरुष २,३६८ रहेको छ । यहाँ पनि सबैभन्दा बढी ५५६ घरपरिवार तामाङ, दोस्रोमा क्षेत्री १९६ परिवार, तेस्रोमा दलित ८९ परिवार, चोथौमा ह्योल्मो ७० घरपरिवार र सबैभन्दा कम ब्राह्मण जातीका जम्मा २ घरपरिवार रहेका छन् । यहाँको जनघनत्व २१५.९६ रहेको छ ।




| Location & Coordinates of Ward no. 4 | | | |
|---|---|---|---|
| S.N. | LOCAITION | EASTING | NORTHING |
| 1 | Ward Office | 367985.831 | 3091354.395 |
| 2 | Nagi Danda | 368603.898 | 3092035.963 |
| 3 | Raithane Pokhari | 368795.650 | 3090999.133 |

| VEGETATION COVERED AT WARD NO.4 | | |
|---|---|---|
| VEGETATION | AREA (SQ.M.) | AREA (HA.) |
| CULTIVATED | 5089567.38 | 508.96 |
| FOREST | 14840956.24 | 1484.10 |
| BARREN | 1641214.52 | 164.12 |
| SAND/POND | 223811.03 | 22.38 |
| TOTAL AREA | 21795549.10 | 2179.55 |

वडा नं.४, थाङपालकोट

## ५. वडा नं.५ (गुन्सा)

सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले गुन्सा धेरै पुरानो ईतिहास भएको भन्ने ग्रन्थहरुमा उल्लेख छ भन्ने एक जना हिमाली संस्कृति योल्मोका अध्येता न्हाक्पो लामा (फुर्बा सिंगी लामा) को भनाई छ । २४.२४ वर्ग कि.मि. क्षेत्रफल रहेको यस वडाको उत्तरमा पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं. ४, थाङपालकोट, दक्षिणमा पाँचपोखरी थाङपाल गाँउपालिकावडा नं. ६ को लेखर्क टार तथा वडा नं.७ भोटेनाम्लाङ, पूर्वमा जुगल गाँउपालिका र पश्चिममा पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं.६, थाङपालधाप, इन्द्रावति खोला तथा वडा नं. २, बरुवा रहेका छन् । धेरै वर्ष पहिले थाङपाल कोट र गुन्सा एउटै गा.वि.स. थिए । थाङपाल गुन्सा हुनुपर्नेमा पछि गुन्सा कोट रहन गयो । यस थाङपालमा शुरुमा गोलेहरुको पुर्खा आएर बसोबास गरेको भन्ने ईतिहास छ । लगभग १२००-१३०० ई.संवतमा गोलेहरुको आगमन गुन्सामा भएको भन्ने भनाई छ, धेरै गाई, बस्तु पाल्ने गोठाला भएकोले गोठाले शब्द अपभ्रंश भएर गोले शब्दको जन्म भएको हो भन्ने भनाई छ । गोलेहरुको पुर्खा आउँदा बाँसखर्क, बरुवा र किउलको सिमानामा पर्ने डाँडा (जसलाई गोदोज्यो भनिन्छ) बाट बोम्जन र गोलेको पुर्खाले पारी कुनामा सम्म र उज्यालो ठाँउ देखेको र को बस्ने भन्ने प्रतिस्पर्धामा तिर हान्दा गोलेको पुर्खाको थाङपाल र बोम्जनको पुर्खाको नाम्लाङ लागेको किम्बदन्ती छ । यस तीरबाट लागेको ढुङ्गा पछि सम्म रहेको थियो भन्ने विश्वास रही आएको छ । तामाङ भाषाको थाङप्ला बाट नै अपभ्रंस भई थाङपाल भएको र यस क्षेत्रमा गोलेहरुले नै राज गरेको भन्ने भनाईहरु पनि रहेका छन् ।गुन्सा नामाकरणमा एक रोचक प्रसंग छ, आज भन्दा लगभग २४० वर्ष अगाडी चारैतिर अनिकाल भएर हाहाकार भए पछि त्यसको निवारण गर्न तार्केघ्याङबाट एक जना तिब्बती मूलका लामालाई गुन्सामा झिकाईयो र उहाँलाई बुझ्न लगाउँदा ग्राम देवताहरु रिसाएको र रक्षक देवता रिसाएको, यहाँको प्रमुख देवता जगन्नाथ रिसाएको र मठ मन्दिरमा पूजा आजा राम्रोसँग नभएकोले यस्तो भएको भन्ने भयो । उहाँको नाम ख्याप्ता कर्म धुन्ज्योन (सर्वत्र नक्षत्र मतिसोधन) रहेछ । उहाँले मठ, मन्दिरको जिर्णोदार गराई महाकालको पूजा गरे पछि त्यसको प्रभावले नेपालभरमा नै राम्रो प्रभाव भयो । त्यस बापत उहाँलाई राजा पृथ्वी नारायण शाहले बिर्त्ता दिनु भएको थियो, जो अझै पनि गोरखनाथ गुठीको रुपमा कायम छ । यस प्रकार ख्याप्ता कर्म धुन्ज्योनले सबैलाई गुन लगाउनु भएकोले त्यस ठाँउको नाम गुण छ भन्दा भन्दै गुन्सामा परिणत भएको भन्ने यहाँका ज्येष्ठ नागरिक तथा फुर्बा सिंगी लामाको कथन छ । शिलापत्र भएको भू-भाग र सबभन्दा पुरानो गुम्बा भएको स्थान पनि गुन्सा नै हो । गुन्सामा एउटा ठूलो ढुङ्गा छ, जसलाई तामाङ भाषामा ( मामयुङबा) भन्छ, यसबाट नै पुरै गाँउको हरेक सुचना दिने गर्छ भन्ने जनविश्वास रहेको छ । गोलेहरुको उद्गम स्थलको रुपमा यस ठाँउलाई चिनिन्छ, साथै गाँउपालिकाको नै सबैभन्दा पूरानो तथा ऐतिहासिक महत्व बोकेको गुम्बा पनि यसै ठाँउमा पर्दछ । प्राकृतिक श्रोतको दृष्टिकोणले संभावनायुक्त  बाकेको यस वडा विकासका आधारस्तम्भका रूपमा रहेका छ । यस वडामा विशेष गरी तामाङ जातीको बाहुल्यता रहेको छ र केही मात्रामा दलित समुदाय र नेवार समुदायका पनि रहेका छन् । केही भाग ऐतिहासिक तथा बजार क्षेत्रको रूपमा रहेको वडामा साना व्यापार, तथा साना उद्योगहरु प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको

वैकल्पिक श्रोतको रूपमा वैदेशिक रोजगारी पनि रहेको छ । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक कृषि प्रणालीको विकल्पमा समेत लागिरहेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ। अधिकांश घरमा विद्युतीकरण भएको छ र विद्युतीय उपभोगको पहुँचमा रहेका छन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा सहजता हुनुले तथा बस्ती एकिकृत रुपमा रहेकाले कुनैपनि विकास निमार्णका कार्यहरुको पनि उपलब्धता हासिल भईरहेको छ ।पाँचपोखरी थाङपाल गाँउपालिकाले २०७५ गरेको घरधुरी सर्वेक्षण अनुसार यहाँको घरधुरी संख्या ६९० रहेको छ, कुल जनसंख्या ३,२७१ रहेको छ भने महिलाको संख्या १,५८२ र पुरुष १,६८९ रहेको छ । यहाँ पनि सबैभन्दा बढी ६५७ घरपरिवार तामाङ, दोस्रोमा नेवार १७ घरपरिवार र सबैभन्दा कम दलित जातीका जम्मा १६ घरपरिवार रहेका छन् । यस वडाको जनघनत्व १३४.९४ रहेको छ ।


Ward No-3
Nangsai Khola
Ward No-4
4
Labar Basti
Dhingdhingchet
Mangnewa
Mahabhir Kulo Muhan
Himali Jadibuti Udhyog
Mahabhir Khanepani Muhan
Panchpokhari Thangpal
Ward No-5
Satmule Khanepani Muhan
Honan Mane
Gunsakot
Chyan Danda
Tomsang
Kumbheshwori Aa.Bi
Shilapati
Ward Office+Healthpost
Momsang
Singun Khanepani Muhan
Dhin Khola
Chhepure Khola
Hadi Khola
Masingpakha
Tallo Masing Sichai
Chyan Danda
Ward No-6
Thasigre Oil Mill
Patri Khola Khanepani
Patri Khola
Ward No-7
Choche Danda
Jugal
5
Legend
District Boundary
GaPa/NaPa Boundary
Feeder Road
Other Road
Trail
Bridge
Motorable Road
Main Village
Designated Area
Settlement Area
Cliff
Cultivated Land
Forest
Bush
Grass
Barren
River
Stream
Contour
Scale 1:13,000
Contour Interval 40 Meters
DISTRICT LOCATION
CHINA
Sindhupalchowk
INDIA
Ward Location of Panchpokhari Thangpal GaPa
Helambu
Panchpokhari Thangpal
Jugal
Bhotekoshi
Barhabise
Melamchi
Indrawati
Chautara SangachokGadhi
Balefi
Feature Legend
Building
Gumba
Mane
Muhan
School
Topographical Map of
Panchpokhari Thangpal Gaunpalika
Ward No-5
VEGETATION COVERED AT WARD NO.5
VEGETATION | AREA (SQ.M.) | AREA (HA.)
CULTIVATED | 6530446.65 | 653.04
FOREST | 15976402.20 | 1597.64
SAND | 142730.42 | 14.27
BARREN | 1587098.59 | 158.71
TOITAL AREA | 24236677.96 | 2423.66
SCALE: AS SHOWN
REV
DRAWING NUMBER

वडा नं.५, गुन्सा

## ६. वडा नं.६ (थाङपालधाप)

पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं.६ मा थाङपालधाप रहेको छ । १३.७७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस वडाको उत्तरमा पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं. २ (बरुवा) र वडा नं.३ (भोताङ), दक्षिणमा पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं. ७ भोटेनाम्लाङ, पूर्वमा पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं. ४ (थाङपालकोट) र वडा नं.५ (गुन्सा) र पश्चिममा पाँचपोखरी थाङपाल इन्द्रावति खोला तथा वडा नं. २, बरुवा रहेका छन् । यस ठाँउको नाम "थाङ" र "पाल" बाट मिलेर बनेको छ, तामाङ भाषामा "थाङ" को अर्थ समथर, सम्म र "पाल" को अर्थ जमिन या भूभाग भन्ने बुझिन्छ । साथै "धाप" भन्नाले भाँसिने ठाँउ हो । यसको मतलब समथर जमिनले बनेको, उपत्यका जस्तो ठाँउ जुन भाँसिएको जस्तो भएका हुनाले पनि यस ठाँउको नाम थाङपालधाप रहन गयो ।  यस वडा भौगोलिक रुपमा दुई वटा डाँडा वा गाँउमा विभाजित रहेको छ । गाँउपालिकाको केन्द्रको रुपमा रहेको यस वडा प्राकृतिक रुपमा सौन्दर्य छ । यहाँको ऐतिहासिक महत्व बोकेको रुपमा जोडरोङ महादेवस्थान, लुंगादेवी, दक्षिणकाली, अमिलो पानी, गोल्मेश्वरी जस्ता ठाँउहरु रहेका छन् । यहाँको अधिकांश मानिसहरु कृषिमा निर्भर छन् । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक कृषि प्रणालीको विकल्पमा समेत लागिरहेका छन् । यहाँको मुख्य बस्तीहरुमा सिमपानी, डाँडाटोल, टार, मित्रता चोक, स्याउले, लप्से, अधिकारी टोल, लेखर्क, धिताल टोल, पौडेल डाँडा, शेरा फाँट, आमदुर्गे, आरुबोटे, चिण्डे, थुम्की, नेवार टोल, भट्टराई टोल, गैह्री टोल, सुनुवार टोल, विक टोल, चौर, मुडे आदि रहेका छन् ।पाँचपोखरी थाङपाल गाँउपालिकाले २०७५ गरेको घरधुरी सर्वेक्षण अनुसार यहाँको घरधुरी संख्या १२०७ रहेको छ, कुल जनसंख्या ५,०५० रहेको छ भने महिलाको संख्या २,४७४ र पुरुष २,५७६ रहेको छ । यहाँ पनि सबैभन्दा बढी ४२६ घरपरिवार तामाङ, दोस्रोमा क्षेत्री ३२३ परिवार, तेस्रोमा दलित १४० परिवार र सबैभन्दा कम भुजेल जातीका जम्मा १० घरपरिवार रहेका छन। यस वडाको जनघनत्व ३६६.७३ रहेको छ ।




| Location & Coordinates of Ward no. 6 | | | |
|---|---|---|---|
| **S.N.** | **Location** | **Easting** | **Northing** |
| 1 | Thamdanda | 367414.844 | 3087147.250 |
| 2 | Gai Paile | 364265.812 | 3086812.750 |
| 3 | Community Building | 365659.625 | 3088852.250 |
| 4 | Gaunpalika Office | 365593.906 | 3087643.750 |

| VEGETATION COVERED AT WARD NO.6 | | |
|---|---|---|
| VEGETATION | AREA (SQ.M.) | AREA (HA.) |
| CULTIVATED | 8607013.073 | 860.70 |
| FOREST | 4905366.30 | 490.54 |
| SAND/POND | 256560.49 | 25.66 |
| TOTAL AREA | 13768939.88 | 1376.89 |

SCALE: AS SHOWN | REV

DRAWING NUMBER

वडा नं.६, थाङपालधाप

## ७. वडा नं.७ (भोटेनाम्लाङ)

यस गाँउपालिका अर्न्तगत वडा नं.७ मा भोटेनाम्लाङ रहेको छ । २१.१२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस वडाको उत्तरमा पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं. ६, गाँउपालिकाको कार्यलय, दक्षिणमा पाँचपोखरी थाङपाल गाँउपालिकावडा नं. ८, लागर्चे, पूर्वमा चौतारा साँगाचोकगढी नगरपालिका, ईन्द्रावती गाँउपालिका र जुगल गाँउपालिका र पश्चिममा पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं.१, बाँसखर्क र इन्द्रावती नदी रहेका छन् । यस वडाको नामाकरण सम्बन्धमा स्थानीय मानिसहरुको धारणा विविध प्रकार रहेको पाइन्छ ।लिस्तीको गुम्बामा लामाको अभाव रहेकोले, चिरी गुम्बाको लामा खामसुङ्ग वाङदी लाई लिस्ती पौवाको मानिसहरु बलजफत गरेर ल्याउँदै गर्दा नाम्लाङ आई पुग्दा उज्यालो (बिहान) भएकोले तिब्बती भाषामा "नाम" भनेको बिहानी नाम्लाङ्गसी भन्नाले उज्यालो ठाँउ भन्ने कथन अनुसार यस ठाँउको नाम भोटेनाम्लाङ्ग भएको हो । त्यस्तै, स्थानीय जेष्ठ नागरिकहरुको भनाई भने अलि भिन्न खालको छ । उनीहरुको भनाईमा यसै जिल्लाको हेलम्बु बाट 'हेल्मो' मुलका शेर्पा जातीका मानिसहरु परापूर्व कालमा नुन लिन तिब्बत जाँदा हालको नाम्लाङमा रातीको समयमा बास बसेको र बिहानै उठेर हिँड्ने तरखर गर्दै उज्यालो भईसकेको भनेर जाउँ भन्दै समुहको नेताले हेल्मो भाषामा नाम्लाङ्गसी (उज्यालो भयो) भन्दा यस स्थानको नाम नाम्लाङ्गसी रहन गयो । नाम्लाङ्गसी नै कालान्तरमा अपभ्रंश भै नाम्लाङ्ग रहन गयो भन्ने भनाई पनि छ । यस वडामा तामाङ जातिको बाहुल्यता रहेको छ । यी तामाङहरु चीनको स्व–शासित क्षेत्र तिब्बतको भोटबाट बसाईसराई गरेर यस वडाको साबिकका वडा नं.७ र ८ को नामलाङ भन्ने स्थानमा आई बसोबास गरेको हुनाले यस वडाको नामाकरण पनि भोटेनाम्लाङ रहन गएको हो भन्ने जनधारणा छ । शैक्षिक तर्फ आधारभूत विद्यालय संख्या ३ र माध्यामिक विद्यालय २ गरि जम्मा ५ वटा शिक्षण संस्थाहरू संचालित छन् । प्राकृतिक श्रोतको दृष्टिकोणले संभावनायुक्त बाकेको यस वडा विकासका आधारस्तम्भका रूपमा रहेका छ । यस वडामा विशेष गरी तामाङ जातीको बाहुल्यता रहेको छ र केही मात्रामा दलित, क्षेत्री, दनुवार, सन्यासी, भुजेल, गुरुङ, शेर्पा, नेवार समुदायका पनि रहेका छन् । यस वडामा तामाङ, गुरुङ, शेर्पा र नेपाली भाषीहरु रहेका छन् ।गाँउपालिकाले हालसालै गरेको घरधुरी सर्वेक्षण अनुसार सबैभन्दा बढी तामाङ जाति ६४० घरधुरी, दोस्रोमा सन्यासी जाती १८० घरधुरी, क्रमशः गुरुङ १३६ घरधुरी, नेवार १२५ घरधुरी, दलित ११३ घरधुरी, क्षेत्री ९९ घरधुरी, भुजेल ४८ घरधुरी, दनुवार ४० घरधुरी, शेर्पा ३० घरधुरीहरु गरी को बसोबास रहेको छ । यस वडाको मुख्य बजारको रुपमा तिपेनी बजार हो । यसका साथै वडामा साना व्यापार, तथा साना उद्योगहरु प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको वैकल्पिक श्रोतको रूपमा वैदेशिक रोजगारी पनि रहेको छ । विभिन्न जातजातीहरुको मिश्रित बसोबास रहेको यस वडामा विशेष गरी दशैं, तिहार, ल्होसार, उघौली, उभौली, बुद्धजयन्ती, माघेसक्रान्ती, महाशिवरात्री आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ । यस ठाँउको मुख्य बस्तीहरुमा तिपेनी, माझिरुम्टी, भोटेगाँउ, छाप, पण्डित टोल, देवीथान, सिलवाल टोल, भुजुङ्गे टोल, सार्की टोल, गुरुङ टोल, दनुवार गाँउ र फाप्रे रहेका छन् । यहाँको जनघनत्व २५६.७२ रहेको छ ।


Topographical Map of
Panchpokhari Thangpal Gaunpalika
Ward No-7
Panchpokhari Thangpal
Ward No-7
Ward No-1
Ward No-2
Ward No-5
Ward No-6
Ward No-8
Jugal
Indrawati
Melamchi
Ghyantol
Kaphale
Tipeni
Kotnamlang
Bhote Namlang
Thulo Chihan Danda
Gobre
Mahadev Khola
Namlan Khola
Sagu Khola
Features Legend
Community Building
Gumba
Healthpost
School
Temple
Legend
District Boundary
GaPa/NaPa Boundary
Feeder Road
Other Road
Trail
Bridge
Motorable Road
Main Village
Designated Area
Settlement Area
Cliff
Cultivated Land
Forest
Bush
Grass
Barren
River
Stream
Contour
Scale 1:15,000
Contour Interval 40 Meters
DISTRICT LOCATION
CHINA
INDIA
Sindhupalchowk
Ward Location of Panchpokhari Thangpal GaPa
Helambu
Jugal
Bhotekoshi
Barhabise
Melamchi
Indrawati Chautara SangachokGadhi
VEGETATION COVERED AT WARD NO.7
VEGETATION | AREA (SQ.M.) | AREA (HA.)
CULTIVATED | 8735975.12 | 873.60
FOREST | 12271115.92 | 1227.11
BARREN | 44352.47 | 4.44
SAND | 57932.34 | 5.79
CLIFF | 8014.06 | 0.80
TOTAL AREA | 21117389.88 | 2111.74
DRAWING NUMBER

वडा नं.७, भोटेनाम्लाङ

## ८. वडा नं.८ (लाँगर्चे)

राजधानी काठमाण्डौं सँग जोडिएको सिन्धुपाल्चोक जिल्लाको उतर पश्चिम भेगामा पर्ने पाँचपोखरी थाङपाल गाँउ पालिकाको वडा न. ८ को मनोरम सुन्दर गाँउ हो लांगर्चे । भु-बनावटको आधारमा उच्च स्थान, भिरालो भु-बनोट रहेको छ। अध्ययन, इतिहास किबदन्तिका अनुसार लांगर्चेको नाम तामाङ भाषा बाट रहन गएको पाइन्छ । तामाङ्ग भाषा अनुसार लांगर्चे भन्ने शब्द लाङ्ग+चेतबाट बनेका हो । "लाङ्ग"को नेपाली भाषामा अर्थ हुन्छ गोरु र "चेत"को नेपाली अर्थ हुन्छ खर्क हुने भएकोले लाङ्गचेताको अर्थ गोरु चराउने खर्क भन्ने वुझिन्छ । पछि सो लांगचेत अपभ्रश भइ लांगर्चे रहन भन्ने भनाइ छ। अर्को मत अनुसार तामाङ्ग भाषको लाच अर्थात ला देवता( भगवान) च भनेको भनेको चढाउने ठाउँ भन्ने हुन्छ त्यसैले भगवान बेत्राबतीलाई देवीलाई चढाएको ठाउँ भएकाले त्यसको नाम लांङचे पछि लांगर्चे रहन गयो भन्ने किम्बदन्ती पाइन्छ। लांगर्चेको जातिय हिसाबले क्षेत्री समूदायको बाहुल्यता रहेको पाइन्छ जसअनुसार क्षेत्री २९१ जना रहेका छन उनीहरु प्रायजसो पेशाको हिसावले कृषीमा निर्भर छन वडाको तल्लो खाल्डे खोलाको भू-भाग देखि माथिल्ले लप्से सम्म छरिएर रहेका छन । धर्मको हिसाबले हिन्दु मान्दछन र हिन्दु धर्मको संस्कारअनुसारको चाडपर्व रीतिरिवाज परम्परा मान्ने गर्दछन । जातीय हिसाबले दोस्रो स्थानमा तामाङ जाति पर्दछन जसको संख्या २२२ जना छन धर्मको हिसाबले सबै बौद्ध मान्दछन यसै अनुसार सबै संस्कार, रीतिरिवाज, कर्म गर्दछन तामाङ्ग जातिहरु लांगर्चेको लप्से भेगमा बाहुल्यता रहि आएको छ ।

बाहुन जाति वडा न.८ मा जम्मा ६७ घरधुरी छन जसमध्ये केही मात्रामा पुरोहि काम पनि गर्दछन प्राय भने कृषिमा नै निर्भर छन । यहाँ जम्मा नेवार संख्या १ जनामात्र रहेको छन धर्म हिन्दु मान्ने र व्यापारकोसिलसिलामा लांगर्चे आएर पाइन्छ । भूजेल जाति २८ परिवार छन पेशाको हिसावले कृषि र धर्मको हिसावले क्रिश्चियन र हिन्दु मान्दछन । गुरुङ जातिको जम्मा २८ जना सुनखानी भन्ने स्थानमा बस्दछन राडि पाखि र कृषिमा निर्भर भएका यी जाति हिन्दु र बौद्ध मान्दछन । माथिल्लो भेग ओखेनीमा शेर्पा जाति बसोवास गर्दछन्, जसमा ३९ परिवार बस्छन र कृषि, पशुपालन गर्ने गर्छन् । यहाँको मुख्य बस्तीहरुमा ओखेनी, ओडारे, घ्याङटोल, गुरुङ टोल, लप्से, कोटगाँउ, आँगे, पूराना गाँउ, लाँगर्चे, तिपेनी, खाल्डेखोला आदि रहेका छन् । यहाँको जनघनत्व २०५.५१ रहेको छ । यहाँको प्रमुख पर्यटकीय स्थलको रुपमा हल्लिने ढुङ्गा (लाँगर्चे र ईन्द्रावती गाँउपालिकाको सिमानामा) , बेत्रावती मन्दिर, ओखेनी पर्यटकीय गाँउ आदि रहेका छन् ।




| VEGETATION COVERED AT WARD NO.8 | | |
|---|---|---|
| VEGETATION | AREA (SQ.M.) | AREA (HA.) |
| CULTIVATED | 8555481.79 | 855.55 |
| FOREST | 7984583.38 | 798.46 |
| BARREN | 13448.00 | 1.34 |
| SAND/RIVER | 118003.79 | 11.80 |
| TOTAL AREA | 16671516.94 | 1667.15 |
| SCALE: AS SHOWN | | REV |
| DRAWING NUMBER | | |

वडा नं.८, लाँगर्चे

## ३.भौगोलिक स्वरुप

### क)प्रमुख नदीनाला/खोलाहरु

यस गाँउपालिका भित्र विभिन्न किसिमका साना ठूला गरी धेरै नै नदीनाला तथा खोलाहरु रहेका छन् । इन्द्रावती,हाँडीखोला, याङ्री खोला, महादेव खोला, तिपेनी खोला, खाल्डे खोला, लार्के खोला, पतेरी खोला, छेपारे खोला, याङ्री खोला, चिसापानी खोला, छहरे खोला, ताँगु, चित्रे, ग्युङ्गर आदि रहेका छन् ।

### ख)ताल तलैया तथा झरनाहरु

यस क्षेत्रमा रैथाने पोखरी, पाँचपोखरी कुण्ड, टोप्के झर्ना, राक्से पोखरी, भुले पोखरी, ढुकु पोखरी, दुधकुण्ड, भुत्ते छाङ्गाका छहरा, ग्युङ्गर झर्ना, मङदुङ झर्ना, वाङबीजाङ लगायतका पोखरी तथा झरनाहरु रहेका छन् ।

### ग) हावापानी

भौगोलिक विविधताका कारण गाँउपालिकाको विभिन्न क्षेत्रको हावापानीमा पनि विविधता रहेको पाइन्छ । उचाईको वृद्धिसँगै चिसोको मात्रामा पनि वृद्धि हुँदै जान्छ । यहाँ तातो हावा बहने बेसींदेखि चिसो हावा चल्ने डाँडाकाडाँहरु रहेका छन् । यस गाँउपालिकामा विशेष गरी तीन प्रकाको हावापानी पाइन्छ ।

### अ) लेकाली हावापानी

१३००० फिटदेखि १६००० फिटसम्मको उचाईमा यस किसिमको हावापानी पाईन्छ । यो भू-भाग खेतीको  लागि त्यती उपयुक्त छैन । हिउँदमा हिउँको कारण केही गर्न नसके तापनी वर्षायाममा भने भेडा, च्याङ्गा, चौरी चराउनको लागि यो ठाँउ उपयुक्त छ । हावापानी ज्यादै चिसो हुने हुनाले यहाँ मानिसको बस्ती त्यती भेटिदैँन ।

### आ) समशितोष्ण हावापानी

७००० फिटदेखि १३००० फिटसम्मको उचाईमा यस किसिमको हावापानी पाईन्छ । यस क्षेत्रमा चौँरी, भेडा, च्याङ्ग्रा पाल्नुका साथै आलु खेतीको लागि यो खालको हावापानी राम्रो मानिन्छ । हिउँदमा चिसो र वर्षामा न्यानो हुने हुनाले यस्तो हावापानी भएको क्षेत्रमा कम घना बस्तीहरु पाईन्छन् । यहाँ धुपी, सल्ला, गुँरास जस्ता बोटबिरुवा पाउनाको साथै खाद्यान्न, तरकारी तथा नगदेबालीको खेती गर्ने गरिन्छ ।

### इ) अर्धउष्ण हावापानी

२५०० फिटदेखि ७००० फिटसम्मको उचाईमा यस प्रकारको हावापानी पाईन्छ । जाडोमा त्यती जाडो नहुने र गर्मीमा पनि धेरै गर्मी नहुने यो क्षेत्र खाद्यान्न, तरकारी तथा फलफूल बाली उत्पादनको लागि ज्यादै उपयुक्त छ। यहाँ साल, सल्ला, लाँकुरी, चाँप, आँप, चिलाउने, उतिस, कटुस, फलाट, लप्सी, कोइराला, आदि जस्ता बोटबिरुवाहरु पाईन्छन् । कृषि तथा पशुपालनको लागि यो क्षेत्र अति नै उपयोगी छ ।

## ४. गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016




पाँचपोखरी थाङपाल गाँउपालिकाको टोपोग्राफिकल नक्सा

## ५. गाँउपालिकाको संगठनात्मक ढाँचा

गाउँसभा → लेखा, विद्यायन, सुशासन तथा अन्य समिति

गाउँ कार्यपालिका → आर्थिक विकास, सामाजिक विकास,पुर्वाधार विकास र वातावरण तथा विपद व्यवस्थापन समिति

अध्यक्ष

उपाध्यक्ष → न्यायिक समिति

प्रमुख प्रशासकिय

**प्रशासन, योजना तथा अनुगमन शाखा**

प्रशासन इकाइ

ना.सु रा.प.अनं. प्र.(प्र.)/ अधिकृत छैठौ/

सहायक पाँचौ-१

आर्थिक प्रशासन इकाइ

ले.पा. रा.प. अनं.प्र.( लेखा) -१

सह ले.पा.रा.अन.प्र.द्धि/सहायक पाँचौ/चौथो - १

राजस्व इकाई

ना.सु. रा.प.अनं.(प्र)/अधिकृत छैठौ/सहायक पाँ चौ-१

योजना तथा अनुगमन इकाइ

ना.सु.रा.प.अनं.प्र(प्र.)/अधिकृत छैठौं/सहयोग पाँचौ १

कानुनी मामिला ईकाई

ना.सु.रा.प.अनं.प्र.( प्रशासन/न्याय)/अधिकृत छैठौ /सहायक पाँचौ-१

वडा कार्यालय

ना.सु.रा.प.अनां.प्र(प्र)/खरिदार रा.प.अनं. द्धि( प्र)/अधिकृत छैठौ/ सहायक पाँचौ /चौथौ-१

सव.इन्जि रा.प.अनं. प्र(प्रा) अधिकृत छैठौ/ सहायक पाँचौ/ अ.सब इन्जि/ सहायक चौथौ-१

**पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

ईन्जिनियर (रा.प.तृ.प्रा) सिभिल, जनरल/ वि.आ./ स्यानीटरी/

सिचाई/ हाईवे वा अधिकृत - इन्जि.)(छैठौ/ सातौ/ आठौ)- १

सडक तथा अन्य पर्वाधार

सव-ईन्जि,

रा.प.अनं.(प्रा.)सिभिल,जनरल) वा ईन्जियर छैठौ सव ईन्जिनियर.पाँचौ-१

भवन तथा मापदण्ड कार्यान्वयन इकाइ

सव-ईन्जि.(आर्किटेक्ट वा सिभिल).रा.प.अनं.प्र. (प्रा.) वा ईन्जिनियर छौठौ सब ईन्जिनियर.पाँचौ-१

वतावरण सरसफाई तथा विपद व्यवस्थापन इकाइ

ना.सु. रा.प.अनं. प्रथम वा अधिकृत छैठौ/ सहायक पाँचौ-१

**सामाजिक तथा आर्थिक विकास शाखा**

ना.सु रा.प.अनं.( प्र.) वा अधिकृत छैठौ/ सहायक पाँचौ-१

सामाजिक सुरक्षा तथा पन्जिकरण इकाइ

ना.सु, रा.व.अनं.प्र./अधिकृत छैठौ

सहायकस्तर पाँचौ-१

महिला, बालबालिका तथा समाज कल्याण इकाइ

ना.सु, रा.प.अनं.प्र/.म.वि.नि./रा .प.अनं.द्धि.प्र.वा सहायक पाँचौ/चौथो-१

-प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी

-पर्यटन केन्द्र

-घरेलु तथा साना उद्योग

-कृषि सेवा केन्द्र /पशु सेवा केन्द्र

- अन्य

**शिक्षा, युवातथा खेलकुद शाखा**

शा.अ.(शिक्षा /प्रशासन ) रा.प.तृ. वा अधिकृत ( छैठौ/ सातौ/ आठौं) -१

प्र.स./ना.सु. ( रा.प.अनं.प्रथम) वा सहायक पाँचौ-१

-बाल विकास केन्द्र

-विद्यालय

-खेलकुद समिति/केन्द्र

-युवा विकास समिति

-स्थानीय स्तरका प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र आदि

**आन्तिरिक लेखा परिक्षण इकाइ**

आन्तिरिक लेखा परिक्षक, रा.प.अनं. प्रथम /सहायक पाँचौ-१

## ६. गाउँपालिकाका हालका भवनहरु

| क्र.स. | वडाको नाम | भवनको प्रकृति : वटा | | | गापाको वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | वटा | कच्ची | पक्की | | |
| १ | बाँसखर्क | १ | १ | | १ | |
| २ | वरुवा | १ | १ | | २ | |
| ३ | भोताङ | १ | १ | | ३ | |
| ४ | थाङपालकोट | १ | १ | | ४ | |
| ५ | गुन्सा | १ | १ | | ५ | |
| ६ | थाङपालधाप | १ | १ | | ६ | |
| ७ | भोटेनाम्लाङ | १ | १ | | ७ | |
| ८ | लाँगर्चे | १ | | १ | ८ | |

**स्रोतः वडागत सूचना (२०७५)**

## ७. गाउँपालिकाले सञ्चालन गरेका प्रमुख कार्यक्रम तथा योजनाहरु

**गाउँपालिकास्तरीय योजनाहरु**

**सडक तथा पूर्वाधार**

| क्र.सं. | योजना/आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | निर्माणाधीन विद्यालयका भवनहरु, गुम्बा, मठ मन्दिर, सामुदायिक भवनहरुको निर्माण कार्यक्रम सम्पन्न गराउनका लागि विशेष अभियान सञ्चालन | |
| २ | गुन्सा शाखा सडक, चक्रपथ निर्माण तथा व्यवस्थापन | |
| ३ | हाइड्रोपावर निर्माण | |
| ४ | सडक डिपीआर | |
| ५ | विद्युत मर्मत संभार कोष | |
| ६ | पाँचपोखरी पर्यटन मार्ग (मेलम्ची-भोताङ) मर्मत | |
| ७ | दुवाचौर पोखरे भञ्जयाङ बाँसखर्क बरुवा सडक | |
| ८ | आमा याङ्री पर्यटन मार्ग (मेलम्ची-क्यौरेनी-बाँसखर्क-बरुवा-याङ्री) स्तरोन्नती | |
| ९ | पालिकाका सबै सडकहरुलाई हरियाली सडक | |
| १० | मानेखर्क अस्पतालदेखि नागीडाँडासम्मको सडकलाई फराकिलो बनाई व्यवस्थित पर्यटन मार्ग | |

| | | |
|---|---|---|
| ११ | गुन्सा-च्योच्यो डाँडासम्मको सडकलाई फराकिलो बनाई व्यवस्थित पयर्टन मार्ग | |
| १२ | हरेक वडामा सार्वजनिक शौचालय निर्माण | |
| १३ | गाउँपालिका केन्द्र जोड्ने सडक (गाइपाइले देखी गुन्सा सम्म) स्तरोन्नती तथा ग्राभेलिङ | |
| १४ | गा.पा केन्द्र देखि लेखर्क, भोटेनाम्लाङ्ग, गोब्रे सडक स्तरोन्तती | |
| १५ | छिम्ती ग्याल्सिम सडक | |
| १६ | तिपेनी, भोटेनाम्लाङ्ग हुदै वडा कार्यालय सडक | |
| १७ | तिपेनी देखि लाँगर्चे वडा कार्यालय सडक | |
| १८ | खाल्डेखोलामा स्वागतद्धार निर्माण (पक्की) | |
| १९ | चिण्डे जतन सडक | |
| २० | घुम्लेपाखो, वडा कार्यालय हुदै याङ्ग्री खोर सडक | |
| २१ | सिमपानी महांकाल सडक | |
| २२ | याङ्ग्री डाले वाङदाङ गाङखर्क लखाङ सडक | |
| २३ | बोलगाउँ साल्मे सेर्माथाङ्ग सडक | |
| २४ | फ्याफुल्ला चिलाउने सडक | |
| २५ | ढाँडखर्क मानेखर्क सडक | |
| २६ | गाउँपालिका जाने वैकल्पिक मार्ग | |
| २७ | सामुदायिक भवन निर्माण | |
| २८ | खानेपानी आयोजना | |
| २९ | ऐतिहासिक क्षेत्रहरुमा भ्युटावरको निर्माण लाँगर्चे, बाँसखर्क गोज्योओ भ्यूटावर | |
| ३० | खेल मैदान निर्माण | |
| ३१ | आमा याङग्री पर्यटन मार्ग | |
| ३२ | केन्द्रीय विधुतिकरण बरुवा | |
| ३३ | चार घट्टे सोले मोटर बाटो लागर्चे | |
| ३४ | ढाँड खर्क हुदै पौडेल डाँडा मोर बाटो | |
| ३५ | कोट गाउँ लप्से सुनखानी भञ्ज्याङ डाँडा सडक | |
| ३६ | ककनी थाम डाँडा जोम्राङ महादेव स्थान मेटर बाटो | |

| | | |
|---|---|---|
| ३७ | चिन्डे देउराली मन्दीगाँउ मोटर बाटो | |

**कृषि तथा पशु विकास**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | व्यवसायिक नगदेवालीलाई प्रबर्द्धन गर्न गाउँपालिका भित्रका बडाहरुमा उचाई र जमिनको प्रकृति अनुरुप गाउँपालिकाको विशेष पहिचानका लागि किवी, चिया, आलु र मूला ***उत्पादन कार्यक्रम*** | |
| २ | हरेक वडामा ५ वर्ष भित्र कृषि उपज संकलन तथा शीत भण्डारण स्थलको स्थापना | |
| ३ | खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न धान, मकै, गहुँ, र आलु उत्पादक किसानहरुलाई उत्पादन बृद्धि परिमाणको आधारमा प्रोत्साहन | |
| ४ | तरकारी, मसलाबाली, फलफूल, जडिबुटि तथा पोसिलो घाँसको विऊ एवं विरुवा सुलभ मूल्यमा वितरण | |
| ५ | खाली जमिनको उपयोग गरि कृषकको आम्दानीमा वृद्धि गर्न ***सिम-खोल्सामा अलैचि : कान्ला-पाखामा अम्रिसो*** | |
| ६ | प्राङ्गारिक मल कारखाना स्थापना | |
| ७ | गाउँपालिकाभित्र अर्गानिक तरकारी खेतीको विशेष कार्यक्रम | |
| ८ | गाउँपालिका स्तरमा उन्नत स्तरको पशु व्यवसायको स्थापना | |
| ९ | भेडा, बाखा, चौंरी पालनलाई विशेष जोड दिइनेछ। जसको निमित्त अनुदान | |

**स्वास्थ्य**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | यसै आ.व.बाट प्रत्येक स्वास्थ्यचौकीमा महामारी कोषको व्यवस्था | |
| २ | ७० बर्ष माथिका बृद्धबृद्धालाई बृद्धभत्ता वितरणको दिनमा निःशुल्क स्वास्थ्य | |

| | | |
|---|---|---|
| | परीक्षण | |
| ३ | महिला स्वयंसेविकाहरुका लागि प्रोत्साहन भत्ता सहित स्वयंसेविका दिवसका दिन पुरस्कार कार्यक्रम | |
| ४ | जुम्ल्याहा बच्चा जन्माउने आमालाई पोषक तत्व व्यवस्थापनका लागि एकमुष्ट रु. १०,०००।- सम्म आर्थिक सहायता | |
| ५ | गर्भवती महिला नियमित जाँच गराई स्वास्थ्य संस्थामा सुत्केरी गराउनेलाई **एक क्रेट अण्डा** निःशुल्क वितरण | |
| ६ | स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरी अनुगमन व्यवस्था | |
| ७ | वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टरहरु सहित स्वास्थ्य शिविर (आँखा, दाँत, प्रजनन, महिला सम्बन्धी लगायत) सञ्चालन | |
| ८ | स्थानीय जडिबुटी र ज्ञानलाई प्रबर्द्धन | |
| ९ | प्रत्येक व्यक्तिले वर्षमा एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग पहिचान भएका व्यक्ति | |
| १० | समयमै स्वास्थ्योपचार गराउन सहजिकरण गर्नको लागि आवयक कार्यक्रम | |
| ११ | स्वास्थ्यमा पहुँच नपुगेका क्षेत्रहरुमा गाउँघर क्लिनिक | |
| १२ | विद्यालय स्वास्थ्य कार्यक्रम | |
| १३ | रेडियो मार्फत गाउँ सामुदायिक स्वास्थ्य कार्यक्रम | |
| १४ | खुडे जन्मिएका बालबालिकाहरु अप्रेशन गर्दा अस्पतालसम्मको यातायात खर्च | |
| १५ | औषधी खरिद | |

**शिक्षा**

| क्र.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | नमुना विद्यालय विशेष अनुदान | |
| २ | आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कार | |
| ३ | प्राबिधिक शिक्षा अध्ययन गर्न चाहने बिद्यार्थीहरुलाई आंशिक छात्रबृत्ति । यसका लागि शैक्षिक बिकास कोष स्थापना | |
| ४ | **अनाथ, असहाय, अपाङ्गता भएका विद्यार्थीहरुलाई उच्च शिक्षासम्मको अध्ययनका लागि छात्रवृत्ति** | |
| ५ | **पालिकाका उत्कृष्ट छात्रछात्राहरु स्नातकोत्तर र विद्यावारिधि गरेका विद्यार्थीलाई** | |

| | | |
|---|---|---|
| | **प्रोत्साहन** | |
| ६ | हरेक विद्यालयमा बालविकास कार्यक्रम उच्च प्राथमिकताका | |
| ७ | विद्यालयहरुको बिषयगत नतिजा सुधार गर्न शिक्षकहरुलाई Subject Teaching Methods Training को व्यबस्था | |
| ८ | विभिन्न संघसंस्था र आयोजनाहरुको सहयोगमा गाउँपालिकामा एक प्राबिधिक शिक्षालय स्थापना | |
| ९ | विद्यार्थीहरुको व्यक्तित्व विकासको लागी रचनात्मक कार्यक्रम | |
| १० | शैक्षिक बेरोजगार तथ्याङ्क संकलन | |
| ११ | आधारभूत तहसम्म मातृभाषा कक्षा/गोन्पा शिक्षा सञ्चालन | |
| १२ | सेवा अवधि हेरी स्थायी शिक्षकहरुलाई विशेष सुविधा दिई बिदाई | |
| १३ | लामो समयसम्म शिक्षा क्षेत्रमा योगदान पुऱ्याउनुहुने शिक्षकलाई सम्मान | |
| १४ | विद्यालय मर्मत संभारकोष | |

**सिंचाई, खानेपानी, सरसफाइ**

| **क.सं.** | **कार्यक्रम /आयोजनाको नाम** | **विनियोजित बजेट** |
|---|---|---|
| १ | खानेपानी आयोजना | |
| २ | प्रत्येक वडा कार्यालय र सार्वजनिक स्थानमा डस्टबिनको व्यवस्था | |

**वन, वातावरण तथा भू संरक्षण**

| **क.सं.** | **कार्यक्रम /आयोजनाको नाम** | **विनियोजित बजेट** |
|---|---|---|
| १ | भूक्षय नियन्त्रण | |
| २ | पालिका स्तरमा एक व्यवस्थित नर्सरी | |

**आर्थिक विकास**

| **क.सं.** | **कार्यक्रम /आयोजनाको नाम** | **विनियोजित बजेट** |
|---|---|---|
| १ | व्यवसायिक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम, यन्त्रउपकरण सहयोग र अवलोकन भ्रमणको समेत व्यवस्था | |
| २ | खेर गइरहेको श्रमलाई उत्पादनमा जोड्न ***हाते सिपमुलक लघु उद्यम कार्यक्रम*** | |

| | | |
|---|---|---|
| | सञ्चालन | |
| ३ | बैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्यांक संकलन | |
| ४ | हाटबजार | |
| ५ | व्यवसायिक खेती, उद्योग सञ्चालनमा विशेष जोड दिइनेछ। | |

**संस्कृति तथा पर्यटन**

| **क.सं.** | **कार्यक्रम /आयोजनाको नाम** | **विनियोजित बजेट** |
|---|---|---|
| १ | पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई पर्यटन प्रबर्द्धनको गन्तव्यको रुपमा विकास गर्न एक पर्यटन बोर्डको गठन र व्यवस्थापन | |
| २ | ऐतिहासिक क्षेत्रहरुमा भ्युटावरको निर्माण लाँगर्चे | |
| ३ | **बहुआयामिक साँस्कृतिक होमस्टे** | |
| ४ | बञ्जिजम्प, प्याराग्लाइडिङ, रक क्लाइङि, पदमार्ग जस्ता पर्यटनसँग सम्बन्धित पूर्वाधारहरुको सम्भाव्यता अध्ययन | |
| ५ | धार्मिक, सांस्कृतिक महत्व बोकेको क्षेत्र पाँचपोखरीमा केबलकारको विस्तृत DPR (डिपीआर) तयार गर्न | |
| ६ | नागीघ्याङमाथिको नागीथामडाँडामा प्याराग्लाइडिङका साथ उद्यान केन्द्र निर्माण | |
| ७ | ड्रयागन गुफा, हबेली, अमिलोपानी जस्ता स्थानहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास | |
| ८ | पर्यटन प्रबर्द्धको लागि पाँचपोखरी म्याराथुन | |

**यूवा तथा खेलकुद**

| **क.सं.** | **कार्यक्रम /आयोजनाको नाम** | **विनियोजित बजेट** |
|---|---|---|
| १ | गाउँपालिका स्तरमा खेलकुदको विकास, विस्तार गर्न पालिका स्तरमा खेलकूद परिषद् स्थापना | |
| २ | खेल मैदान निर्माण | |
| ३ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा पदक बिजेताहरुलाई विशेष सम्मान साथै गाउँपालिका भित्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने खेलाडीहरुलाई प्रोत्साहनको लागि खेलकूद नियमानुसार आर्थिक सहयोग | |

| | | |
|---|---|---|
| ४ | यूवाहरुलाई सकारात्मक सोच र सुनौलो भविश्यको भावना जागृत गराउन क्यारियर काउन्सिलीङ कार्यक्रम | |
| ५ | अध्यक्ष कप रनिङ्गशिल कप आयोजना | |

**सुशासन**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | रेडियो कार्यक्रम | |
| २ | सार्वजनिक सुनुवाई | |
| ३ | पत्रपत्रिका | |
| ४ | सडक नाटक | |
| ५ | विद्युतीय हाजिरी मेसिन | |
| ६ | इन्टरनेट | |
| ७ | प्रहरी चौकी कार्यालय व्यवस्थापन (खाल्डे, मानेखर्क) | |
| ८ | विकासका वार्षिक योजना निर्माण र कार्यन्वयनमा समुदाय परिचालनका लागि साबिकका वडालाई समेटेर टोल सुधार समिति समेत गठन | |

**संस्थागत विकास**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | बढि काम बढि सुविधा | |
| २ | गुरुयोजना निर्माण | |
| ३ | उपभोक्ता समिति प्रशिक्षण | |
| ४ | सहकारी व्यवस्थापन | |
| ५ | लक्षित वर्ग | |

**राजश्व संकलन र परिचालन**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | एकीकृत सम्पत्ति कर तालिम संचालन | |

| | | |
|---|---|---|
| २ | रेडियो, पत्रपत्रिका, व्यानर, सूचना | |
| ३ | राजश्व सम्बन्धि जनचेतना | |
| ४ | राजश्व संकलन स्वयंसेवक परिचालन | |

**सामाजिक सेवा तथा समावेशी प्रबर्द्धन**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | पूर्ण अपाङ्गता जिवन निर्वाह भत्ता | |

**कानून तथा न्याय सम्पादन**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | न्यायिक समिति व्यवस्थापन | |
| २ | मेलमिलाप केन्द्र | |
| ४ | जनचेतना कार्यक्रम | |
| ५ | रेडियो | |

**म्याचिङ्ग फण्ड**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | म्याचिङ्ग फण्ड | |

**सवारी साधन खरिद**

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | गाडि | |
| २ | मोटर साइकल | |
| ३ | स्काभेटर, डोजर, ट्रक | |

## ८. विगत आर्थिक वर्षको आयव्ययको विवरण

| आर्थिक वर्ष | आय शीर्षक | रकम | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| गत २०७४/०७५ | क.वित्तिय समानिकरण: | | क.वित्तिय समानिकरण: | |
| | १.चालुगत: | ५,४६,०२,००० | १.चालुगत: | ५,००५,१६४.४१ |
| | २.पुँजीगत: | ११,००,९१,००० | २.पुँजीगत: | १०,०७,०७,४१८.६८ |
| | ख. सशर्त: | | ख. सशर्त: | |
| | १.स्वास्थ्य: | १,९५,८७,००० | १.स्वास्थ्य: | १,५९,६७,७१९.१० |
| | २.शिक्षा: | ५,९८,१०,००० | २.शिक्षा: | ५,९८,१०,००० |
| | ३.कृषि: | १९,२०,००० | ३.कृषि: | १५,५५,११८ |
| | ४.पशु: | ११,८२,८४० | ४.पशु: | ११,८२,८४० |
| | ५.सुचना प्रविधि: | १०,६०,००० | ५.सुचना प्रविधि: | १०,६०,००० |
| | ६.गरीबसँग विश्वेश्वर: | ४,२९,००० | ६.गरिबसँग विश्वेश्वर: | ४,२९,००० |
| | ७.सामाजिक सुरक्षा भत्ता: | ५,०५,०५,००० | ७.सामाजिक सुरक्षा भत्ता: | ४,२४,२८,४०० |
| **जम्मा** | | **१६,४६,९३,०००।-** | | **१०,५७,१२,५८३.०९।-** |

**स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**

## ९. सरकारी कार्यालयहरुको नाम, टेलिफोन विवरण

| क.सं. | कार्यालयको नाम | कार्यालयको ठेगाना | कार्यालय प्रमुखको नाम | कार्यालयको फोन नं. र कार्यालय प्रमुखको फोन नं. |
|---|---|---|---|---|
| १. | पाँचपोखरी थाङपाल गाँउपालिका | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.६, थाङपालधाप, टार | निरञ्जन प्राखेन | ९७५१०५५१३,०१६२२७२०१ |
| २. | स्वास्थ्य कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.६, थाङपालधाप, टार | आत्माराम धिताल | ९८४३३१३२०२ |
| ३. | पाँचपोखरी थाङपाल | पाँचपोखरी थाङपाल गा.पा., वडा | उद्धव चौलागाई | ९७५१०११०६२ |

| | | | | |
|---|---|---|---|---|
| | श्रोतकेन्द्र | नं.६, थाङपालधाप, टार | | |
| ४. | कृषि कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.६, थाङपालधाप, टार | गोपाल सापकोटा | ९८४१३८७९९५ |
| ५. | पशु कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.६, थाङपालधाप, टार | अर्जुन डुम्रे | ९८४७११८१९० |
| ६. | सामाजिक विकास कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.६, थाङपालधाप, टार | संजय सिंह | ९८०३९७०७३२ |
| ७. | वडा नं.१ को कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.१, बाँसखर्क | सूर्यमान दोङ ( वडाध्यक्ष) | ९८०८०९२७७२ |
| ८. | वडा नं.२ को कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.२, बरुवा | पासाङ तामाङ ( वडाध्यक्ष) | ९८०३९१९५३५ |
| ९. | वडा नं.३ को कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.३, भोताङ | डिमा छिरिङ तामाङ ( वडाध्यक्ष) | ९६१४४८३५३०, ९८१३१२०८५२ |
| १०. | वडा नं.४ को कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.४, थाङपालकोट | राम बहादुर तामाङ ( थोकर) (वडाध्यक्ष) | ९८४३३२९९३१ |
| ११. | वडा नं.५ को कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.५, ग्न्सा | काले गोले (वडाध्यक्ष) | ९६११०९४९५२ |
| १२. | वडा नं.६ को कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.६, थाङपालधाप | मान बहादुर तामाङ ( वडाध्यक्ष) | ९८४१९६४६८७<br>९७५१०९९४३ (कार्यलय) |
| १३. | वडा नं.७ को कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.७, भोटेनाम्लाङ | सार्की तामाङ (पासाङ) (वडाध्यक्ष) | ९८५१०९७२३३ |
| १४. | वडा नं.८ को कार्यलय | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.८, लाँगर्चे | विष्णु खड्का ( वडाध्यक्ष) | ९८०८७०२७०० |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**

# १०. गाउँपालिकाका अवसर, चुनौति र समस्याहरु

यस पाँचपोखरी थाङ्पाल गाँउपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

**क) अवसर तथा संम्भावनाहरू**

- वन, उर्बर कृषि जमिन, नदी नाला र जैविक विविधताजस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय स्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- जनसांख्यिक लाभांशको अवसर उपलब्ध हुनु ।
- धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रचुरता ।
- अति सशक्त युवा जुझारु त्था अग्रगामी नेतृत्व पंक्ति हुनु ।
- नेतृत्व पंक्तिमा जोश, होश तथा भविष्य देख्न सक्ने क्षमता हुनु ।
- कृषि पकेट क्षेत्रको प्रचुरता हुनु ।

**ख) समस्या तथा चुनौतीहरू**

- पर्यटन क्षेत्रको विकासका लागि ठोस योजना नहुनु ।
- विकास निर्माणको काममा जनसहभागिताको कमी हुनु ।
- गाँउपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- गाँउपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाँउपालिका क्षेत्र भित्रका सबै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।
- कृषियोग्य भएतापनि आधुनिक तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयस्रोतको कमीले गाँउपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- सिँचाईको अभावले राम्रोसँग उत्पादन लिन नसक्नु ।
- परम्परागत कृषि प्रणाली ।
- वर्षेनी कटानको तथा प्राकृतिक प्रकोपको कारण कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।
- विकास निमार्ण तथा अन्य कतिपय कार्यमा परम्परागत सोच हावी हुनु ।
- जंगली जनावरहरुको आंतक बढ्नु ।

## ११. गाउँपालिकाको विकास सम्भावनाहरु

गाँउपालिका क्षेत्रमा परम्परागत तथा आधुनिक कृषि, जडिबुटी खेती तथा प्रशोधन, साना कृषिमा आधारित उद्योग पर्यटन, पशुपालन व्यापार जस्ता आर्थिक विकासका संम्भाव्य क्षेत्रहरू रहेका छन्। यस पाँचपोखरी थाङ्पाल गाँउपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाँउपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तोरी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, विउ विजन तथा मल र कृषि औजारको अभाव हुनु र उपलब्ध भएतापनि अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, बीउ बिजन तथा मल, कर्जा उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावना रहेको छ।

पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय सन्तुलन कायम गर्न सकेमा भावी पुस्ताको लागि एउटा अनुकुल र सुरक्षित जीवन्त स्थानको जोहो गर्न सकिन्छ। गाँउपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा विभिन्न स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना हुन गई समग्र गाँउपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाँउपालिकामा भएका प्राकृतिक स्रोत र साधनलाई  व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको श्रृजना हुनुका साथै स्थानीय स्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ। गाँउपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरू भएको र थप केही अन्य ठाउँहरूमा स-साना पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र यसले उपलब्ध श्रोतको अधिकतम परिचालन भई आर्थिक उपार्जन हुने देखिन्छ ।  गाँउपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरूमा जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ। सिपयुक्त जनशक्तिको कमी, उद्योग व्यवसायको धरासायी अवस्था, उद्यमी सोच भएका युवा शक्तिको अभाव भएको परिदृश्यमा क्षमता विकास र सिपमुलक तालिम कार्यक्रम सञ्चालन गर्न सकेमा स्वरोजगारको अवसर सृजना हुन जान्छ भने वैदेशिक रोजगारीमा जाने जनशक्ति पनि दक्ष हुनेहुँदा आय वृद्धिमा बढोत्तरी हुन्छ जसले समग्र गाँउपालिकाको आर्थिक अवस्थामा सुधार आउँछ ।

यसका अतिरिक्त पाँचपोखरी थाङ्पाल गाँउपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- गाँउपालिका क्षेत्रभित्र रहेका नदी तथा स-साना खोलाहरूबाट आधुनिक कुलो मार्फत् सिंचाई गरी व्यवसायीक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तरोन्नती गर्न सकेमा जनस्वास्थ्यमा सुधार, पर्यावरण तथा सहज परिवहन सुबिधा उपलब्ध हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- यस गाँउपालिका क्षेत्रमा साना घरेलु उद्योगको विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास मार्फत आर्य आर्जन वृद्धि गरि नागरिकको जीवन स्तरमा सुधार गर्न सकिन्छ ।
- गाँउपालिकाको विकासमा सरकारी, गैरसरकारी, सहकारी निजी र नागरिक समाज लगायतको साझेदारीमा सहभागितामुलक र दिगो बिकास गर्न सकिछ ।
- गाँउपालिका क्षेत्रमा उपभोक्ता समूहहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने संम्भावना देखिन्छ ।

## १२. गाउँपालिकाको स्थापनाकालदेखि हालसम्मका प्रमुखहरु र कार्यरत कर्मचारीहरुको विवरण

| क्र.स. | नम | कार्य अवधि | निर्वाचित / मनोनित | कैफियत |
|---|---|---|---|---|
| १ | टासी लामा | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | गा.पाको अध्यक्ष |
| २. | सुनिता अधिकारी | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | गा.पाको उपाध्यक्ष |
| ३. | सूर्यमान दोङ | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. १ अध्यक्ष, कार्यपालिका सदस्य |
| ४. | पासाङ लामा | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. २ अध्यक्ष, कार्यपालिका सदस्य |
| ५. | डिमा छिरिङ तामाङ | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. ३ अध्यक्ष, कार्यपालिका सदस्य |
| ६. | राम बहादुर | वि.स.२०७४ देखि | निर्वाचित | वडा नं. ४ |

| | | | | |
|---|---|---|---|---|
| | तामाङ | वि.स. २०७९ सम्म | | अध्यक्ष,कार्यपालिका सदस्य |
| ७. | काले गोले | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. ५ अध्यक्ष, कार्यपालिका सदस्य |
| ८. | मान बहादुर तामाङ | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. ६ अध्यक्ष, कार्यपालिका सदस्य |
| ९. | सार्की तामाङ | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. ७ अध्यक्ष, कार्यपालिका सदस्य |
| १०. | विष्णु बहादुर खड्का | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. ८ अध्यक्ष, कार्यपालिका सदस्य |
| ११. | कमला थापा | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. १ को सदस्य र कार्यपालिका सदस्य |
| १२. | टासी शेर्पा | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | मनोनित | कार्यपालिका सदस्य |
| १३. | मीना कुमारी तामाङ | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. ३ को सदस्य र कार्यपालिका सदस्य |
| १४. | बुद्ध कुमारी विश्वकर्मा | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | मनोनित | कार्यपालिका सदस्य |
| १५. | गंगा श्रेष्ठ | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. ७ को सदस्य र कार्यपालिका सदस्य |
| १६. | गीता धिताल | वि.स.२०७४ देखि वि.स. २०७९ सम्म | निर्वाचित | वडा नं. ८ को सदस्य र कार्यपालिका सदस्य |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**

## कार्यलयमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्र.स. | कर्मचारीको नाम थर | पद | कार्यरत शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | निरञ्जन प्राखेन | प्रमुख प्रशासकिय अधिकृत | पाँचपोखरी थाङपाल गाँउपालिकाको कार्यलय | |

| | | | | |
|---|---|---|---|---|
| २ | संजय सिंह | शाखा अधिकृत | सामाजिक विकास प्रमुख | |
| ३ | अरुण कुमार झा | ईन्जिनियर | प्राविधिक शाखा | |
| ४ | आत्माराम धिताल | नायव सुब्बा | स्वास्थ्य शाखा संयोजक | |
| ५ | दिनेश पोखेल | नायव सुब्बा | प्रशासन शाखा | |
| ६ | राम प्रसाद न्यौपाने | नायव सुब्बा | योजना शाखा | |
| ७ | दोर्जे वाईबा | सव इन्जिनियर | प्राविधिक शाखा | |
| ८ | कमल बहादुर तामाङ | लेखा प्रमुख | लेखा शाखा | |
| ९ | उद्धव प्रसाद चौलागाई | स्रोत व्यक्ति | शिक्षा शाखा प्रमुख | |
| १० | गोपाल प्रसाद सापकोटा | कृषि प्राविधिक | कृषि शाखा प्रमुख | |
| ११ | अर्जुन डुम्रे | पशु प्राविधिक | पशु शाखा प्रमुख | |
| १२ | कुमार बस्नेत | प्रशासन सहायक | आन्तरिक राजस्व र स्टोर शाखा | |
| १३ | राजन भुजेल | सहायक कम्प्यूटर अपरेटर | पञ्जिकरण शाखा | |
| १४ | निराजन सापकोटा | असिस्टेन सहायक इन्जिनियर | प्राविधिक शाखा | |
| १५ | अशोक खत्री | असिस्टेन सहायक इन्जिनियर | प्राविधिक शाखा | |
| १६ | सुवास लामा | असिस्टेन सहायक इन्जिनियर | प्राविधिक शाखा | |
| १७ | विष्णु लिम्बु | जे.टि.ए | कृषि शाखा | |
| १८ | राजकुमार गिरी | जे.टि.ए भेटेनरी | पशु शाखा | |
| १९ | जिवन थापा | शिक्षक | शिक्षा शाखा | |
| २० | निर्मला सिलवाल | कार्यालय सहयोगी | | |
| २१ | राम नाथ आचार्य | कार्यालय सहयोगी | | |
| २२ | निर्मल थापा | कार्यालय सहयोगी | | |
| २३ | दिल कुमार अधिकारी | कार्यालय सहयोगी | | |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**

## १३. गाउँपालिका आफैले बनाएका ऐन/नियममावलीहरु आदिको विवरण

| | ऐन | | नियमावली | | कार्यविधि | | निर्देशिका |
|---|---|---|---|---|---|---|---|
| क.स. | शिर्षक | क.स. | शिर्षक | क.स. | शिर्षक | क.स. | शिर्षक |
| १. | स्थानीय सहकारी ऐन, २०७४ | १. | आधारभुत तथा माध्यमिक शिक्षा नियमावली, २०७४ | १. | "घ" वर्गको निमार्ण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ | १. | पाँचपोखरी थाङपाल गाँउपालिकाको बैठक, भ्रमण खर्च तथा अन्य सुविधा सम्बन्धी निर्देशिक, २०७४ |
| २. | स्थानीय खेलकुद विकास ऐन, २०७४ | २. | पाँचपोखरी क्षेत्र विकास नियमावली, २०७४ | २. | स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ | | |
| ३. | अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (संचालन विधि) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ | ३ | नागी थामडाँडा क्षेत्र विकास नियमावली, २०७४ | ३. | आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ | | |
| ४. | पर्यटन बोर्ड ऐन, २०७४ | ४. | च्योच्यो डाँडा क्षेत्र विकास नियमावली, २०७४ | ४. | विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ | | |
| ५. | कृषि, पशु, पंक्षी, व्यवसाय पर्वद्धन तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ | | | ५. | स्थानीय सुशासन सम्बन्धी कार्यविधि, २०७५ | | |

**स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**

## १४. गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रको विवरण

पाँचपोखरी थाङपाल गाँउपालिका निक्कै नै प्राकृतिक तथा धार्मिक महत्वका स्थलहरुले भरिपूर्ण क्षेत्र हो । सुन्दर डाँडाकाँडा, कञ्चन खोला तथा झरनाहरु, मनोरम हिमालका दृश्यहरु, विभिन्न धार्मिक स्थलहरु  रहेकाले यस गाँउपालिका पर्यटकिय हिसाबले अति नै राम्रो छ ।

**क) पाँचपोखरी**

पाँचपोखरी थाङपाल गाँउपालिका अर्न्तगत वडा नं.३ स्थित भोताङको ४२०० मिटरको उचाईमा रहेको यो पोखरी पाँचवटा सँगै रहेका मनोरम तालहरुबाट नामाकरण भएको छ । संसारकै नौ वटा प्रमुख हिमतालहरु मध्ये एउटा यसलाई मानिन्छ । यो ताल ईन्द्रावति नदीको उद्‌गम स्थल पनि हो । यहाँबाट गणेश हिमाल, दोर्जे लाक्पा, जुगल, याङरी र गौरी शंकर हिमाल र मनोरम पहाडी सुन्दरताको



दृश्यावलोकन गर्न सकिन्छ । पाँचपोखरीलाई ह्योल्मो भाषा (संभोटा लिपि) मा खण्डोतेरंग पनि भनिन्छ । यहाँ जनै पूर्णिमाको दिन ठूलो मेला लाग्दछ र वरिपरिका क्षेत्रहरुबाट तथा अन्य ठाँउबाटपनि ठूलो मात्रामा भक्तजनहरु तिर्थाटनका लागि आउने गर्दछन् । यस ठाँउमा पुग्न मेलम्ची देखि भोताङको छिम्ती सम्म बसबाट र त्यस पछि लगभग २ दिन हिँडेर पनि त्यहाँ पुग्न सकिन्छ ।

**ख) च्योच्यो डाँडा**



यस गाँउपालिकाको वडा नं.५ स्थित गुन्सामा ३६३२ मिटरको उचाईमा यस डाँडा रहेको छ । यस डाँडाबाट लाङटाङ हिमाल र जुगल हिमश्रृखलाका शिखरहरु दोर्जे लाक्पा लगायत विभिन्न हिम चुचुराहरु र हेलम्बु क्षेत्र देख्न सकिन्छ ।

**ग) ड्रागन चट्टान तथा गुफा**



लाङटाङ र जुगल हिमालको बिचमा र दोर्जे लाक्पा हिमालको काखमा  करिब ३६००

मिटरको उचाईमा यो शिला रहेको छ, जसमा ड्रागनको आकृति देखिन्छ । बरुवाको रिवर्मा गाँउबाट करिब ३५ कि.मि. उत्तर पूर्वको घना जंगलमा रहेको यस चट्टानको लम्बाई १०० फिट र चौडाई ३० फिट रहेको छ । स्थानीय बासिन्दाका अनुसार उक्त चट्टान २०० वर्ष अगाडी एक चौरी गोठालाले पत्ता लगाएको थियो । औंसीको रातमा अचानक गोठका चौंरीहरु कराउँदै भागाभाग गर्न थालिएको र गोठालाले के रहेछ भनि हेर्दा एक अचम्मको आगोको ज्वाला देखिएको र भोलिपल्ट बिहान उक्त ठाँउमा गई हेर्दा ड्रागन ढुङ्गामा परिणत भएर बसेको भेटिएको थियो । त्यस समय देखि उक्त स्थानको नाम स्थानीय शेर्पा भाषामा डुग रञ्जेन (प्राकृतिक ड्रागन) राखिएको भनाई छ ।

**घ) छोथङ्ग ढुक हङजेन**



छोथङ्ग ढुक हङजेन संरक्षण समिति यो संस्था भे ह्युल ह्योल्मो क्षेत्रको साबिकको बरुवा गा.वि.स.को उत्तर पूर्वमा याङ्री गाँउबाट करीब एक दिनको जंगलको अफ्ठेरो पैदल यात्रा गरी पुग्न सकिन्छ । यसै जंगलको बिचमा रहेको धार्मिक तिर्थ स्थलको नाम हो, छोथङ ढुक हङजेन । यसको अर्थ समभोट्ट लिपि अनुसार छो भनेको पोखरी, थङ्ग भनेको चउर, ढुक भनेको ड्रागन र हङजेन भनेको आफैं उत्पत्ति भएको बुझाँउछ । यस स्थानको ऐतिहासिक धार्मिक महत्व रहेको छ । यहाँ जंगलको मध्ये भाग ढुंगे पहरामा ड्रागनको शिला र बौद्ध धर्म ग्रन्थको शिला पनि रहेको छ ।

**ङ) जोङरोङ महादेवस्थान**



पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं.६, थाङपालधापको लेखर्कमा यस महादेवस्थान रहेको छ । यस महादेवस्थान समुन्द्री सतहबाट २५०० मिटरको उचाईमा रहेको छ । यस महादेवस्थानमा रहेका ढुङ्गाहरुमा ड्रागनको जस्तो चित्र देख्न सकिन्छ भने यहाँ एउटा ढुङ्गाकै शंख पनि रहेको छ । स्थानीय बासिन्दाका अनुसार यस शंख उचालेर फुकेमा त्यसको केही समय पश्चात् वायुमण्डल परिवर्तन हुने र हावाहुरीहरु चल्ने, बिजुली मिल्किने, पानी पर्ने जस्ता क्रियाकलापहरु हुन्छ र यसमा धेरै नै दैवीय शक्ति छ भन्ने जन विश्वास रही आएको छ । थाम

डाँडाको बिच जंगलमा यस महादेवस्थान रहेको छ । यसर्थ यस महादेवस्थान धार्मिक तथा ऐतिहासिक रुपमा धेरै नै महत्व बोकेको छ । पर्यटकीय गन्तव्य मध्येको एक महत्वपूर्ण तथा रमणीय तथा आकर्षक स्थानको रुपमा यस महादेवस्थान रहेको छ ।

**च) हबेली**

भोताङको छिम्तीमा रहेको यो ऐतिहासिक स्थल हो । यसलाई वि.स. १८९० मा कमाण्डर कर्णेल रण विरसिंह थापाले निमार्ण गरेका थिए । भूइँ तल्ला र पहिलो तल्लामा ५/५ कोठा भएको यो हबेली पाँच पोखरी जाने बाटोमा पर्दछ । हाल भूकम्प पश्चात् यो हबेली जिर्ण अवस्थामा रहेको छ । यस हबेली एक ऐतिहासिक महत्वको धरोहरको रुपमा रहेको छ ।







**छ) आमा याङ्ग्री**

आमा याङ्ग्री साबिकको बरुवा गा.वि.स.मा पर्दछ । यो ठाँउ प्राकृतिक रुपमा एकदमै सुन्दर छ । यहाँ वर्षेनी हजारौं आन्तरिक तथा बाह्य पर्यटकहरु घुम्न आउने गर्दछन् । पर्यटकीय गन्तव्यको प्रमुख स्थानमा रहेको यस आमा याङ्ग्री यस गाँउपालिकाको गौरबको रुपमा रहेको छ ।





### ज) नागी थाम डाँडा (कोटगाँउ)

“नागी” भनेको एकान्त, सुनसान र आनन्द भन्ने बुझिन्छ भने “डाँडा” भनेको पर्वत यसको अर्थ एकान्त, सुनसान डाँडा तथा आनन्दीत डाँडाको रुपमा नागी थाम डाँडालाई लिन सकिन्छ । थाङपालकोटमा अवस्थित नागी थाम डाँडा एकदमै रमणीय छ । यहाँ एक ठूलो चउर पनि रहेको छ, साथै यसको डाँडाबाट लगभग सम्पूर्ण गाँउपालिकाको अवलोकन गर्न सकिन्छ । यस ठाँउबाट हेर्दा रैथानेश्वरी मन्दिर परिसर तथा मानेखर्क साह्रै नै राम्रो तथा उपत्यका झैँ देख्न पाईन्छ । हाल यस ठाँउ गाँउपालिकाको प्रमुख पर्यटकीय स्थल मध्ये एक मानिन्छ । किनकी यस ठाँउ पाराग्लाईडिङको हिसाबले तथा पिकनिक स्पटको रुपमा पनि उतिकै महत्वपूर्ण रहेको छ । यस डाँडामा नेपालको एक ठूलो झण्डा राखिएको छ । यहाँ पुग्दा मन नै आनन्दित हुने गर्दछ । यस ठाँउमा मंगलदिप बिहार निमार्ण तथा पाँचपोखरी पेमाछाल(पद्यसंभव) उद्यान निमार्ण गर्न कार्ययोजना निमार्ण भई कार्य अघि बढेको छ ।






### झ) नौलिङ्गेश्वरी

नौलिङ्गेश्वरी यस गाँउपालिकाको वडा नं.८, लाँगर्चेमा अवस्थित रहेको छ । यस मन्दिरमा नौ वटा मुख भएको नौ नाक भएको महादेव उत्पन्न भएको, त्यहाँ पोखरीको साथै नजिकै हल्लिने ढुङ्गा र चरी गुफा रहेको भन्ने जन विश्वास रहेको छ । यस मन्दिरमा जनै पूर्णिमाको दिन धेरै नै ठूलो मेला लाग्ने गर्दछ । भक्तजनहरु यहाँ महादेवको पुजा आजा गरी मनाउने गर्दछन् ।यहाँबाट दृश्यावलोकन गर्दा काठमाडौँ सम्म देख्न सकिन्छ ।

### ञ) रैथानेश्वर महादेव मन्दिर

रैथाने पोखरी तथा रैथानेश्वर महादेव मन्दिर गाँउपालिकाको वडा नं.४ मा अवस्थित रहेको छ । यस मन्दिरमा वर्षेनी जनै पूर्णिमाको दिन ठूलो मेला लाग्ने गर्दछ



। यस मन्दिर तथा पोखरी धार्मिक तथा सांस्कृतिक रुपमा पनि अति नै महत्वपूर्ण रहेको छ ।



**ट) डुखाङ गुफा**

डुखाङ गुफा पर्यटकीय हिसाबले अग्रस्थानमा रहेको वडा नं.३ स्थित भोताङमा रहेको छ । यहाँ गुरु पधसंभवको ध्यान गर्ने स्थान भएकोले यहाँको धार्मिक महत्वलाई बढाएको छ । यस ठाँउ पर्यटकीय रुपमा अति नै आकर्षित ठाँउको रुपमा रहेको छ ।

**ठ) मानम**



यस गाँउपालिकाको वडा नं.३ स्थित भोताङमा चर्चित पर्यटकीय स्थल मानम रहेको छ ।पाँचपोखरी पत्ता लगाउने क्रममा दुई जना पाँचपोखरीबाट भागेर मानम गएको र १ जना मानमको पानीमा र अर्को एकजना मानमको ढुङ्गामा माथितिर जाँदै गर्दा लोप भएको र मानम एउटै ढुङ्गाको आश्चर्य स्थल भएको भन्ने विश्वास रही आएको छ । भाग्यमानी मानिसले मानमको पानीमा नुहाँउदा दुध आउने भन्ने किंम्बदन्ती रहेको पाईन्छ । यहाँ भगवान् शिवजीको आकृति भएको पनि देख्न सकिन्छ, जसले गर्दा यहाँको महत्व झनै बढ्न गएको छ ।

**ड) खड्कुले छाँगो**



खड्कुले छाँगो गाँउपालिकाको वडा नं.२ स्थितबरुवामा रहेको छ । त्यस छाँगोमा बेलुका गएर धुप हाली छोडेमा बिहान गई हेर्दा त्यहाँ खड्कुलो पाईने र त्यसलाई घरमा ल्याई प्रयोग गरी पुनः बेलुका सफा गरी त्यहीं छाँगोमा लगी राखी दिएमा आफैं विलिन हुने जन विश्वास रही आएकोमा एक दिन एक जना मानिसले खड्कुलो सफा नगरी त्यहाँ छोडेकोले त्यहाँ उप्रान्त त्यस्तो हुन छोडेको भन्ने जनविश्वास रही आएको छ । तसर्थ, त्यस छाँगो धार्मिक तथा पर्यटकीय हिसाबले एकदमै महत्वपूर्ण रहेको छ । हाल त्यस छाँगोबाट विद्युत् लाईन संचालनमा रहेकोले यस छाँगोलाई सम्पूर्ण बरुवा बासीको जनस्तरमा थप वृद्धि गरेको छ । आकारमा हेर्दा खड्कुलो जस्तो देखिने यस छाँगो एकदमै मनमोहक छ ।

**ढ) शिलापत्र (गोले, गुन्साको)**



गुन्सामा एक शिलापत्र रहेको छ । जुन शिलापत्रले गोलेहरुको ऐतिहासिक महत्व बोकेको छ । गोलेहरुको उत्पत्ति क्षेत्र रहेको

गुन्सामा यस शिलापत्रको एकदमै महत्व रहेको छ । यस शिला लेखमा गोलेको पुर्ख्यौली ईतिहास छ भन्ने विश्वास छ तर यसमा भएको अक्षर कसैले पढ्न सकेको छैन ।

**ण) ठूलो ढुङ्गाा (भोटेनाम्लाङ)**



भोटेनाम्लाङमा एक ठूलो ढुङ्गाा रहेको छ । उक्त ढुङ्गामा गुरु पधसंभवको चित्र रहेको छ । हेर्दामा एकदमै सुन्दर तस्बीर रहेको यस ढुङ्गा यो क्षेत्रको घुम्न लायक पर्यटकीय स्थल हो । यसका साथसाथै यसै ढुङ्गा नजिक सानो झरना पनि रहेको छ, जसले यसको सुन्दरतामा झन् रौनक छाईदिएको छ । यस क्षेत्र बोम्जनहरुको उत्पत्ति भएको थलोको रुपमा पनि चिनिन्छ ।

**त) मेन्जुम**



बरुवाको आमा याङ्रीबाट झण्डै १ किलोमिटर तल लगाङ गुम्बाको नजिक चट्टान भित्र अत्यन्तै गहिरो कुवा रहेको छ । त्यस कुवाको पानीलाई अत्यन्तै पवित्र मानिने हुनाले मेन्जुम अर्थात पवित्र पानी भनिएको हो । मेन्जुम एक पवित्र धार्मिक स्थलको रुपमा परिचित रहेको छ । यहाँ पवित्र पूजा गर्ने पानी पाईने भएकोले धार्मिक रुपमा प्रसिद्ध तथा मनमोहक रहेको छ ।

**थ) अमिलो पानी**

अमिलो पानी गाँउपालिकाको वडा नं.३ स्थित भोताङ र वडा नं.६ स्थित थाङपालधापमा अवस्थित छ । यस स्थान छिम्ती र लार्केको सिमानामा रहेको ईन्द्रावती नदीको किनारमा प्राकृतिक धाराको रुपमा अमिलो पानी रहेको छ । यहाँ वर्षेनी चैते दशैंको बेला अमिलो पानी खाने जात्रा लाग्ने गर्दछ । यस पानी पिउँदा गानो, ग्याष्ट्रिक आदि रोगहरु निको हुने जनविश्वास र ल्याब टेष्ट रिपोर्टहरु रहि आएको पाईन्छ । यस ठाँउ पर्यटकीय तथा धार्मिक हिसाबले एकदमै महत्वपूर्ण रहेको छ।

**द) दुधकुण्ड (डुक्फु पोखरी)**



दुधकुण्ड(डुक्फु पोखरी) साबिकको बरुवा गा.वि.स.मा पर्दछ । यस पोखरीलाई पद्म सम्भवले आरन

थापेर हतियार बनाँउदा पाइन हाल्ने पोखरीको रुपमा पनि यसलाई चिनिन्छ । यस कुण्डमा पानी नै सेतो हुने भएकोले पनि यस ठाँउको नाम दुधकुण्ड रहन गएको भन्ने जन विश्वास कहिकतै सुन्न पाईन्छ । यहाँ भगवान् शिवको बास भएको भन्ने जनविश्वास रही आएकोले यसको धार्मिक महत्व बढाएको छ ।

**ध) डुक्फु**



ढुक्फु अर्थात ढुकु गाँउपालिकाको वडा नं.२ स्थित बरुवामा पर्दछ । तपुभुमी जहाँ तपस्या गर्ने गुफाको रुपमा पनि चिनिन्छ । यहाँ गुरु रेम्पोन्छेले पनि ध्यान गरेको साथै लामाहरु तथा धर्म गुरुहरुले अहिले पनि तपस्या गर्दै आएको र गुफा बस्ने गरेको पाईन्छ । यस ठाँउ धार्मिक तथा सांस्कृतिक रुपमा साह्रै नै महत्वपूर्ण रहेको छ । भगवान् शिवजीको अन्न थुपार्ने ठाँउको रुपमा यसलाई चिनिने हुँदा यो एकदमै महत्वपूर्ण छ, वर्षमा यहाँ दर्शन गर्न एकपटक ठूलो मात्रामा धर्मावलम्बीहरुको ठूलो भिड लाग्ने गर्दछ ।

**न) ओखेनी**

ओखेनी यस गाँउपालिकाको वडा नं. ८ स्थित लाँगर्चेमा रहेको छ । यस ठाँउ प्राकृतिक रुपमा अति नै मनमोहक तथा सुन्दर रहेको छ । यहाँ भगवान् बुद्धको एक सुन्दर मूर्ति हुनाले यसको शोभा झनै



बढाएको छ । यहाँ मानिसहरु धेरै तनाव हुँदा आनन्द लिन तथा आफ्नो मन तथा चित्तलाई एकिकृत गर्न र ध्यान गर्न पनि जाने गर्दछन् । यसका साथै यहाँ मानिसहरु पिकनिक खान एकदमै मन पराउने गर्दछन् ।

**प) छ्योंतेन चैते**



गुन्सामा एक छ्योंतेन चैते रहेको छ । जसमा पानी परेन भने पूरै गाँउले मिलेर लामा नाँच गरी पुजा गरिन्छ, यसो गर्दा पानी पर्छ भन्ने किम्बदन्ती रहेको छ । तसर्थ, यस माने ऐतिहासिक तथा धार्मिक रुपमा अति नै महत्वपूर्ण रहेको छ ।

**फ) स्याङछ्योलिङ गुम्बा**



गुन्सामा धेरै नै पूरानो गुम्बा रहेको छ, जसको नाम स्याङछ्योलिङ गुम्बा हो । यस क्षेत्रकै सबैभन्दा पूरानो गुम्बा भन्दा फरक नपर्ने यस गुम्बाको धार्मिक महत्व रहेको छ ।

**ब) मावली देवीस्थान मन्दिर**



पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.१ बाँसखर्कको साबिक वडा नं. ६ अर्न्तगत मावली देवीस्थान मन्दिर अवस्थित छ । जुन मन्दिर करिब ६ पुस्ता अगाडी खेत खन्दै गर्दा एउटा अचम्मको ढुङ्गा भेटिएको र जसलाई तलतिर पल्टाउँन साथ ठूलो हुरी बतास चलेकोले जसलाई हालको स्थानमा पुर्नस्थापना गरेपछि सो विपत् रोकिएको भन्ने अग्रजहरुको भनाई पाईन्छ । गाँउमा बाघको अत्याधिक बिगबिगि हुदाँको बखत सो देवीको पूजाआजा गरेमा सो समस्याबाट मुक्त भएको भनाईहरु स्थानीय अग्रजहरु बताउँछन् । तसर्थ, यो मन्दिरको ऐतिहासिक महत्व रहेको पाईन्छ ।

**भ) गोछ्यो ज्योओ स्थान (भुमेस्थान)**



यो भूमेस्थान बाँसखर्कको सबै भन्दा उच्च समथर भूभाग (गोछ्यो ज्योओ) पर्दछ । यो स्थान हालको हेलम्बु गाँउपालिकाको सिमाना क्षेत्र पनि पर्दछ । यो भूमेस्थान मन्दिर क्षेत्रबाट विभिन्न हिमालहरु तथा अनेकौं भूभागहरुको अवलोकन गर्न सकिने स्थानहरु मध्ये एक हो भने यस मन्दिरमा चैत बैशाख वा सुख्खायाममा पानी (वर्षा) नपरेको बखत (खडेरी परेमा) वर्षादको लागि पुकार गर्न धामी झाक्रिहरु जाने प्रचलन रहेको छ । यसो गर्दा खडेरीको अन्त्य हुने र धन लाभ हुने भन्ने किम्बदन्ती रहेको पाईन्छ ।

**म) पद्म सम्भव गुरु रेम्बोर्छे**




भूमेस्थान आसपास वा करिब ५०० मिटर क्षेत्रमा अग्लो अति सुन्दर तथा रमणीय रुपमा स्थापित हुने गरी त्यस आसपासका बुद्ध धर्मालम्बीहरुबाट गुरु रेम्बोर्छे (पद्म सम्भव) को मुर्ति स्थापना गरेका छन् । जुन क्षेत्रमा हाल सम्म धेरै भन्दा धेरै बाह्य तथा आन्तरिक पर्यटकहरुले अवलोकन गर्ने थलोको रुपमा रहेको छ ।

**य) भुमेस्थान (डुप्छ्यु)**

यस भुमेस्थान (डुप्छ्यु) साबिकको बरुवा गा.वि.स.को वडा नं.२ मा पर्दछ ।

**र) शेरा फाँट**

शेरा फाँट पाँचपोखरी थाङपाल गाँउपालिकाको वडा नं.२ स्थित बरुवामा पर्दछ । यस फाँट बेंशीमा रहेको छ र यस फाँट एकदमै समथर भूभागमा रहेको र यहाँको उत्पादनले पूरै गाँउलाई धानेको छ । तसर्थ, अन्न उत्पादनको हिसाबले यस फाँट पूरा गाँउपालिकाको लगभग सबैभन्दा अगाडी पर्दछ ।

**ल) अमिलो पानी**

पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.६, थाङपालधापमा अमिलो पानी रहेको छ । यहाँ वर्षेनी चैते दशैँको बेला अमिलो पानी खाने जात्रा लाग्ने गर्दछ । यस पानी पिउँदा गानो, ग्याष्ट्रिक आदि रोगहरु निको हुने जनविश्वास र ल्याब टेष्ट रिपोर्टहरु रहि आएको पाईन्छ । यस ठाँउ पर्यटकीय तथा धार्मिक हिसाबले एकदमै महत्वपूर्ण रहेको छ ।

**व) लुङ्गादेवी**

पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.६, थाङपालधाप, लेखर्क टारमा लुङ्गादेवीको पोखरी भएको स्थान छ । हाल यस पोखरीमा पानी नभएता पनि यससँग जोडिएका ऐतिहासिक महत्व रहेका छन् ।

**श) लाक्पा दोर्जे हिमाल**

लाक्पा दोर्जे हिमाल लाङटाङ राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र पर्दछ, जुन यस गाँउपालिकासँग जोडिएको छ । ह्योल्मो भाषमा "दोर्जे" भनेको बज्र र "लाक्पा" भनेको भव्य हो । जसको समग्र अर्थ भव्य बज्र भन्ने बुझिन्छ । ६९६६ मिटरको उचाईमा रहेको यस हिमालदेशीय मान चित्रमा २८°१०'२६''देखि २८°१७'३८'' उत्तरी अक्षांश र



८५°४६'४५'' देखि ८५°७७'९१''पूर्वदेशान्तरबिच फैलिएको छ । सर्वप्रथम सन् १९६० को दशकमा जापानीजले यस हिमालमा पाईला हाल्न सफल भएका थिए । त्यस पश्चात् यस हिमाल एक शिखर आरोहण गर्न एक पर्यटकीय स्थानको रुपमा परिचित रहेको छ । हेर्दामा साह्रै मनमोहक यस हिमाललाई थप व्यवस्थित गरी विश्वसामु अझ चिनाउन आवश्यक देखिन्छ ।

### ष) ओखेनी पर्यटकीय गाँउ



यस गाँउपालिकाको वडा नं.८ स्थित एक प्राकृतिक रुपमा सुन्दर गाँउ रहेको छ, जसको नाम ओखेनी रहेको छ । यस गाँउ प्राकृतिक रुपमा हराभरा तथा हेर्दामा मनमा आनन्द आउने खालको रहेको छ। यहाँ वर्षेनी धेरै आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गरेका छन् । बढीजसो यस ठाँउमा पिकनिक गर्न मानिसहरु आउने गरेका छन्। त्यस्तै लेकाली भेग घुम्न विदेशी पर्यटकहरु पनि यस ठाँउमा आई बास बस्ने गरेका छन् । तसर्थ, यस गाँउलाई अझ सुन्दर बनाएमा यो एक पर्यटकीय गाँउको रुपमा रहन सक्दछ।

### स) भोताङदेवी मन्दिर



गाँउपालिकाको वडा नं.३ स्थित भोताङमा भोताङदेवी मन्दिर रहेको छ । यस मन्दिर ऐतिहासिक तथा धार्मिक रुपमा अत्यन्त महत्व बोकेको छ।

**तालिका नं.१- पर्यटकीय स्थलहरु र स्थल रहेको ठाँउहरुको विवरण**

| क्र.स. | पर्यटकीय स्थलहरु | स्थल रहेको वडा तथा ठाँउको नाम | विशेष महत्व |
|---|---|---|---|
| | | कुण्ड, पोखरी तथा धारा | |
| १. | पाँचपोखरी | वडा नं. ३, भोताङ | ४१०० मिटरको उचाईमा रहेको ५ वटा स-साना पोखरीको एकिकृत नाम, इन्द्रावतीको उद्गम स्थल, धार्मिक हिसाबले अत्यन्त महत्वपूर्ण |
| २. | भेमटाङ १०८ धाराका फोहरा | वडा नं. ३, भोताङ | जमिनबाट १०८ धाराका फोहरा निस्केको र मेलम्ची नदीको उद्गम स्थल |

| | | | |
|---|---|---|---|
| ३. | अमिलो पानी ( भोताङ)/छुम्दी | वडा नं. ३, भोताङ | ग्याष्ट्रिक, गानो गोला लगायतका रोगहरु निको हुने जन विश्वास |
| ४. | अमिलो पानी (धाप) | वडा नं.६, थाङपालधाप, धाप | ग्याष्ट्रिक, गानो गोला लगायतका रोगहरु निको हुने जन विश्वास |
| मठ, मन्दिर | | | |
| १. | रैथानेश्वरी मन्दिर | वडा नं.४, थाङपालकोट | |
| २. | नौलिंङ्गेश्वर मन्दिर | वडा नं. ८, लाँगर्चे | |
| ५. | दक्षिणकाली मन्दिर, सेतीदेवी (खाल्डे), महाकाली (मसार) | वडा नं.६, थाङपालधाप, धाप | |
| ६. | पशुपतिनाथ मन्दिर | वडा नं.६, थाङपालधाप, टार | |
| ७. | राजेन्द्रश्वरी मन्दिर | वडा नं.६, थाङपालधाप | |
| ८. | शेरा महादेव मन्दिर | वडा नं.६, थाङपालधाप | |
| ९. | चिण्डे महादेव मन्दिर | वडा नं.६, थाङपालधाप | |
| १०. | पञ्चकमला देवीस्थान मन्दिर, स्याले | वडा नं.६, थाङपालधाप | |
| ११. | चण्डेश्वरी मन्दिर, पौडेल डाँडा | वडा नं.६, थाङपालधाप | |
| १२. | सेतीदेवी मन्दिर, स्याले | वडा नं.६, थाङपालधाप | |
| १३. | त्रिदेवी मन्दिर | वडा नं.६, थाङपालधाप | |
| १४. | न्यौपाने टोल शिवजी मन्दिर | वडा नं.६, थाङपालधाप | |
| १५. | हरिछिमि नारायण मन्दिर | वडा नं.६, थाङपालधाप | |
| १६. | गोल्मेश्वरी मन्दिर | वडा नं.६, थाङपालधाप, टार | |
| १७. | टालटुलेश्वरी मन्दिर | वडा नं.४, थाङपालकोट | |

| | | | |
|---|---|---|---|
| १८. | पाँचपोखरी मन्दिर | वडा नं.३, भोताङ | ४१०० मिटरको उचाईमा रहेको ५ वटा स-साना पोखरीको एकिकृत नाम, इन्द्रावतीको उद्‌गम स्थल, धार्मिक हिसाबले अत्यन्त महत्वपूर्ण महादेव मन्दिर |
| १९. | जोङरोङ महादेवस्थान | वडा नं.६, थाङपालधाप, लेखर्क | |
| २०. | लुंगादेवी | वडा नं.६, थाङपालधाप, लेखर्क | |
| २१. | मावली देवी मन्दिर | वडा नं.१, बाँसखर्क | |
| २२. | बेत्रावती मन्दिर | वडा नं.८, लाँगर्चे | |
| २३. | कालिका मन्दिर | वडा नं.८, लाँगर्चे | |
| २४. | स्वस्थानी मन्दिर | वडा नं.८, लाँगर्चे | |
| २५. | भिमसेन मन्दिर | वडा नं.८, लाँगर्चे | |
| २६. | माधेश्याम मन्दिर | वडा नं.८, लाँगर्चे | |
| २७. | पञ्चकन्या मन्दिर | वडा नं.८, लाँगर्चे | |
| २८. | शिव पार्वती मन्दिर | वडा नं.८, लाँगर्चे | |
| २९. | पाल्चोकी मन्दिर | वडा नं.८, लाँगर्चे | |
| ३०. | मादेस्थान मन्दिर | वडा नं.८, लाँगर्चे | |
| ३१. | भुमेस्थान (डुप्छ्यु) | वडा नं.२, बरुवा | |
| ३२. | भोताङ देवी मन्दिर | वडा नं.३, भोताङ | |
| ३३. | बच्छलामाई देवी मन्दिर | वडा नं.६, थाङपालधाप | |
| ३४. | सेती देवी मन्दिर | वडा नं.४, थाङपालकोट | |
| ३५. | भैरव थान मन्दिर | वडा नं.४, थाङपालकोट | |
| ३६. | चिलाउने सातकन्या देवी | वडा नं.४, थाङपालकोट | |

| | | | |
|---|---|---|---|
| | मन्दिर | | |
| | | प्रमुख घ्याङ्ग, गुम्बा | |
| १. | पुरानो गुम्बा | वडा नं.५, गुन्सा | |
| २. | नागी घ्याङ्ग | वडा नं.४, थाङपालकोट | |
| ३. | बगाङ घ्याङ्ग | वडा नं.२, बरुवा | |
| ४. | लाखाङ घ्याङ्ग | वडा नं.२, बरुवा | |
| ५. | आमा याङ्गरी | वडा नं.२, बरुवा | |
| ६. | भुमे स्थान | वडा नं.१, बाँसखर्क | |
| ७. | धार्मिक लहरे माने (स्तुपा) | वडा नं.१, बाँसखर्क | |
| ८. | भोताङ गुम्बा | वडा नं.३, भोताङ | |
| ९. | ओखरीनी गुम्बा | वडा नं.८, लाँगर्चे | |
| १०. | पेम्बा छेरिङ गुम्बा | वडा नं.८, लाँगर्चे | |
| ११. | लाँगर्चे गुम्बा | वडा नं.८, लाँगर्चे | |
| १२. | साङ्छ्योलिङ गुम्बा | वडा नं.६, थाङपालधाप | |
| १३. | सिङ्गार लहरे माने | वडा नं.४, थाङपालकोट | |
| १४. | सेतो माने | वडा नं.४, थाङपालकोट | |
| | | डाँडा, थुम | |
| १. | च्योच्यो डाँडा | वडा नं.५, गुन्सा | |
| २. | थामडाँडा (नागीडाँडा) | वडा नं.४, थाङपालकोट | |
| ३. | थामडाँडा(लेखर्क) | वडा नं.६, थाङपालधाप, टार | |
| ४. | सुर्के डाँडा | वडा नं.५, गुन्सा | |

| | | | |
|---|---|---|---|
| ५. | गोब्रे डाँडा | वडा नं.७, भोटेनाम्लाङ | |
| ६. | थाल डाँडा | वडा नं.७, भोटेनाम्लाङ | |
| ७. | ओखेनी डाँडा | वडा नं.८, लाँगर्चे | |
| ८. | गोछ्यो ज्योओस्थान | वडा नं.१, बाँसखर्क | |
| ९. | झुल्के डाँडा | वडा नं.४, थाङपालकोट | |
| चट्टान (शिला) | | | |
| १. | ड्रागन चट्टान (शिला) | वडा नं.२, बरुवा | १०० फिट लम्बाई र ३० फिट चौडाई रहेको चट्टान |
| २. | हात्ति ढुङ्गा | वडा नं.५, गुन्सा | ठूलो ढुङ्गा जहाँबाट काठमाडौं शहर देख्न सकिने |
| ३. | बाँदर पहरा | वडा नं.६, थाङपालधाप | |
| ४. | गाईपाईले (देउराली) | वडा नं.६, थाङपालधाप | |
| गुफा | | | |
| १. | ढुखाङ गुफा | वडा नं.३, भोताङ | |
| २. | ड्रागन गुफा | वडा नं.३, भोताङ | |
| ३. | गोन्जलापास | वडा नं.३, बरुवा | |
| ४. | गुफा डाँडा नयाँ बस्ती | वडा नं.६, थाङपालधाप | |
| ऐतिहासिक स्थल | | | |
| १. | हबेली | वडा नं.३, भोताङ | |
| भञ्जयाङ् | | | |
| १. | गाङ्जाला भञ्जयाङ् | वडा नं.२, बरुवा | |
| २. | कागते भञ्जयाङ् | वडा नं.६, थाङपालधाप | |

| झरना तथा छाँगो | | | |
|---|---|---|---|
| १. | ग्युङ्गर खोलाको झरना (छिम्ती झरना) | वडा नं.३, भोताङ | |
| २. | भुत्तेको छाँगो | वडा नं.६, थाङपालधाप | |
| ३. | खड्कुले छाँगो | वडा नं.२, बरुवा | |
| ४. | धुस्लुङ छाँगा | वडा नं.४, थाङपालकोट | |
| ५. | आकासे छाँगा | वडा नं.४, थाङपालकोट | |

**स्रोतः गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५), जिल्ला वस्तुगत विवरण सिन्धुपाल्चोक (२०७१)**

## १५. जनसंख्या वितरणको अवस्था(राष्ट्रिय जनगणना २०५८-२०६८ तथा गा.पा. घरधुरी सर्वेक्षण)

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाँउपालिका स्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ घरधुरीबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ ।

**तालिका नं.६- जनसङ्ख्याको विवरण तालिका**

| विवरण | गणना वर्ष | | गा.पा. घरधुरी सर्वेक्षण |
|---|---|---|---|
| | २०५८ | २०६८ | २०७४ |
| जनसंख्या | २२१२७ | २०८६० | ३४,६९७ |
| परिवार संख्या | ४७१५ | ५००७ | ७,८०३ |
| जनसंख्याको लैगिंक अनुपात | १०२.८६ | १०३.४१ | १०४.५३ |
| जनघनत्व | ११९ | ११२ | १८६ |
| औषत वृद्धिदर (१०-१० वर्षमा) | | -५.७२% | ६६.३३% |
| परिवारको औषत आकार | ४.६९ | ४.१६ | ४.४४ |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५), राष्ट्रिय जनगणना प्रतिवेदन (२०५८ र २०६८)**




माथिको तालिका तथा बारमा पाँचपोखरी थाङ्पाल गाँउपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ । राष्ट्रिय जनगणना, २०५८ अनुसार पाँचपोखरी थाङ्पाल गाँउपालिकाको जनसंख्या २२,१२७ रहेको छ जस मध्ये पुरुष ५०.७१ प्रतिशत (११,२२० जना) र महिला ४९.२९ प्रतिशत (१०,९०७ जना) रहेका छन्। सोहीअनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या १०२.८६ रहेको छ। जनघनत्व ११९ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाँउपालिकाका कुल जनसंख्या २०,८६० रहेको छ जस मध्ये पुरुष ५०.८४ प्रतिशत (१०,६०५ जना) र महिला ४९.१६ प्रतिशत (१०,२५५जना) रहेका छन्। सोहीअनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या १०३.४१ रहेको छ। जनघनत्व ११२ जना प्रति वर्ग किलोमिटर रहेको छ । यसरी राष्ट्रिय जनगणना २०५८ र २०६८ लाई दाँज्ने हो भने २०६८ सालमा आएर यस गाँउपालिकामा जनसङ्ख्यामा ह्रास आएको देखिन्छ, यस जनगणना सम्म आईपुग्ने बेलामामा केही मानिसहरु बसाई सरी अन्यत्र गएको देखिन्छ । विशेष गरी काठमाडौ शहर र केही मानिसहरु विदेशिएका थिए । त्यसै गरी नेपाल नयाँ संघिय संरचनामा गईसकेपछि तथा स्थानीय सरकार बनेपछि गरेको गाँउपालिका स्तरीय घरधुरी सर्वेक्षण अनुसार गाँउपालिकाको कुल घरपरिवार ७८०३ तथा कुल जनसङ्ख्या ३४,६९७ रहेको छ, जसमध्ये पुरुष ५१.१० प्रतिशत (१७,७३३ जना) र महिला ४८.९०

प्रतिशत (१६,९६४ जना) रहेका छन्। सोहीअनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या १०४.५३ रहेको छ। जनघनत्व १८६ जना प्रति वर्ग किलोमिटर रहेको छ।

राष्ट्रिय जनगणना २०५८, २०६८ तथा घरधुरी सर्वेक्षण २०७५ लाई हेर्दा घरपरिवारको औषत आकारमा भने खासै भिन्नता आएको छैन र घरपरिवारको औषत आकार प्रति परिवार ४ जना भन्दा माथि तर ५ जना भन्दा कम रहेको छ। राष्ट्रिय जनगणना २०६८ पश्चात् २०७५ साल सम्म आईपुग्दा घरधुरी सर्वेक्षणले देखाए अनुरुप यस गाँउपालिकाको जनसङ्ख्यामा अत्यधिक वृद्धि भएको देखिन्छ, जस अनुसार विगत ७ वर्षमा जनङ्ख्यामा ६६.३३% ले वृद्धि भएको छ भने घरपरिवारको सङ्ख्यामा पनि ५५.८४% ले वृद्धि हुन आई हाल ७,८०३ रहेको छ। यस तालिकाले देखाए अनुसार हाल मानिसहरुको गाँउ केन्द्रित बसाँई बढी हुने गरेको र विकासका सम्भावनाहरु गाँउ स्तरमा बढी भएकाले अन्यत्र बसाँई नसरी गाँउमा नै बस्ने गरेको पाईन्छ। नेपालमा परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। हाल यस गाँउपालिकामा प्रति परिवार औषत ४.४४ जना सदस्य रहेको देखिन्छ। जुन परिवारको आकार नेपालको औषत आकार भन्दा केही कम रहेको छ।

## क. वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण

कुल ८ वडामा संरचित यस पाँचपोखरी थाङ्पाल गाँउपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ७ रहेको छ जसमा जम्मा जनसंख्या ५,४२२ जहाँ पुरुषको २,७७० जना र महिलाको २,६५२ जना रहेका छन्। यस वडाको औसत परिवार आकार ३.८३ र घरधुरी संख्या १४१४ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ५ रहेको छ जसको जनसंख्या ३,२७१ पुरुष १,६८९ जना र महिलाको १,५८२ जना) रहेको छ भने घरधुरी संख्या ६९० र औषत परिवार संख्या ४.७४ रहेको छ। सबै भन्दा बढी जनघनत्व भएको वडा नं ६ रहेको छ जसको जनघनत्व ३६६.७३ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने वडा नं २ मा सबैभन्दा कम जनघनत्व ८७.४६ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ। जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.७- वडा अनुसार घरधुरी तथा जनसङ्ख्याको विवरण**

| वडा नं. | घर परिवार संख्या | पुरुष | महिला | जम्मा | क्षेत्रफल वर्ग कि.मि. | जनघनत्व | मुख्य बस्तीहरु |
|---|---|---|---|---|---|---|---|
| १ | ९५७ | १९८४ | १९९१ | ३९७५ | १४.९७ | २६५.५३ | डाङ्दुवा, रातमाटे, घ्याङ्टोल, जतन, पुजारी टोल |
| २ | ८४० | २०८९ | १९४३ | ४०३२ | ४६.१ | ८७.४६ | सिमपानी, घ्याङ्टोल, ग्याङ्खर्क, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | याङ्री, बोलगाँउ, सुनचौर, रिपार, साल्मे |
| ३ | ९५४ | २५१० | २३०३ | ४८१३ | २८.६२ | १६८.१६ | यार्सा, ठूलो भोताङ, ,छिम्ती, मजुवा, म्यूगाँउ, घ्यालसिङ |
| ४ | ९७२ | २३६८ | २३४० | ४७०८ | २१.८ | २१५.९६ | रैथाने, मानेखर्क, खलंगा, नाघीघ्याङ, ढाडखर्क |
| ५ | ६९० | १६८९ | १५८२ | ३२७१ | २४.२४ | १३४.९४ | थाङ्पाल |
| ६ | १२०७ | २५७६ | २४७४ | ५०५० | १३.७७ | ३६६.७३ | सिमपानी, डाँडाटोल, मित्रता चोक, टार, लेखर्क, आमदुर्गे, शेरा, स्कूल एरिया, पौडेल डाँडा, आरुबोटे, थुम्की |
| ७ | १४१४ | २७७० | २६५२ | ५४२२ | २१.१२ | २५६.७२ | तिपेनी वारी बजार, माझरुम्टी, भोटेगाँउ, छाप, पण्डित टोल, देविथान, सिलवाल टोल, सार्की टोल, गुरुङ टोल, भुजुङे, फाप्रे, दनुवार गाँउ |
| ८ | ७६९ | १७४७ | १६७९ | ३४२६ | १६.६७ | २०५.५१ | ओखेनी, ओडारे, घ्याङटोल, गुरुङ टोल, लप्से, कोटगाँउ, आगैं, पूराना गाँउ, लागर्चे मा.वि. क्षेत्र, वडा कार्यलय क्षेत्र, तिपेनी पारी |
| **जम्मा** | **७,८०३** | **१७,७३३** | **१६,९६४** | **३४,६९७** | **१८७.२९** | **२१२.६२** | |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण** (२०७५)




## ख. उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण

**तालिका नं.८- उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण**

| उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ५ वर्ष भन्दा मुनि | १४७२ | १६०२ | ३०७४ |
| ६ - १८ वर्षसम्म | ४०६५ | ४३३७ | ८४०२ |
| १९ - ४५ वर्षसम्म | ७९७० | ८२७३ | १६२४३ |
| ४६ – ७५ वर्षसम्म | ३१०६ | ३२३४ | ६३४० |
| ७५ वर्षसम्म भन्दा माथि | ३५१ | २८७ | ६३८ |
| जम्मा | १६९६४ | १७७३३ | ३४६९७ |

स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५)




यस गाँउपालिकामा घरधुरी सर्वेक्षण २०७५ ले देखाए अनुसार सबैभन्दा बढी जनसङ्ख्या १९-४५ उमेर समुहमा देखिन्छ, जसमा १६,२४३ अर्थात कुल जनसङ्ख्याको ४६.८२% यस उमेर समुहमा पर्दछ । यसमा ७,९७० महिला र ८,२७३ जना पुरुषहरु रहेका छन् । त्यस्तै दोस्रोमा ६-१८ उमेर समुहका ८,४०२, जसमा ४,०६५ महिला र ४,३३७ पुरुषहरु रहेका छन् । यसले फेरी पनि युवा जनशक्तिको सङ्ख्या बढी नै हुने देखाउँछ । सबैभन्दा कम जनसङ्ख्या ७५ वर्षभन्दा माथिको उमेर समुहको रहेको छ, जसमा कुल ६३८ मानिसहरु रहेका छन् ति मध्ये ३५१ जना महिला तथा २८७ जना पुरुषहरु रहेका छन् । यस गाँउपालिकाको कुल जनसङ्ख्याको यो १.८३% मात्र जनसङ्ख्या हो । यसरी माथिको आँकडालाई विश्लेषण गर्ने हो भने उर्जावान मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्य देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आगामी दिनहरूमा पनि यस गाँउपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ ।

## ग. आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था

**तालिका नं.९- आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था**

| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १९ देखि ४५ | ८२७३ | ७९७० | १६२४३ | ४६.८२ |
| **जम्मा** | **८,२७३** | **७,९७०** | **१६,२४३** | **४६.८२** |

स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५)




प्रायशः मानिसहरु १९ वर्षदेखि आफ्नो पढाई सँगसँगै आर्थिक रुपमा पनि क्रियाशिल हुदैं जान्छन् र बिस्तारै आर्थिक सम्पन्नता तिर उन्मुख हुन्छन् । यस गाँउपालिकाको घरधुरी सर्वेक्षण २०७५ ले देखाए अनुसार र छुट्टाएका भिन्न भिन्न उमेर समुह अनुरुप हेर्दा १९-४५ उमेर समुहका मानिसहरु अन्य उमेर समुहका तुलनामा शारिरीक, आर्थिक रुपमा सक्रिय तथा बलिया हुन्छन् । जस अन्र्तगत गाँउपालिकाको कुल जनसङ्ख्याको ४६.८२% जनता अर्थात १६,२४३ मानिसहरु जसमा ८,२७३ पुरुष र ७,९७० महिलाहरु आर्थिक रुपमा सक्रिय रहेको देखाएको छ ।

## घ. मातृभाषाको आधारमा जनसंख्याको विवरण

घरधुरी सर्वेक्षण २०७४ ले यस पाँचपोखरी थाङ्पाल गाँउपालिकाभित्र अक्सर बसोबास गर्ने व्यक्तिहरुले बोल्ने मातृभाषाको सङ्ख्या जम्मा जम्मी ८ वटा रहेको देखाएको छ । यस क्षेत्रमा अधिकांश मानिसहरु तामाङ् जाति भएका कारण मातृभाषाको रुपमा सबैभन्दा बढी तामाङ् भाषा बोल्ने ५७.५०% मानिसहरु रहेका छन्, त्यस्तै गरी दोस्रोमा मातृभाषा नेपाली हुनेहरु भने २७.६१% रहेका छन् । साथै तेस्रोमा नेवार मातृभाषा हुनेहरु ५.४५% रहेका छन् । यस पश्चात् क्रमशः मातृभाषा ह्योल्मो हुनेहरु ५.१९%, शेर्पा भाषीहरु २.०८%, गुरुङ् मातृभाषा हुनेहरु १.४९%, दनुवार भाषीहरु ०.५०% र अन्य मातृभाषा हुनेहरु ०.१८% रहेका छन् । कामकाजको भाषा भने नेपाली भाषा प्रयोग हुने गरेको छ । मातृभाषाको विस्तृत विवरण तल तालिकामा देखाईएको छ ।

तालिका नं.१०-मातृभाषाको आधारमा जनसंख्याको विवरण

| क्र.सं. | मातृभाषा | घरपरिवार | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाली | २१५५ | २७.६१ | |
| २ | तामाङ | ४४८७ | ५७.५० | |
| ३ | शेर्पा | १६२ | २.०८ | |
| ४ | नेवार | ४२५ | ५.४५ | |
| ५ | ह्योल्मो | ४०५ | ५.१९ | |
| ६ | गुरुङ् | ११६ | १.४९ | |
| ७ | दनुवार | ३९ | ०.५० | |
| ८ | अन्य | १४ | ०.१८ | |
| **जम्मा** | | **७,८०३** | **१००** | |

**स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण** (२०७५)




## ङ. धर्मको आधारमा जनसंख्याको विवरण

यस गाँउपालिका भित्र हालसम्म विशेषगरी तीन वटा धर्म मान्ने मानिसहरुको बसोबास रहि आएको छ । यस गाँउपालिकामा ६८% मानिसहरुले बौद्ध धर्म मान्ने गरेको पाईन्छ । त्यस्तै गरी ३०.३५% मानिसहरुले सनातन धर्म हिन्दुलाई अपनाएको देखिएको छ र सबैभन्दा कम १.६५% मानिसहरुले क्रिश्चियन धर्म मान्दै आएका छन् । यहाँ आफ्नो जात तथा धर्म अनुसार छुट्टा छुट्टै चाडपर्व तथा

रहनसहन गर्दै आएता पनि धार्मिक सहिष्णुता भने रहेको पाईन्छ । प्राय एक धर्मावलम्बीले मान्ने गरेको चाडपर्व हर्षोल्लासका साथ अन्य धर्म मान्नेले पनि मान्नु र भाईचारा सम्बन्ध हुनु यहाँको एक महत्वपूर्ण विशेषता हो । विस्तृत धर्मको विवरण तलको तालिकामा देखाईएको छ ।

**तालिका नं.११-धर्मको आधारमा जनसंख्याको विवरण**

| क्र.सं. | धर्म | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | २३६८ | ३०.३५ |
| २ | बौद्ध | ५३०६ | ६८ |
| ३ | क्रिश्चियन | १२९ | १.६५ |
| **जम्मा** | | **७,८०३** | **१००** |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५)**

**धर्मको आधारमा जनसंख्याको विवरण(प्रतिशतमा)**




## च. जातियताको आधारमा जनसंख्याको विवरण

पाँचपोखरी गाँउपालिकाको सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। घरधुरी सर्वेक्षण, २०७४ अनुसार यस गाँउपालिकामा कुल १२ किसिमका जातजातिको बसोबास रहेको पाईन्छ । यसरी यस गाँउपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी जाति तामाङ ४,६५० घरपरिवार (५९.५९%), दोस्रोमा क्षेत्री ९७३ घरपरिवार (१२.४९%) र तेस्रोमा दलित ५२४ घरपरिवार (६.७१ %), नेवार ४५७ घरपरिवार (५.८७ %), अन्य २९१ घरपरिवार (३.७३ %), ह्योल्मो २२८ घरपरिवार (२.९२ %), गुरुङ १९७ घरपरिवार (२.५२ प्रतिशत), शेर्पा १६१ घरपरिवार ( २.०६ %), ब्राह्मण १५७ (२.०१%), भुजेल ९० घरपरिवार (१.१५%), दनुवार ५५ घरपरिवार (०.७०%) र मगर २० घरपरिवार (०.२५%) रहेका छन् । जसको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१२- जातियताको आधारमा जनसंख्याको विवरण**

| क्र.सं. | जातियता | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | १५७ | २.०१ |
| २ | क्षेत्री | ९७३ | १२.४९ |
| ३ | नेवार | ४५७ | ५.८७ |
| ४ | भुजेल | ९० | १.१५ |
| ५ | शेर्पा | १६१ | २.०६ |
| ६ | ह्योल्मो | २२८ | २.९२ |
| ७ | गुरुङ्ग | १९७ | २.५२ |
| ८ | दनुवार | ५५ | ०.७० |
| ९ | तामाङ् | ४६५० | ५९.५९ |
| १० | मगर | २० | ०.२५ |
| ११ | दलित | ५२४ | ६.७१ |
| १२ | अन्य | २९१ | ३.७३ |
| **जम्मा** | | **७,८०३** | **१००** |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५)**



## छ. लिंग र उमेरका आधारमा घरमुलीको विवरण

चौधौं योजनामा उल्लेख भए अनुसार नेपालमा महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसै तथ्यांकलाई आधार मानी स्थानिय सरकारको रुपमा गठित गाउँपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ ।

**तालिका नं.१३- लिङ्गको आधारमा जनसंख्याको विवरण**

| वडा नं. | महिला घरमुली | पुरुष घरमुली | जम्मा |
|---|---|---|---|
| १ | १०३ | ८५४ | **९५७** |
| २ | ६६ | ७७४ | **८४०** |
| ३ | ८१ | ८७३ | **९५४** |
| ४ | १२० | ८५२ | **९७२** |
| ५ | ४९ | ६४१ | **६९०** |
| ६ | १२२ | १०८५ | **१२०७** |
| ७ | १२८ | १२८६ | **१४१४** |
| ८ | ७६ | ६९३ | **७६९** |
| **जम्मा** | **७४५** | **७,०५८** | **७,८०३** |
| **प्रतिशत** | **९.५५%** | **९०.४५%** | **१००%** |

**स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५)**




गाँउपालिका स्तरीय घरधुरी सर्वेक्षण २०७५ को नतिजाअनुसार जम्मा ७,८०३ घरधुरी संख्या रहेको यस गाँउपालिकामा ९०.४५ प्रतिशत घरमा पुरुषहरू नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ९.५५ प्रतिशत घरमा महिलाहरू घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। यो अवस्था समग्र देशको अवस्था भन्दा निक्कै कमदेखिन्छ। यस गाँउपालिकामा महिला घरमूलीको सङ्ख्या पुरुष घरमूलीको भन्दा ८०.९ प्रतिशतले कम रहेका छन्।

## ज. अपांगताको आधारमा जनसंख्या (Population by disability)

गाँउपालिका भित्र २५ जना पुरुष र १७ जना महिला गरी ४२ जना पूर्ण अपांग भएका मानिसहरु र ६३ जना पुरुष र ४२ जना महिला गरी जम्मा १०५ आशिंक अपांगता भएका मानिसहरु रहेका छन्।

**तालिका नं.१४- अपांगताको आधारमा जनसंख्याको विवरण**

| लिंग | अपांगताका आधारमा जनसंख्या | | | |
|---|---|---|---|---|
| | पूर्ण अपांगतासङ्ख्या | आशिंक अपांगता सङ्ख्या | कुल जनसंङ्ख्या | कैफियत |
| पुरुष | २५ | ६३ | ८८ | |
| महिला | १७ | ४२ | ५९ | |
| **जम्मा** | ४२ | १०५ | १४७ | |

**स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५)**




## झ. स्वामित्वको आधारमा घरपरिवारको बसोबासको अवस्था

यस गाँउपालिकामा स्वामित्वको आधारमा हेर्ने हो भने अधिकांश घरपरिवारको स्वामित्व ९९.३२ प्रतिशत अर्थात ७,७५० घरपरिवारहरु निजी रहेका छन् । त्यस्तै गरी ०.५२ प्रतिशत (४१ घरपरिवार) घरपरिवारको स्वामित्व गुठी रहेको छ र ०.१६ प्रतिशत (१२ घरपरिवार) सम्पूर्ण स्वामित्व मोहियानी रहेको छ। तसर्थ, गाँउपालिका भित्र घर र जग्गामाथि धेरै जसो घरपरिवारहरुको आफ्नै स्वामित्व रहेको छ। तल तालिकामा विस्तृत रुपमा देखाईएको छ।

**तालिका नं.१५- स्वामित्वको आधारमा जनसंख्याको विवरण**

| क्र.स. | स्वामित्वको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निजी | ७७५० | ९९.३२ |
| २ | गुठी | ४१ | ०.५२ |
| ३ | मोहियानी | १२ | ०.१६ |
| ४ | अन्य | ० | ० |
| **जम्मा** | | **७,८०३** | **१००** |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण** (२०७५)



## ञ. खानेपानीको श्रोतको आधारमा घरपरिवार सम्वन्धी विवरण.

यस गाँउपालिका पानीको स्रोतको हिसाबले निक्कै नै धनी रहेको छ । यहाँका मानिसहरुले विभिन्न स्रोतबाटखानेपानी पिईरहेका छन् । यसरी गाँउपालिका भित्र रहेका घरपरिवारले प्रयोग गर्दै आएको खानेपानीको अवस्थालाईविश्लेषण गर्ने हो भने यहाँको ६,६५८ घरपरिवार अर्थात ८५.३२ प्रतिशतले सुरक्षित पाईप लाईनबाट पानी पिईरहेकाछन्, त्यस्तै १,०६१ अर्थात १३.६० प्रतिशत घरपरिवारले मुलको पानी प्रयोग गर्दै आएका छन् । अन्य स्रोतहरुलाई तलकोतालिकामा देखाईएको छ । यसरी यस गाँउपालिकाका अधिकांश घरपरिवारहरुले सुरक्षित पानी पिईरहेता पनि बेलाबेलामा पहिरो तथा पानी सुक्ने समस्याले गर्दा यहाँका मानिसहरु बढी चिन्तित रहेका छन् । तसर्थ, त्यस्ता ठाँउहरुकोपहिचान गरी ठोस तथा स्थायी रुपमा खानेपानीको पाईप लाईनलाई स्थापित गरी योजना तर्जुमा गर्नु अत्याश्यक रहेकोछ ।

**तालिका नं.१६- खानेपानी श्रोतको आधारमा घरपरिवार सम्बन्धी विवरण**

| क्र.स. | खानेपानीको श्रोतहरु | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मुल | १०६१ | १३.६० |
| २ | सुरक्षित पाईप लाईन | ६६५८ | ८५.३२ |
| ३ | कुवा | ४६ | ०.५९ |
| ४ | खोल्सा | ५ | ०.०७५ |
| ५ | खोला | २ | ०.०२५ |
| ६ | अन्य | ३१ | ०.३९ |
| | **जम्मा** | **७,८०३** | **१००** |

**स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण** (२०७५)




## ट. शौचालय प्रयोगको आधारमा घरपरिवार विवरण

भूकम्प पश्चात् यहाँका सबै संरचनाहरु तहसनहस भएका थिए । हाल सम्म पनि यहाँका मानिसहरुले पूर्ननिर्माण कार्यलाई तिव्रता दिदैं आएका छन् । यहाँका घर तथा शौचालयहरु बन्ने क्रममा रहेका छन् । शौचालयको अवस्थालाई हेर्दा यहाँका ६७.९४ प्रतिशत घरपरिवारले अझै पनि अस्थायी शौचालय प्रयोग गरिरहेका छन् भने ३२.०६ प्रतिशतले स्थायी शौचालय प्रयोग गरि आएका छन् ।

**तालिका नं.१७- शौचालय प्रयोगको आधारमा घरपरिवार विवरण**

| क्र.स. | शौचालयको प्रकार | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्थायी शौचालय | २५०१ | ३२.०६ |
| २ | अस्थायी शौचालय | ५३०२ | ६७.९४ |
| **जम्मा** | | **७,८०३** | **१००** |

**स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण** (२०७५)




## ठ. बसाई सराई सम्बन्धी विवरण

गाँउपालिका भित्र जम्मा गरी २२ घर परिवारको बसाईसराई भएको देखिन्छ । सबैभन्दा बढी बँसाईसराई गाँउपालिकाको वडा नं.६, थाङपालधापमा भएको देखिन्छ, जहाँ १२ परिवार बँसाईसराई आएको देखिन्छ । गाँउपालिकाको वडा नं.१ बाँसखर्क र वडा नं.५ गुन्सामा भने बँसाईसराई नभएको देखिन्छ ।

**तालिका नं.१८-बसाई सराई सम्बन्धी विवरण**

| क्र.स. | वडा नं. र नाम | बसाईसराई घरपरिवार संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.२, बरुवा | २ | |
| २ | वडा नं.३, भोताङ | १ | |
| ३ | वडा नं.४, थाङपालकोट | २ | |
| ४ | वडा नं.६, थाङपालधाप | १२ | |
| ५ | वडा नं.७, भोटेनाम्लाङ | ३ | |
| ६ | वडा नं.८, लाँगर्चे | २ | |
| **जम्मा** | | **२२** | |

**स्रोतः वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण** (२०७५)




## ङ. स्वामित्वको प्रकारको आधारमा महिला घरमुली र पुरुष घरमुलीसम्बन्धी विवरण

गाँउपालिका घरधुरी सर्वेक्षण २०७५ अनुसार कुल ७,८०३ घरपरिवार मध्ये ९.५५% महिला घरमुली भएका परिवार रहेको छ भो ९०.४५% पुरुष घरमुली भएका परिवार रहेको छ। जसको अर्थ यस गाँउपालिकामा पनि पितृसत्तात्मक सोच हावी भएको देखिन्छ।

**तालिका नं.१९- महिला तथा पुरुष घरमुली सम्बन्धी विवरण**

| क्र.सं. | स्वामित्वको विवरण | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | महिला घरमुली भएका परिवार | ७४५ | ९.५५ |
| २ | पुरुष घरमुली भएका परिवार | ७०५८ | ९०.४५ |
| जम्मा | | ७,८०३ | १०० |

**स्रोतः पाँचपोखरी थाङपाल गाँउपालिका घरधुरी सर्वेक्षण** (२०७५)




## ढ. जेष्ठ नागरिक तथा एकल महिलाहरुको विवरण (आ.व.२०७४।०७५)

गाँउपालिका भित्र ६१३ महिला जेष्ठ र ७१५ पुरुष वेष्ठ नागरिक, ४७ जेष्ठ दलित महिला र ५३ जेष्ठ दलित पुरुष, कुल ६७४ जना एकल महिला, १७ महिला र २५ पुरुष पूर्ण अपांग तथा ४२ महिला र ६३ पुरुष आशिंक अपांग रहेका छन् ।

**तालिका नं.२०-जेष्ठ नागरिक तथा महिलाहरुको विवरण**

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | **जेष्ठ नागरिक (७० वर्षमाथि)** | १३३० | |
| १.१ | महिला | ६१३ | |
| १.२ | पुरुष | ७१५ | |
| **जम्मा** | | **१३३०** | |
| | **जेष्ठ दलित** | १०० | |
| | महिला | ४७ | |
| | पुरुष | ५३ | |
| **जम्मा** | | **१००** | |
| २. | **कुल एकल महिला** | **६७४** | |
| ३ | **लोपोन्मुख जाति** | ० | |
| ४ | **जम्मा पूर्ण अपांग :४२**<br>महिला : **१७**<br>पुरुष : **२५** | **४२** | |

| ५ | **जम्मा आशिंक अपांग :१०५**<br>महिला : ४२<br>पुरुष : ६३ | **१०५** | |
|---|---|---|---|
| | | | |

**स्रोत: पाँचपोखरी थाङपाल गाँउपालिका, वडा कार्यलयहरु (२०७५)**




## ण. वडा अनुसार सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण

सामाजिक सुरक्षा भत्ता अर्न्तगत यस गाँउपालिकामा जम्मा २२९२ जना व्यक्तिहरुले बुझ्ने गरेका छन् । जसमा १३२९ जेष्ठ नागरिक, १०० दलित जेष्ठ नागरिक, ६७४ एकल महिला, ४२ दलित बालबालिका र ४२ जना पूर्ण अपांग र १०५ आशिंक अपांग रहेका छन् । वडा अनुसार विभाजन तलको तालिकामा दिईएको छ ।

**तालिका नं.२१-वडा अनुसार सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण**

| वडा नं. | जेष्ठ नागरीक | | | दलित जेष्ठ नागरीक | | | एकल महिला | दलित बालबालिका | | | आंशिक अपांग | | | पूर्ण अपांग | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | ८९ | ८५ | १७४ | ७ | ६ | १३ | ९३ | २ | ७ | ९ | ५ | ९ | १४ | २ | ७ | ९ | ३१२ |
| २ | ९४ | ७४ | १६८ | ५ | ६ | ११ | ९४ | १ | ३ | ४ | ४ | ६ | १० | १ | ३ | ४ | २९१ |
| ३ | ६१ | १०४ | १६५ | ० | १ | १ | ८१ | २ | २ | ४ | ३ | १५ | १८ | २ | २ | ४ | २७३ |
| ४ | ८५ | ९८ | १८३ | ८ | ७ | १५ | ११५ | ३ | २ | ५ | ५ | ३ | ८ | ३ | २ | ५ | ३३१ |
| ५ | ५९ | ४७ | १०६ | २ | ३ | ५ | ४९ | ३ | २ | ५ | १ | २ | ३ | ३ | २ | ५ | १७३ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ७५ | ७८ | १५३ | १३ | २० | ३३ | ९९ | २४ | २६ | ५० | ८ | ८ | १६ | ० | ० | ० | ३५१ |
| ७ | १०५ | १२३ | २२८ | ७ | ४ | ११ | ७८ | ५ | ० | ५ | ९ | ६ | १५ | ५ | ० | ५ | ३४२ |
| ८ | ४५ | १०७ | १५२ | ५ | ६ | ११ | ६५ | १ | ९ | १० | ७ | १४ | २१ | १ | ९ | १० | २६९ |
| **जम्मा** | **६१३** | **७१६** | **१३२९** | **४७** | **५३** | **१००** | **६७४** | **१७** | **२५** | **४२** | **४२** | **६३** | **१०५** | **१७** | **२५** | **४२** | **२३४२** |

**स्रोत: वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**




## त.    साक्षरताको आधारमा जनसंख्याको बिबरण

गणना वर्ष २०५८ र २०६८ लाई दाँज्दा यहाँ विगत १० वर्षको अवधिमा पुरुष साक्षरता दरमा १८ प्रतिशत वृद्धि भएको देखिन्छ भने महिला साक्षरता दरमा पनि २० प्रतिशत वृद्धि भएको पाईन्छ । जनगणना वर्ष २०५८ मा २६.७५% रहेको यस गाँउपालिकाको कुल साक्षरता दर २०६८ मा आई पुग्दा वृद्धि भई ४५.४६% रहन पुगेको छ । यसरी समग्रमा हेर्दा यहाँ साक्षरता दर वर्ष पिच्छै बढ्दै गएको पाईन्छ । जसको अर्थ यहाँका मानिसहरुको जनचेतना स्तरमा वृद्धि भएको र सबैका लागि शिक्षा भन्ने मुल मर्मलाई आत्मसात् गरेको देख्न सकिन्छ ।

**तालिका नं.२२-साक्षरताको आधारमा जनसंख्याको विवरण**

| विवरण | गणना वर्ष | |
|---|---|---|
| | २०५८ | २०६८ |
| कूल साक्षरता दर | २६.७५% | ४५.४६% |
| पुरुष साक्षरता दर | ३४.८७% | ५२.१२% |
| महिला साक्षरता दर | १८% | ३८.४९% |

स्रोत: राष्ट्रिय जनगणना प्रतिवेदन (२०५८ र २०६८)




## थ. वडा अनुसार साक्षरता प्रतिशत विवरण

विगत दुई जन गणना वर्ष २०५८ र २०६८ को साक्षरता दरलाई वडागत रुपमा तल प्रस्तुत गरिएको छ। सबै वडाको समग्रमा हेर्दा यहाँको प्रत्येक वडामा विगतका दुई जनगणना वर्ष २०५८ र २०६८ तुलना गर्दा लगभग दुईगुणाले वृद्धि भएको पाईन्छ। जसको विस्तृत विवरण तल दिएको छ।

**तालिका नं.२३-वडा अनुसार साक्षरता प्रतिशत विवरण**

| वडा नं. | साक्षरता दर | | गणना वर्ष २०५८ | गणना वर्ष २०६८ |
|---|---|---|---|---|
| १ | **औषतमा** | | २४% | ४६.५७% |
| | महिला | | १६% | ३७.३९% |
| | पुरुष | | ३१% | ५५.२२% |
| २ | **औषतमा** | | १८% | ३७.३१% |
| | महिला | | १०% | ३४.५७% |
| | पुरुष | | २५% | ३९.९५% |
| ३ | **औषतमा** | | १७% | ४२.४४% |
| | महिला | | १३% | ३५.३९% |
| | पुरुष | | २१% | ४८.४६% |
| ४ | **औषतमा** | | ३७% | ४९.७५% |
| | महिला | | २५% | ४२.३९% |
| | पुरुष | | ४९% | ५७.४१% |
| ५ | **औषतमा** | | १७% | ४५.५७% |
| | महिला | | ८% | ३९.३१% |
| | पुरुष | | २४% | ५१.१५% |

| | | | | |
|---|---|---|---|---|
| ६ | **औषतमा** | | ३४% | ५४.७०% |
| | महिला | | २२% | ४५.८०% |
| | पुरुष | | ४५% | ६३.५५% |
| ७ | **औषतमा** | | ३३% | ४२.५६% |
| | महिला | | २४% | ३५.३५ |
| | पुरुष | | ४२% | ४९.६०% |
| ८ | **औषतमा** | | ३४% | ४४.५२% |
| | महिला | | २६% | ३७.७४% |
| | पुरुष | | ४२% | ५१.६२% |
| **जम्मा** | **औषतमा** | | **२६.७५%** | **४५.४६%** |
| | **महिला** | | **१८%** | **३८.४९%** |
| | **पुरुष** | | **३४.८७%** | **५२.१२%** |

**स्रोत : राष्ट्रिय जनगणना प्रतिवेदन (२०५८ र २०६८)**




## १६. गाँउपालिकाको शैक्षिक अवस्था तथा शैक्षिक संस्थाहरुको विवरण

यस पाँचपोखरी थाङ्गपाल गाउँपालिमा सामुदायिकविद्यालय अर्न्तगत ३३ वटा र गुठिद्धारा संञ्चालित १ वटा(गरि जम्मा ३४ वटा बिद्यालयहरुसञ्चालनमारहेकाछन्।जस मध्ये १० वटा माध्यमिक विद्यालय र २४ वटा आधारभूत विद्यालय रहेकाछन् ।सञ्चालित माध्यमिक विद्यालय अन्तर्गत थाङ्पालकोट,भोताङ र बरुवामागाउँपालिकाको सहयोगमा एक-एक ओटा मातृभाषा/गोन्पा शिक्षाको पठनपाठन हुँदै आएको छ । वडान १बाँसखर्कमा१ ओटा मा. वि.र २ ओटा आ.वि.गरेर जम्मा ३ ओटा विद्यालयहरु रहेका छन्। यी विद्यालयहरुको एक अर्काको दुरी पैदल३०मिनेटदेखि१ घण्टा सम्मको दुरीमा रहेका छन् ।वडा नं २बरुवा( यस गाँउपालिकाको भौगोलिक हिसाबले अरु भन्दाबिकट पर्दछ । यस वडामा १ मा.बि र बाँकी ४ वटा

आधारभूत बिद्यालयहरु रहेका छन् । यि बिद्यालयहरुको एकअर्काको दुरी पैदल कम्तिमा १० मिनेटदेखि३-४ घण्टा सम्म रहेका छन् ।त्यसैगरी वडा नं ३ भोताङमा ५ वटा विद्यालयहरु मध्ये १ वटा मा.वि र बाँकी ४ वटा आधारभूत विद्यालयहरु रहेका छन् । यी विद्यालयहरु बिच एक अर्काको दुरी कम्तिमा ३० मिनेटदेखि२ घण्टा सम्म रहेका छ ।वडा नं.४थाङपालकोट ८ वटै वडाहरु मध्ये भौगोलिक हिसाबले सुगम मानिन्छ । साथैयहाँको विद्यालय एक अर्काको दुरी १५ मिनेटदेखि ३०मिनेटसम्म रहेको छ । यस वडामा १५ मिनेटको दुरीमा २ वटा माध्यमिक विद्यालयरहेको छ । वडा नं ५ पनि भौगोलिक हिसाबले सुगम रहेको छ । यस वडाका २ विद्यालयहरु १५ मिनेटको दुरीम रहेको छ । वडा न.६ थाङ्पालधाप यस गाँउपालिकाको स्रोतकेन्द्र रहेको वडा हो । कक्षा १२ सम्म सञ्चालनमा रहेकोथाङ्पालधाप मा.वि यसै वडामा रहेको छ । बाँकी४ वटा आधारभुतविद्यालयहरु छन्, जहाँ एक अर्काविद्यालयको दुरी कम्तीमा १५ मिनेटदेखि १घण्टा सम्म रहेको छ । वडा न.६ भोटेनाम्लाङ मा २ वटा मा.वि र ३ वटा आ.विरहेको छ । यसै वडामा रहेको क्षेत्रपालेश्वरीमा.वि मा कक्षा १२ सम्म सञ्चालनमारहेको छ, साथै यसमा कृषि तथा प्रविधिक विषय पनि सञ्चालनमा रहेको छ । वडा नं.८ लाँगर्चेमा जम्मा ५ वटा विद्यालय रहेका छन्, जसमा एक विद्यालय १२ कक्षा सम्म सञ्चालनमा रहेको छ । बाँकी आधारभूत विद्यालयहरुको एक अर्का बिचको दुरी १० मिनेटदेखि २-३ घण्टा सम्म रहेको छ। विद्यालयहरुको दुरी र विद्यार्थीहरुको संङख्यालाई हेर्ने हो भने केही वडाका विद्यालयहरु गाभ्नपर्ने देखिन्छ । गाउँपालिकामा हाल सञ्चालनमा रहेका विद्यालयहरुतालिकामादेखाइएको छ ।

| वडा नं | विद्यालयको नाम | वडा नं. | विद्यालयको नाम |
|---|---|---|---|
| | बालविकास आधारभूत | | कुम्भेश्वरी आधारभूत |
| | भिमविद्याश्रम माध्यमिक | ५( गुन्सा) | सातकन्यामती माध्यमिक |
| १ (बाँसखर्क) | जनहित आधारभूत | | जुगल आधारभूत |
| | चण्डीका माध्यमिक | | थाङपालधाप माध्यमिक |
| | गणेश आधारभूत | | भूमेश्वरी आधारभूत |
| | धङजला आधारभूत | | गोल्मेश्वरी आधारभूत |
| | याङ्रीमा एकेडेमी | ६( थाङपालधाप) | बच्छलामाई आधारभूत |
| २ (बरुवा) | ग्याङखर्क आधारभूत | | क्षेत्रपालेश्वरी माध्यमिक |
| | लार्के आधारभूत | | गणेश आधारभूत |
| | डुखाङ्ग आधारभूत | | भोटेनाम्लाङ माध्यमिक |
| | सातकन्या आधारभूत | | बालसुधार आधारभूत |
| | भोताङदेवि माध्यमिक | ७ ( भोटेनाम्लाङ्) | पाँचपोखरी आधारभूत |
| ३( भोताङ) | गणेश आधारभूत | | पञ्चकल्या आधारभूत |
| | सातकन्या आधारभूत | | लागर्चे माध्यमिक |
| | चिलाउने माध्यमिक | | बालज्योती आधारभूत |
| | रैथाने माध्यमिक | | सरस्वती आधारभूत |
| ४( थाङपालकोट) | टालटुलेश्वरी आधारभूत | ८( लाँगर्चे) | नौलिङ्गेश्वरी आधारभूत |

स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)

जि.आइ.एस नक्सामा गाउँपालिमा रहेकोविद्यालयहरुको अवस्थि



## १७. वडास्तरीय जातजातीगत विद्यार्थी सङ्ख्या

| वडा नं. | बालविकास | | | | कक्षा १-५ | | | | कक्षा ६-८ | | | | कक्षा ९-१० | | | | कक्षा ११-१२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | द्यलित | आदिबासी/ जनजाती | अन्य | जम्मा | दलित | आदिबासी / जनजाती | अन्य | जम्मा | दलित | आदिबासी / ज्नजाति | अन्य | जम्मा | दलित | आदिबासी / ज्नजाति | अन्य | जम्मा | दलित | आदिबासी / जनजाति | अन्य | जम्मा |
| १. | ४ | ३६ | ० | ४० | २० | १५७ | ३ | १८० | ४ | ८९ | ० | ९३ | २ | ५३ | ० | ५५ | ० | ० | ० | ० |
| २. | २ | ६१ | ३ | ६६ | ३ | २०० | ४ | २०७ | २ | ६६ | ३ | ७१ | ० | २१ | १ | २२ | ० | ० | ० | ० |
| ३. | १ | १२१ | ० | १२२ | १३ | ३६४ | ० | ३७७ | ९ | १८३ | ० | १९२ | ४ | ४५ | ० | ४९ | ० | ० | ० | ० |
| ४. | ५ | ८८ | १८ | १११ | ३४ | २८७ | ४६ | ३६७ | १५ | २०६ | ४५ | २६६ | ३ | ९२ | २१ | ११६ | ० | ० | ० | ० |
| ५. | ० | ९३ | ० | ९३ | २ | २८४ | १ | २८७ | ० | १३५ | ० | १३५ | १ | ४० | १ | ४२ | ० | ० | ० | ० |
| ६. | ६ | ४० | ३१ | ७७ | ३४ | २२९ | ९७ | ३६० | १९ | ८१ | ६१ | १६१ | १० | १५ | ५१ | ७६ | १ | ३२ | २८ | ६१ |
| ७. | १२ | ८४ | २२ | ११८ | ३२ | ४४० | ७१ | ५४३ | ११ | १९४ | ४८ | २५३ | ६ | ७४ | ५१ | १३१ | ७ | २१ | ३९ | ६७ |
| ८. | २ | ४६ | २७ | ७५ | १२ | १७२ | ४६ | २३० | ८ | ५२ | ४२ | १०२ | १ | २८ | ३० | ५९ | ० | ५ | २१ | २६ |
| **जम्मा** | **३२** | **५६९** | **१०१** | **७०२** | **१५०** | **२,१३३** | **२६८** | **२, ५५१** | **६८** | **१,००६** | **१९९** | **१,२७३** | **२७** | **३६८** | **१५५** | **५५०** | **८** | **५८** | **८८** | **१५४** |

**स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)**

तालिकाको तथ्याङ्क अनुसार बालविकासदेखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुमा तामाङ मातृभाषी तथा आदिबासी जनजाति विद्यार्थीहरुको बाहुल्यता रहेको देखिन्छ । वडागत हिसाबले हेर्दा सबै भन्दा बढी वडा नं ७ भोटेनाम्लाङ्मा विद्यार्थीहरु देखिन्छन्, भने सबै भन्दा कम विद्यार्थी वडा नं. १ बाँसखर्कमा देखिन्छ ।




**Wardwise Student Denstiy Map**



## १८. २०७५ सालको विद्यार्थी भर्ना सङ्ख्या

| वडा नं. | बालविकास | | | कक्षा १-८ | | | कक्षा ९-१२ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १. | १९ | २१ | ४० | १३३ | १४० | २७३ | २९ | २६ | ५५ | **३६८** |
| २. | ३१ | ३५ | ६६ | १४२ | १३६ | २७८ | १० | १२ | २२ | **३६६** |
| ३. | ५४ | ६८ | १२२ | २७५ | २९४ | ५६९ | ३८ | ११ | ४९ | **७४०** |
| ४. | ५५ | ५६ | १११ | ३१९ | ३१४ | ६३३ | ६३ | ५३ | ११६ | **८६०** |
| ५. | ४३ | ५० | ९३ | २१९ | २०३ | ४२२ | २५ | १७ | ४२ | **५५७** |
| ६. | ३२ | ४५ | ७७ | २५९ | २६२ | ५२१ | ६० | ७७ | १३७ | **७३५** |
| ७. | ५९ | ५९ | ११८ | ३९९ | ३९७ | ७९६ | १०१ | ९७ | १९८ | **१११२** |
| ८. | २८ | ४७ | ७५ | १८७ | १४५ | ३३२ | ४९ | ३६ | ८५ | **४९२** |
| **जम्मा** | **३२१** | **३८१** | **७०२** | **१९३३** | **१८९१** | **३८२४** | **३७५** | **३२९** | **७०४** | **५२३०** |

**स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)**




यस पाँचपोखरी थाङ्पाल गाउँपालिकाकोस्रोतकेन्द्रबाट प्राप्त कोभए तथ्याङ्क अनुसार २०७५ सालको भर्ना विवरणमा जम्मा विद्यार्थी संख्या ५,२३० जना रहेकोदेखिन्छ । जसमा ४९.७३%छात्रहरु रहेको छ भने ५०.२७% छात्राहरु रहेको छ । तालिकालाई हेर्दा आधारभुत तहको भन्दा बालविकास तहमा विद्यार्थीहरु सङ्ख्या ज्यादै न्यून देखिन्छ । साथै माध्यमिक तहको विद्यार्थीको सङ्ख्या आधारभुतको भन्दा धेरै नै कम देखिन्छ । यसकोअर्थआधारभुत तह सकिएपछि विद्यार्थीहरु विद्यालय छोड्ने गरेको,गाउँपालिका भन्दा बाहिरका विद्यालयम पढ्न जाने गरेको तथाभूकम्पका कारण र अन्य विविध कारणहरुले गर्दाअन्यत्र गएकोअनुमान गर्न सकिन्छ ।

## १९. शिक्षक विवरण

| वडा नं. | नियुक्तिको प्रकार | | | | | | | | प्रा.वि. | | | | नि.मा.वि. | | | | मा.वि. | | | | शिक्षक विद्यार्थी अनुपात ( वडास्तरीय) | शिक्षक विद्यार्थी अनुपात गाँउपालिका स्तरीय | नेपाल सरकारको मापदण्ड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बा.वि. केन्द्र | स्था | अस्था | राहत | द्यालय | प्राविधिक शिक्षक | विद्यालय सहायक | निजि श्रोत | स्था | अस्था | राहत | निजि श्रोत | स्था | अस्था | राहत | निजि श्रोत | स्था | अस्था | राहत | निजि श्रोत | | | |
| १ | २ | १ | ६ | ७ | ३ | ० | १ | ४ | १ | ६ | २ | ४ | ० | ० | ३ | ० | ० | ० | २ | ० | १ : २२ | १ : ३२ | १:४० |
| २ | ३ | १ | ७ | ४ | ५ | ० | १ | ५ | १ | ७ | २ | ४ | ० | ० | २ | १ | ० | ० | ० | ० | १ : २५ | | |
| ३ | ४ | १ | ७ | ५ | ५ | ० | १ | ९ | १ | ७ | ३ | ८ | ० | ० | २ | ० | ० | ० | ० | १ | १ : ४७ | | |
| ४ | ३ | १ | ८ | १४ | ४ | ० | २ | ११ | १ | ८ | ४ | ११ | ० | ० | ६ | ० | ० | ० | ४ | ० | १ : ३३ | | |
| ५ | २ | ० | ६ | ३ | २ | ० | १ | ४ | ० | ६ | ३ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ : ४९ | | |
| ६ | ४ | ११ | १२ | ८ | ५ | ० | १ | ५ | ८ | ६ | ४ | ५ | १ | २ | ० | ० | २ | ४ | २ | ० | १ : २० | | |
| ७. | ४ | ५ | १० | ११ | ५ | ५ | २ | ९ | ५ | ८ | २ | ८ | ० | २ | ३ | ० | ० | ० | ४+ | १ | १ : २९ | | |
| ८. | ४ | ६ | ४ | ८ | ५ | ० | १ | ८ | ६ | ४ | ३ | ८ | ० | ० | ३ | ० | ० | ० | २ | ० | १ : ३१ | | |
| जम्मा | २६ | २६ | ६० | ६० | ३४ | ५ | १० | ५५ | २३ | ५२ | २३ | ५२ | १ | ४ | १९ | १ | २ | ४ | १९ | २ | १ : ३२ | | |

**स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)**

माथी प्रस्तूत गरिएको तालिकामा हरेक किसिमको बिद्यालयमा नियुक्ति भएको कर्मचारीको विवरण वडागत तहमा पेश गरिएको छ । यसलाई प्रा.बि, नि.मा.बि तथा मा.वि तहमा छुट्याएको छ । यस तथ्याङ्कलाई हेर्दा शिक्षक बिद्यार्थी अनुपातमा कमी रहेको देखिन्छ। थाङ्पाल गाउँपालिका जस्तो हिमाली भेगका लागि शिक्षक विद्यार्थीको अनुपात १:३२ रहेको छ । तर तथ्याङकअनुसार वडा ३ र ५ का लागि यस अनुपात अपर्याप्त छ, अर्थात यस क्षेत्रका विद्यालयहरुमा थप शिक्षकको खाँचो छ ।तथापि, वडा १,२,४,६,७ र ८ मा भने उक्त अनुपात आवश्यकता भन्दा बढि छ । यसैले यी वडाहरुमा शिक्षकलाई पुर्नव्यवस्थापन गरियो भने वडा ३ र ५ मा भएको समस्यालाई समाधान गर्न सकिन्छ ।

## २०. वडास्तरीय विद्यालयको तह अनुसार विद्यार्थीहरुको सङ्ख्या

| वडा नं. | बालविकास | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा १-१० सम्मको जम्मा | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | १९ | २१ | ४० | ८३ | ९७ | १८० | ५० | ४३ | ९३ | २९ | २६ | ५५ | १६२ | १६६ | ३२८ | ० | ० | ० |
| २. | ३१ | ३५ | ६६ | ९८ | १०९ | २०७ | ४४ | २७ | ७१ | १० | १२ | २२ | १५२ | १४८ | ३०० | ० | ० | ० |
| ३. | ५४ | ६८ | १२२ | १८७ | १९० | ३७७ | ९० | १०२ | १९२ | ३८ | ११ | ४९ | ३१५ | ३०३ | ६१८ | ० | ० | ० |
| ४. | ५५ | ५६ | १११ | १७२ | १९५ | ३६७ | १४७ | ११९ | २६६ | ६३ | ५३ | ११६ | ३८२ | ३६७ | ७४९ | ० | ० | ० |
| ५. | ४३ | ५० | ९३ | १४७ | १४० | २८७ | ७२ | ६३ | १३५ | २६ | १७ | ४३ | २४५ | २२० | ४६५ | ० | ० | ० |
| ६. | ३२ | ४५ | ७७ | १७७ | १८३ | ३६० | ८२ | ७९ | १६१ | ३९ | ३७ | ७६ | २९८ | २९९ | ५९७ | २१ | ४० | ६१ |
| ७. | ५९ | ५९ | ११८ | २६७ | २७६ | ५४३ | १३२ | १२१ | २५३ | ६० | ७१ | १३१ | ४५९ | ४६८ | ९२७ | ४० | २६ | ६६ |
| ८. | २८ | ४७ | ७५ | ११९ | १११ | २३० | ६८ | ३४ | १०२ | ३३ | २६ | ५९ | २२० | १७१ | ३९१ | १६ | १० | २६ |
| जम्मा | ३२१ | ३८१ | ७०२ | १,२५० | १,३०१ | २,५५१ | ६८५ | ५८८ | १,२७३ | २९८ | २५३ | ५५१ | २,२३३ | २,१४२ | ४,३७५ | ७८ | ७६ | १५३ |

**स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)**

विद्यालयको तह अनुसार यस गाँउपालिकामा सबैभन्दा बढी विद्यार्थीहरु कक्षा तह १ देखि ५ सम्मकोमा रहेका छन् भने सबैभन्दा कम विद्यार्थीहरु कक्षा ११-१२ मा रहेका छन् । यसरी माथिको आँकडालाई हेर्ने हो भने बिस्तार बिस्तार माथिल्लो तहमा आइपुग्दा विद्यार्थीहरुको मात्रा धेरै घटेको बुझ्न सकिन्छ । अर्थात धेरै विद्यार्थीहरुले माथिल्लो तहमा पढाई छोड्दा रहेछन् भन्ने कुरा माथिको तालिकाबाट प्रष्ट हुन्छ । तसर्थ, यस्तो क्रम बढ्न नदिन हरेक वडामा शिक्षा विशेष कार्यक्रम बनाई विद्यार्थीहरुको पढाई प्रतिको मोहलाई बढाउन सकेमा मात्र यस गाँउपालिकामा मानिसहरु अझ बढी शिक्षित हुन्छन् तथा समग्र गाँउपालिकाको विकास गर्नमा शिक्षाले विशेष जोड दिन सक्दछ ।


600
500
400
300
200
100
0
बालविकास
कक्षा १-५
कक्षा ६-८
कक्षा ९-१०
कक्षा ११-१२
बाँसखर्क
बरुवा
भोताङ
थाङपालकोट
गुन्सा
थाङपालधाप
भोटेनाम्लाङ
लाँगर्चे
40
180
93
55
66
207
71
22
122
377
192
49
111
367
266
116
93
287
135
43
77
360
161
76
118
543
253
131
75
230
102
59

## २१. विगत ५ वर्षदेखिको विद्यार्थी सङ्ख्या

| जम्मा विद्यार्थी भर्ना सङ्ख्या | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | २०७० | | | २०७१ | | | २०७२ | | | २०७३ | | | २०७४ | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ई.सि.डी. | १६२ | १६६ | ३२८ | २०१ | २२८ | ४२९ | २०१ | २१० | ४११ | १९८ | २१९ | ४१७ | २०६ | २५९ | ४६५ |
| १ | ५२६ | ४९५ | १०२१ | ४९७ | ५२७ | १०२४ | ४२१ | ५५३ | ९७४ | ४३७ | ४२७ | ८६४ | ४०३ | ३५६ | ७५९ |
| २ | ३५० | ३०१ | ६५१ | ३७६ | ३७४ | ७५० | ३७६ | ४१२ | ७८८ | २७६ | २९९ | ५७५ | २७८ | २७९ | ५५७ |
| ३ | ३२८ | ३४० | ६६८ | ३३३ | ३६५ | ६९८ | ३३९ | ३७३ | ७१२ | ३०९ | २८२ | ५९१ | २६८ | २७६ | ५४४ |
| ४ | ३१० | ३०८ | ६१८ | ३३३ | ३५३ | ६८६ | ३०२ | ३२९ | ६३१ | २८६ | ३१२ | ५९८ | २७४ | २५७ | ५३१ |
| ५ | २७६ | २७६ | ५५२ | २५७ | ३१२ | ५६९ | ३१६ | ३६१ | ६७७ | २७१ | २४१ | ५१२ | २६१ | २८० | ५४१ |
| ६ | २५५ | २४८ | ५०३ | २७९ | ३०० | ५७९ | २४७ | २६७ | ५१४ | २२६ | २१८ | ४४४ | २०६ | २२८ | ४३४ |
| ७ | १९२ | २०६ | ३९८ | २०६ | २४८ | ४५४ | २२० | २८० | ५०० | १९६ | २०६ | ४०२ | १८७ | २३२ | ४१९ |
| ८ | २३० | १७१ | ४०१ | १९० | २१८ | ४०८ | १९० | २३५ | ४२५ | १७८ | १८७ | ३६५ | १६६ | १९३ | ३५९ |
| ९ | २५७ | २४३ | ५०० | २८५ | ३७१ | ६५६ | २७४ | ३०७ | ५८१ | २५६ | २३४ | ४९० | २७० | ३०७ | ५७७ |
| १० | १४० | १०४ | २४४ | १४५ | १५८ | ३०३ | १६० | १६९ | ३२९ | ११७ | १४५ | २६२ | १५१ | १२१ | २७२ |
| जम्मा | ३०२६ | २८५८ | ५८८४ | ३१०२ | ३४५४ | ६५५६ | ३०४६ | ३४९६ | ६५४२ | २७५० | २७७० | ५५२० | २६७० | २७८८ | ५४५८ |

स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)

विगत पाँच वर्षदेखिको विद्यार्थी संख्या हेर्दा२०७२ सालको भूकम्प अघि, २०७०/७१को अवधिमाविद्यालय भर्नामा बढ्दो क्रम देखिन्थ्यो तर त्यस पछिका वर्षमा विद्यार्थीहरुको जनसंख्या करिब १५ प्रतिशतले घटेको देखिन्छ । भूकम्प पश्चात पाँचपोखरीथाङ्पाल गाउँपालिका लगायत अरु विभिन्न भूकम्पप्रभावितक्षेत्रमा विद्यालय सञ्चालन ठप्प भएकोथियो। २ महिनासम्म पनि पराकम्पन आउने क्रम जारि भएको हुनाले धेरै परिवारले आफ्नो सुरक्षाको निम्ति त्यस क्षेत्र छाडे, जसका कारणले अवस्था अझ कठिन बन्यो । भूकम्प पश्चात् सुरक्षित बासस्थान र लामो समयसम्म पनि विद्यालयको भौतिक संरचना नबनेकोले पनि विद्यार्थीको सङ्ख्यामा ह्रास आएको देखिन्छ । विद्यालयहरुमा भौतिक सुविधा तथा शिक्षामा गुणस्तरीयता बढाउने र विद्यार्थीहरुलाई आकर्षित गर्ने खालका योजना र पढाई भएमा मात्र विद्यार्थीहरुको सङ्ख्या बढाउन सकिन्छ अन्यथा यो क्रम जारी रहन सक्ने माथिको तालिकाले देखाएको छ ।

## २२. विद्यालयहरुको कक्षा कोठाको क्षमता अवस्था

| क्र.स. | विद्यालयको नाम | जम्मा भर्ना सङ्ख्या | जम्मा कक्षा क्षमता | क्षमता (कम/बढी) Deficient/Surplus (Capacity) |
|---|---|---|---|---|
| १ | बालविकास आ.वि. | २५ | ८९ | ६४ |
| २ | भिमविद्याश्रम मा.वि. | २५१ | २७७ | २६ |
| ३ | जनहित आ.वि. | ५६ | १४८ | ९२ |
| ४ | चण्डिका मा.वि. | १७२ | ३५० | १७८ |
| ५ | गणेश आ.वि. | १० | १० | -१० |
| ६ | धडजला आ.वि. | ८८ | १४९ | ६१ |
| ७ | ग्याङ्खर्क आ.वि. | ८ | २१ | २० |
| ८ | लार्के आ.वि. | २७ | ० | -२७ |
| ९ | ढुखाङ आ.वि. | १०९ | २३ | -८६ |
| १० | सातकन्या आ.वि. | ३९ | ९८ | ५९ |
| ११ | भोताङदेवी मा.वि. | ४३६ | २१० | -२२६ |
| १२ | गणेश आ.वि. | ५२ | २४ | -२८ |
| १३ | सातकन्या आ.वि. | १३ | १८४ | १७१ |
| १४ | चिलाउने मा.वि. | ५६ | ३३८ | -१८ |
| १५ | रैथाने मा.वि. | ३४४ | ३०१ | -४३ |
| १६ | टालटुलेश्वरी आ.वि. | १८१ | २७७ | ९६ |
| १७ | कुम्भेश्वरी आ.वि. | १५७ | ६० | -९७ |
| १८ | सातकन्यामती मा.वि. | २८८ | २६२ | -२६ |
| १९ | जुगल आ.वि. | ५० | १५३ | १०३ |
| २० | थाङपालधाप मा.वि. | ३०० | १६७ | -१३३ |
| २१ | भूमेश्वरी आ.वि. | ५१ | १५३ | १०२ |
| २२ | गोल्मेश्वरी आ.वि. | २४८ | २३५ | -१३ |
| २३ | बच्छलामाई आ.वि. | ११८ | ९९ | -१९ |
| २४ | क्षेत्रपालेश्वरी मा.वि. | १९६ | ३६५ | १६९ |
| २५ | गणेश आ.वि. | १२७ | २४० | ११३ |
| २६ | भोटेनाम्लाङ मा.वि. | ५३९ | ३४३ | -१९६ |

| | | | | |
|---|---|---|---|---|
| २७ | बालसुधार आ.वि. | ४३ | ६१ | १८ |
| २८ | पाँचपोखरी आ.वि. | २७ | ७९ | ५२ |
| २९ | पञ्चकन्या आ.वि. | २२ | ४१ | १९ |
| ३० | लाँगर्चे मा.वि. | २७५ | २८० | ५ |
| ३१ | बालज्योती आ.वि. | १५ | ० | -१५ |
| ३२ | सरस्वती आ.वि. | १२६ | ६१ | -६५ |
| ३३ | नौलिङ्गेश्वरी आ.वि. | २१२ | ३२४ | ११२ |

**स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)**

माथि उल्लेखित तालिकामा विद्यालयहरुको बाल कक्षाको भर्ना संख्या समावेश गरिएको छैन । ३३ वटै विद्यालयहरुले उपलब्ध गराएको २०७४ सालको प्राप्त जम्मा विद्यार्थी भर्ना र उक्त विद्यालयहरुको जम्मा कक्षा कोठाको मापनको आधारमा विद्यालयहरुको भवनको विद्यार्थी क्षमता निकालिएको छ । नेपाल सरकारको मापदण्ड अनुसार १ देखी कक्षा ६ सम्म १ जना विद्यार्थी बराबर १ वर्ग मिटर र कक्षा ७ देखी १० सम्म १ जना विद्यार्थी बराबर १.२५ वर्ग मिटर ठाँउ आवश्यक पर्ने भन्ने मान्यता रहेको छ । तालिकामा माईन्स आएको विद्यालयहरुमा विद्यार्थीको चाप अनुसार कक्षाकोठा तथा डेस्क बेन्चको अभाव कम भएको देखाएको छ भने माईन्स नआएको विद्यालयहरुको भने विद्यार्थीहरुको संख्या अनुसार कक्षा कोठा तथा डेस्क बेन्चको पर्याप्तता छ भनेर देखाएको छ । केही भवनहरु निमार्णधिन अवस्थामा रहेका छन्, भवन निमार्ण पश्चात् विद्यार्थीहरुको चाप अनुसार कक्षाकोठा र डेस्क बेन्च पुग्ने देखिन्छ । धेरै नै चाप रहेका विद्यालयहरु थप कक्षा कोठाको व्यवस्था गरेमा मात्र यो समस्यामा कमी आउने देखिन्छ ।

**विद्यालयहरुको कक्षा कोठाको क्षमताको अवस्था**



## २३. विद्यालयको प्रकार अनुसारकाअध्यनरत छात्रछात्राहरुको विवरण र २०७४ सम्मका गाँउपालिकामा रहेका ५ वर्ष वा सो भन्दा माथिको शैक्षिक अवस्था

यस गाँउपालिकामा जम्मा ३३ वटा सामुदायिक वा सरकारी विद्यालय रहेका छन् भने एउटा नीजि विद्यालय रहेको छ । २०७४ मा सामुदायिक विद्यालयमा जम्मा ५,४५८ जना विद्यार्थीहरु रहेका छन् भने नीजि विद्यालयमा जम्मा ६९ जना विद्यार्थीहरु रहेका छन् । यसरी हेर्दा यहाँका अधिकांश विद्यार्थीहरु सामुदायिक विद्यालयमा अध्ययन गर्दछन् र केही थोरै मात्रामा मात्र नीजि विद्यालयमा अध्ययन गर्दछन् ।

| तह | सामुदायिक विद्यालय | | | | नीजि विद्यालय | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा | छात्र | छात्रा | जम्मा | कक्षा | छात्र | छात्रा | जम्मा | |
| आ.वि | ई.सि.डि. | २०६ | २५९ | ४६५ | ० | ० | ० | ० | ४६५ |
| | १ | ४०३ | ३५६ | ७५९ | १ | १० | ९ | १९ | ७७८ |
| | २ | २७८ | २७९ | ५५७ | २ | ११ | ९ | २० | ५७७ |
| | ३ | २६८ | २७६ | ५४४ | ३ | ८ | १२ | २० | ५६४ |
| | ४ | २७४ | २५७ | ५३१ | | | | | ५३१ |
| | ५ | २६१ | २८० | ५४१ | | | | | ५४१ |
| | ६ | २०६ | २२८ | ४३४ | | | | | ४३४ |
| | ७ | १८७ | २३२ | ४१९ | | | | | ४१९ |
| | ८ | १६६ | १९३ | ३५९ | | | | | ३५९ |
| मा.वि. | ९ | २७० | ३०७ | ५७७ | | | | | ५७७ |
| | १० | १५१ | १२१ | २७२ | | | | | २७२ |
| | ११ | | | | | | | | |
| | १२ | | | | | | | | |

**स्रोत : गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५), गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)**

**सामुदायिकविद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राहरुको विवरण**




## नीजि विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राहरुको विवरण




## ५ बर्ष र सो भन्दा माथिकाको शैक्षिक अवस्था

५ वर्ष वा सो भन्दा माथिकाको शैक्षिक अवस्थालाई हेर्दा यस गाँउपालिकामा जम्मा २०,२७५ जना मानिसहरु पढीलेखेका देखिन्छ, जसमा १०,७९४ पुरुष र ९,४८१ महिलाहरु रहेका छन् । यसरी हेर्दा महिलाको दाँजोमा महिलाहरुलाई पनि शिक्षाबाट बञ्चित गर्नु हुन्न भन्ने कुरामा धेरै नै सकारात्मक परिवर्तन आएको कुरा तलको तालिकाबाट देखिन्छ किनकी पुरुष र महिलाको संख्या धेरै संख्याको अन्तर नरहेको देखिन्छ ।

| लिङ्ग | एस.ई.ई भन्दा तल | एस.ई.ई | उच्च शिक्षा | कुल सङ्ख्या |
|---|---|---|---|---|
| पुरुष | ८५५० | १२९४ | ९५० | १०,७९४ |
| महिला | ७६८६ | ९८६ | ८०९ | ९,४८१ |

| जम्मा | १६,२३६ | २,२८० | १,७५६ | २०,२७५ |
|---|---|---|---|---|

स्रोत : गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५), गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)




## २४. विद्यालय छाड्ने बालबालिकाहरुको विवरण

| वडा नं. | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | २५ | २५ | ५० |
| २ | १२ | १२ | २४ |
| ३ | २६ | २७ | ५३ |
| ४ | ३३ | ४८ | ८१ |
| ५ | १० | १७ | २७ |
| ६ | २९ | ३६ | ६५ |
| ७ | २९ | २५ | ५४ |
| ८ | १७ | १७ | ३४ |
| जम्मा | १८१ | २०७ | ३८८ |

स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)




पढाइ निरन्तरता नदिनुको कारणहरु परिवार अनुसार फरक फरक छन् । तर ती मध्ये गरिबी एक प्रमूख कारण हो । यँहाका धेरै परिवार आफ्ना रोजी रोटिको लागि मौसमी धान रोपाइँ उब्जनीमा निर्भर गर्छन् । तर बेमौसमको समयमा भने दैनिक ज्याला मजदुरी गर्छन्। तसर्थ, कठिन समयहरुमा भने स्कूल जाने बालबालिकालाई घरकैकाममा सहयोग गर्न वा आमाबुबा काम गएको बेला साना भाइबहिनिलाई हेर्न वा कहिले काँही त थप कमाईका लागि ज्यालादारी काम समेत गर्न लगाइन्छ । यो त सामान्य अवस्था रहदा, धेरै अभिभावक आफै स्कूलबाट बाहिरिएका वा पूर्ण रुपमा अशिक्षित भएकाले यसपरिस्थितिलाईभनैगम्भीर बनाउँदछ । २०७४/७५ सालमा स्कूलबाट बाहिरिएका विद्यार्थीको संख्या वडा ४ र ६ मा अधिकतम छ भने वडा २ र ५ मा न्यूनतम रहेकोदेखिन्छ ।

## २५. विद्यालयमा भर्ना नभएका बालबालिका विवरण

| वडा नं. | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | ७ | १४ | २१ |
| २ | २३ | १३ | ३६ |
| ३ | १४ | १८ | ३२ |
| ४ | ११ | ७ | १८ |
| ५ | १६ | १२ | २८ |
| ६ | ३० | १० | ४० |
| ७ | ४१ | ३६ | ७७ |
| ८ | २८ | २४ | ५२ |
| जम्मा | १६९ | १३५ | ३०४ |

स्रोत : गाँउपालिका घरधुरी सर्वेक्षण (२०७५), गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)




यस गाउँपालिकामाकेहिबालबालिका विद्यालय बाहिर छन् । विद्यालय बाहिर रहेकाबालबालिकाको अधिकतम संख्या वडानं.७ (७७) र वडा ८ (५२) मा छ भने न्यूनतम संख्या वडा नं. मा (१८) र वडा नं. १मा (२१)मा छ ।अनिवार्यशिक्षा नीति भएता पनि यस क्षेत्रमा मात्रै ३०४ बालबालिका शिक्षाबाट बन्चित हुनु भनेको चिन्ताको विषय हो ।

## २६. वडास्तरीय विद्यार्थीहरुको सिकाई उपलब्धी सम्बन्धी विवरण

| वडा नं. | तह | सिकाई उपलब्धी (प्रतिशतमा) |
|---|---|---|
| १ | आधारभुत तह १-८ | ६०.१६% |
| | माध्यमिक तह ९-१२ | ५४.६% |
| २ | आधारभुत तह १-८ | ५५.१८% |
| | माध्यमिक तह ९-१२ | ५४.५% |
| ३ | आधारभुत तह १-८ | ४४.७५% |
| | माध्यमिक तह ९-१२ | ५३.८% |
| ४ | आधारभुत तह १-८ | ४९.८७% |
| | माध्यमिक तह ९-१२ | ५२.४% |
| ५ | आधारभुत तह १-८ | ४६.१५% |
| | माध्यमिक तह ९-१२ | ५०.१% |
| ६ | आधारभुत तह १-८ | ५५.८% |
| | माध्यमिक तह ९-१२ | ५८% |
| ७ | आधारभुत तह १-८ | ५४.१५% |
| | माध्यमिक तह ९-१२ | ५५.१% |
| ८ | आधारभुत तह १-८ | ५१.१५% |
| | माध्यमिक तह ९-१२ | ४५.२५% |

**स्रोत:प्रत्येक विद्यालयहरुबाट** (२०७४)

**गाँउपालिकास्तरीय विद्यार्थीहरुको सिकाई उपलब्धी सम्बन्धी विवरण**

| तह | सिकाई उपलब्धी (प्रतिशतमा) |
|---|---|
| आधारभुत तह १-८ | ५२.१३% |
| माध्यमिक तह ९-१२ | ५२.९६% |

**स्रोत : गाँउपालिका स्रोत केन्द्र** (२०७५)

तालिकामा वडा गत तहमा र गाउँपालिका तहमा वडाहरुमा रहेको माध्यमिक र आधारभूत विद्यालयहरुकोछुट्टाछुटै औषत सिकाई उपलब्धी प्रतिशतमाउल्लेख गरिएको छ । वडाहरुलाई तुलनात्मक रुपमा दाँज्दा वडा नं. १ का`आ.वि को औषत सिकाई उपलब्धी धेरै देखिन्छ भने वडा नं ३ मा कम देखिन्छ । त्यस्तै मा.वि हरुमा वडा नं.६ मा वडामा सिकाई उपलब्धी धेरै देखिन्छ भने वडा नं.८ मा कम देखिन्छ । यदि परिक्षाफललाई सिकाइ उपलब्धिको सुचकाङ्कोरूपमा लिइने हो भने, यस क्षेत्रका विद्यार्थीहरुको सिकाइ उपलब्धी दुबै आधारभूत तथा माध्यमिक तहमा औषत ५० प्रतिशत छ । विद्यार्थीको क्षमतामाअभिवृद्धिगर्नका लागि अध्ययन वातावरणमा सुधार ल्याउन जरुरी छ । यस क्षेत्रका विद्यार्थीहरु यातायात सुविधा, उचित कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, स्वास्थ्य तथा सरसफाई, कक्षाकोठा भित्र र बाहिरका अतिरिक्त गतिविधिआदिलाई ध्यान दिन जरुरी देखिन्छ ।

## २७. विद्यार्थी तथा शिक्षक उपस्थिती दर

| वडा नं | विद्यार्थी औषत उपस्थिति दर | शिक्षक औषत उपस्थिति दर |
|---|---|---|
| १ | ७५% | ८६% |
| २ | ७६.९८% | ८२.९०% |
| ३ | ७८.२८% | ८५.३०% |
| ४ | ९१.११% | ९३.६०% |
| ५ | ७३% | ८२.३०% |
| ६ | ८१.३०% | ८९.५०% |
| ७ | ८१.१८% | ८८.६०% |
| ८ | ७५.३९% | ८२.६०% |
| गाँउपालिकाको जम्मा ओषत | ७९% | ८६% |

**स्रोत:विद्यालयहरुतथा गाँउपालिका श्रोत केन्द्र**(२०७४)

माथिको तथ्याङ्कको आधारमा वडा नं. १ देखि ८ सम्मको तथ्याङ्कलाई विश्लेषण गर्दा सबै भन्दा धेरै शिक्षकतथा विद्यार्थी उपस्थिति दर वडा नं.४ मा देखिन्छ भने सबै भन्दा कम शिक्षक विद्यार्थी उपस्थिति वडा नं. ५ मा देखिन्छ । यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि शिक्षक र विद्यार्थी उपस्थिति दरमा वृद्धि गर्नुपर्ने आवश्यकता छ ।




## २८. कूल साक्षरता दरमा महिलाहरुको हिस्सा

जनगणना वर्ष २०५८ मा कुल साक्षरता दर २६.७५% रहेको यस गाँउपालिका जनगणना वर्ष २०६८ मा आई पुग्दा लगभग २०% बढेर ४५.४६% रहेको छ । दुई जनगणना वर्षहरुको तुलना गर्दा २०५८ को पुरुष साक्षरता दर भन्दा २०६८ को पुरुष सारक्षरता दरमा लगभग १८% वृद्धि भएको छ भने २०५८ को महिला साक्षरता दर भन्दा २०६८ को महिला साक्षरता दरमा २०% वृद्धि भएको छ । यसरी हेर्दा दशकको अन्तरालमा महिलाहरुलाई पढाउन पर्छ र असल शिक्षा दिनु पर्छ भन्ने अभिभावकमा जनचेतनामा वृद्धि भएको र शिक्षामा छोराछोरी दुबै समान भन्ने कुरामा यहाँका मानिसहरुमा परिवर्तन आएको देखिन्छ । र विद्यालयमा महिलाहरुको वृद्धि भएको बुझ्न सकिन्छ ।

| विवरण | गणना वर्ष | |
|---|---|---|
| | २०५८ | २०६८ |
| कूल साक्षरता दर | २६.७५% | ४५.४६% |
| पुरुष साक्षरता दर | ३४.८७% | ५२.१२% |
| महिला साक्षरता दर | १८% | ३८.४९% |

**स्रोत : राष्ट्रिय जनगणना प्रतिवेदन (२०५८ र २०६८)**




## २९. बालविकास केन्द्रको विवरण

आठ वटा वडामा गरी यहाँ २६ वटा बालविकास केन्द्रहरु रहेका छन् । यस वर्ष बालविकास केन्द्रमा ३५१ बालक तथा ३२१ बलिका गरी जम्मा ७०२ जना बालबालिकाहरु भर्ना भएका छन् । जसमा ३२ दलित, ५६९ जनजाती तथा १०१ अन्य बालबालिकाहरु रहेका छन् । जनजातीहरुको बाहुल्यता रहेको यस क्षेत्रमा जनजाती बालबालिकाहरु सबैभन्दा बढी रहेका छन् भने सबैभन्दा कम दलित बालबालिकाहरु रहेका छन्।

| वडा नं | जम्मा बालविकास केन्द्र संख्या | बालविकासमा भर्ना भएका बालबालिकाको सङ्ख्या | | | | बालविकासमा भर्ना भएका | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा | बालक | बालिका | जम्मा |
| १ | २ | ४ | ३६ | ० | ४० | २१ | १९ | ४० |
| २ | ३ | २ | ६१ | ३ | ६६ | ३५ | ३१ | ६६ |
| ३ | ४ | १ | १२१ | ० | १२२ | ६८ | ५४ | १२२ |
| ४ | ३ | ५ | ८८ | १८ | १११ | ५६ | ५५ | १११ |
| ५ | २ | ० | ९३ | ० | ९३ | ५० | ४३ | ९३ |
| ६ | ४ | ६ | ४० | ३१ | ७७ | ४५ | ३२ | ७७ |
| ७ | ४ | १२ | ८४ | २२ | ११८ | ५९ | ५९ | ११८ |
| ८ | ४ | २ | ४६ | २७ | ७५ | ४७ | २८ | ७५ |
| जम्मा | २६ | ३२ | ५६९ | १०१ | ७०२ | ३५१ | ३२१ | ७०२ |

स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)




## ३०. विद्यालयहरुमा शौचालयको विवरण

| वडा नं. | विद्यालयको नाम | शौचालय | वडा नं | विद्यालयको नाम | शौचालय |
|---|---|---|---|---|---|
| | बालविकास आ.वि. | छैन | | कुम्भेश्वरी आ.वि. | छ |
| | भिमविद्याश्रम मा.वि. | छैन | ५ | सातकन्यामती मा.वि. | छ |
| १ | जनहित आ.वि. | छैन | | जुगल आ.वि. | छ |
| | चण्डीका मा.वि. | २ वटा छ | | थाङपालधाप मा.वि. | छ |
| | गणेश आ.वि. | छैन | | भूमेश्वरी आ.वि. | छ |
| | धङ्जला आ.वि. | छ | | गोल्मेश्वरी आ.वि. | छ |
| २ | ग्याङखर्क आ.वि. | छैन | ६ | बच्छलामाई आ.वि. | छ |
| | लार्के आ.वि. | छैन | | क्षेत्रपालेश्वरी मा.वि | छ |
| | ढुखाङ्ग आ.वि. | छ | | गणेश आ.वि. | छ |
| | सातकन्या आ.वि. | छ | | भोटेनाम्लाङ मा.वि. | छ |
| | भोताङदेवि मा.वि. | छ | | बालसुधार आ.वि. | छैन |
| ३ | गणेशआ.वि. | छ | ७ | पाँचपोखरी आ.वि. | छ |
| | सातकन्या आ.वि. | छ | | पञ्चकल्या आ.वि. | छैन |
| | चिलाउने मा.वि. | छ | | लागर्चे मा.वि. | छैन |
| ४ | रैथाने .मा.वि. | छ | ८ | बालज्योती आ.वि. | छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | टालटुलेश्वरी आ.वि. | छ | | सरस्वती आ.वि. | छैन |
| | | | | नौलिङ्गेश्वरी आ.वि. | छ |

**स्रोत : गाँउपालिका स्रोत केन्द्र तथा विद्यालयहरु (२०७५)**

निम्न बिद्यालयहरुमा शौचालय निमार्ण गर्नुआवश्यकपर्ने छ ।

१.बालविकास आवि

२.भिमविद्याश्रम मा बि

३.जनहित आवि

४.चण्डीका मावि .

५.गणेश आ.वि.

६.ग्याङखर्क आ.वि

७.भोताङदेवि मा.वि.

८.लार्के आ.वि.

९. बालसुधार आ.वि.

१०. पञ्चकन्या आ.वि.

११. लागर्चे मा.वि.

१२.सरस्वती आ.वि.

कुनै पनि विद्यालयलाई शौचालयहुन अति आवश्यक छ । शौचालय असुविधाका कारण कुनै पनि विद्यालयहरुमा भर्ना तथा पठनपाठनमा असर पर्न सक्छ । शौचालय असुविधाका कारण विद्यार्थीहरु विद्यालयमाउपस्थित नहुने, विद्यालय जान नमान्ने हुन सक्छ । २०७२ को भूकम्पका कारण अधिकांश विद्यालयको शौचालयहरुमा क्षति पुगेको देखिन्छ । सबैविद्यालयहरुमा शौचालय रहे पनि १२ विद्यालयहरुमा भने अस्थायी रहेको छ । जसमा स्थायी तथा व्यवस्थीत किसिमको शौचालय निर्माण गर्न आवश्यक पर्ने देखिन्छ ।

**विद्यालयहरुमा शौचालकोयवस्थापनको व्यवस्था**



## ३१. विद्यमान स्वास्थ्य सेवाहरु

यस गाँउपालिकामा ८ वटा वडामा एक एक स्वास्थ्य चौकी रहेका छन् । ३ वटा बर्थिङ सेन्टर रहेको यस गाँउपालिका ७२ जना स्वास्थ्य स्वयम्सेविकाहरु रहेका छन् । अन्य विवरणहरु तलको तालिकामा देखाईएको छ ।

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | ८ | |
| २ | उप-स्वास्थ्य चौकी | | |
| ३ | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | | |
| ४ | बर्थिंङ् सेन्टरः | ४ | |
| ५ | पोलि क्लिनिक | | |
| ६ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | ३१% | |
| ७ | दक्ष स्वास्थ्यकर्मी बाट सूत्केरी गराउने प्रतिशत | ७६% | |
| ८ | सुडेनीवाट सुत्केरी गराउने प्रतिशतः | | |
| ९ | भिसीटी केन्द्र संख्याः | | |
| १० | खोप क्लिनिक | २० | |
| ११ | गाँउघर क्लिनिक | १३ | |
| १२ | महिला स्वयम सेविका संख्याः | ७२ | |
| १३ | टि.बी. उपचार केन्द्रः | ८ | |
| १४ | परिवार नियोजन का ५ बिधी र ३ बिधीको सेवा उपलब्ध स्वास्थ्य संस्था संख्याः | ५ विधिको-२,<br>३ विधिको-८ | |
| १५ | बि.ओ.सी.(आधारभुत)ः | | |
| १६ | सि.ई.ओ.सी.( अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था | | |
| १७ | गर्भवती जाँच पहिलो पटकको प्रतिशतः | ८३% | |
| १८ | गर्भवती जाँच चौथो पटक सम्मको प्रतिशतः | ५३% | |
| १९ | सुत्केरी पश्चात जाच गराउन आउने प्रतिशतः | ६% | |
| २० | औसत आयुः ७० वर्ष<br>महिलाः ७२ वर्ष<br>पुरुषः ६९ वर्ष | ७० वर्ष | **WHO** को रिर्पोट अनुसार |

**स्रोत : स्वास्थ्य शाखा, पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**

## ३२.    खोप सेवाको विवरण

आर्थिक वर्ष २०७४/०७५ को तथ्याङ्कलाई हेर्दा यस गाँउपालिकामा बि.सि.जी.को खोप लगाउने बालबालिकाको संख्या २६१, डि.पि.टी. लगाउनेको संख्या ४१२, दादुरा दोस्रो लगाउनेको संख्या ३४८, पोलियो ३ खुवाउनेको संख्या ४११ र टि.टि.(गर्भवती महिला) ले लगाएको संख्या २९२ रहेका छ ।

| क.सं. | विवरण | आ.व. २०७४/०७५ |
|---|---|---|
| | | संख्या |
| १ | बि.सि.जि. | २६१ |
| २ | डि.पि.टि. -1st, Hep B, Hib | ४१२ |
| ३ | दादुरा 2nd | ३४८ |
| ४ | पोलियो ३ | ४११ |
| ५ | टि.टि (गर्भवती महिला)TD (२ र ३) | २९२ |

**स्रोत : स्वास्थ्य शाखा, पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**




## ३३.    खोप सेवा छोडने बालबालिकाको अवस्था

गत आर्थिक वर्षसँग दाँज्दा यस आर्थिक वर्ष २०७४/०७५ मा बि.सि.जी. र दादुराको खोप छोड्ने बालबालिकाको संख्या १३ र डि.पि.टि.को खोप छोड्नेको संख्या १ रहेका देखिन्छ । जसबाट थाहा हुन्छ की अधिकांश बालबालिकाहरुले निरन्तर खोपहरु लिईरहेको बुझिन्छ ।

| क्र.सं. | विवरण | आ.व.२०७४/०७५ |
|---|---|---|
| | | सङ्ख्या |
| १ | बि.सि.जि. र दादुरा | १३ |
| २ | डि.पि.टि हेपटाइटिस वि. र डि.पि.टि/ हेपटाइटिस वि., Hib | १ |
| ३ | खोप नलगाएका बालबालिका | पूर्ण खोप सुनिश्चित भएको । |

**स्रोत : स्वास्थ्य शाखा, पाँचपोखरी थाङपाल गाँउपालिका** (२०७५)




## ३४. विगत ३ वर्षहरुको पोषणको अवस्था

विगत ३ वर्षहरुको पोषणको अवस्थालाई हेर्दा यस गाँउपालिकामा राम्रो नै अवस्था रहेको पाईन्छ । किनकी आफ्ना र बाफ्ना बालबालिकाहरुको स्वास्थ्य प्रति यहाँको महिलाहरुको चासो तथा स्याहार सुसारमा दिन प्रतिदिन वृद्धि भईरहेको पाईन्छ । बालबालिकाहरुलाई प्रयोग हुने खोपको बारेमा तथा

भिटामिन खुवाउने र जुकाको औषधीहरु खुवाउने कुरामा समेत सचेत रहेको र वर्षै पिच्छे प्रयोग गर्दै आएको कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

| सुचांकहरु | आ.व.२०७४/०७५ |
|---|---|
| २ वर्ष भन्दा मुनिको बृद्धि अनुगमन (पटक) | ३ पटक सरदर |
| गर्भवती महिलाहरुका लागि आइरन चक्की वितरण(जना) पहिलो पटक | ५१४ |
| गर्भवती महिलाहरुले प्राप्त गरेको जुकाको औषधी (जना) | ४७८ |
| सुत्केरी भएका महिलाहरुका लागि भिटामिन ए वितरण (जना) | २०४ |
| ६ महिना देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको भिटामिन (जना) | १७८७ |
| १ देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको जुकाको औषधी (जना) | १५७२ |

**स्रोत : स्वास्थ्य शाखा, पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**




## || . वातावरण तथा सरसफाई

- सार्वजनिक शौचालय : १ वटा (पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.४, थाङपालकोट)
- फोहरपानी प्रशोधनशाला : छैन ।
- पिउने पानी प्रशोधन

- शाला : १ (गुन्सा स्वास्थ्य चौकी)
- ल्याण्डफिल साइट : छैन ।
- सरसफाई व्यवस्थापन सवारी साधनको अवस्था : छैन ।
- बायोग्यास प्लान्ट : १३ वटा (पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.४, थाङपालकोट)

- फोहोरमैला उत्पादन (प्रतिदिन) : (**भोताङको मात्र**)
- *जैविक फोहोर : १७.४८ प्रतिशत*
- *प्लाष्टिक : ०.४६ प्रतिशत*
- *कागज : ०.२३३ प्रतिशत*
- *शिशा : ११.६५ प्रतिशत*
- *धातु : ४६.६२ प्रतिशत*
- *छाला र रबर : ०.००३ प्रतिशत*
- *अन्य : ० प्रतिशत*

**स्रोत : ३ नं.वडा कार्यलय, भोताङ (२०७५)**

- सरसफाइ मजदुर संख्या : ३ जना
- स्यानिटरी ल्याण्डफिल : छैन ।
- रिसाइकल प्लान्ट : छैन ।

## ३६. सेवा प्रवाह विवरण

१. दमकल : नभएको ।

२. एम्बुलेन्सः ५ वटा (गा.पा. तथा अन्य संघसंस्थाले सञ्चालन गरेको समेत)

३. शववाहनः नभएको ।

४.नगर प्रहरी भ्यान : नभएको ।

## ३७. वन क्षेत्र/नर्सरी सम्वन्धी विवरण

प्राकृतिक सम्पत्ति जल, जमिन र जंगलको उचित उपयोगबाट नै कुनैपनि राष्ट्र तथा समाजको सामाजिक उन्नती तथा विकास सम्भव छ । हाल विश्वमा कार्बनडाईअक्साइडको उच्च उत्पादनको कारण भएको तापमान वृद्धि एवम् जलवायु परिवर्तनले गर्दा धेरै नै हिमालहरु पग्लिरहेका छन् । हाल हाम्रो देश नेपालको कुल क्षेत्रफल मध्ये २० प्रतिशत अर्थात ३,१७,९००० हेक्टर जमिन कृषि योग्य छ भने २९ प्रतिशत अर्थात ४,२६,९००० हेक्टर जमिन वनले ढाकेको छ । यस गाँउपालिकाको कूल क्षेत्रफलको ४३६.३०८ वर्ग किलोमिटर मध्ये २३७.६३ वर्ग किलोमिटर अर्थात ५४.४७ प्रतिशत भू-भाग

वन तथा चरन क्षेत्रले ढाकेको छ भने १२.६२ प्रतिशत भूभाग कृषि अर्थात खेतीयोग्य जमिन रहेको छ । यसको अर्थ यस गाँउपालिकामा खेतीयोग्य जमिन अति कम छ भने वनजंगलले ढाकेको क्षेत्र अत्यधिक रहेको देखिन्छ । यस गाँउपालिका भित्र धेरै नै जंगलहरु सामुदायिक र केही जंगलका भू-भागहरु भने कबुलियती वनका रुपमा रहेका छन् । यस गाँउपालिकालाई लाङ्टाङराष्ट्रिय निकुञ्जले समेत छोएको छ।

यस गाँउपालिकामा विभिन्न प्रकारका वन पैदावार, गैरकाष्ठ वन पैदावार, पशुपंक्षी, पुतली, सरिसृप आदि पाईन्छन् । गैर काष्ठ वन पैदावार मध्ये यस क्षेत्रको तल्लो भेगमा अमला, सर्पगन्धा, कुरिलो, नूनढिकी आदि पाईन्छन् । मध्यवर्ति क्षेत्रमा धसिङ्गरे, सुगन्धवाल, ठूलोओखती, टिमुर, इन्द्रेणी लहरा, मजिठो, बाँस, निगाँलो, केतुके आदि पाईन्छन् । अग्ला भू-भागहरुमा लोठसल्ला, कुट्की, झ्याउ, पदमचाल, जटामसी, यार्सागुम्बा, पाँचऔले, चिराईतो, सुनपाती, अर्गेली, लोक्ता, लालीगुँरास, आदि रेहका छन् । राष्ट्रिय निकुञ्ज समेत स्थापित यस क्षेत्रमा चितुवा, भालु, स्याल, बाँदर, बँदेल, थार, जरायो, रातो मृग, कस्तूरी, मृग लगायतका वन्यजन्तुहरु पाईन्छन् । पंक्षीहरुमा मुनाल, मयूर, डाँफे, काग, कोइली, कालिज, तित्रा, ढुकुर, जुरेली, फिस्टा, चिबे, लामपुच्छरे, राजहाँस, बकुल्ला, भुँडिफोर, भद्राई जस्ता स्थायी बसोबास गर्ने प्रजातीहरु रहेका छन् । घुमन्ते प्रजातीका पंक्षीमा करयाङ्कुरुङ् पाईन्छ । सरिसृप वर्गमा सर्प, गोहोरो, छेपारो र भालेमुङ्ग्रो भेटिन्छन् । नेपालमा जनसहभागितामूलक वन व्यवस्थापन (सामुदायिक वन) कार्यको सुरुवात यसै सिन्धुपाल्चोक जिल्लाबाट नै भएको हुनाले यस क्षेत्र विश्वमा नै जन सहभागिताद्धारा वन व्यवस्थापन गर्ने नमूना स्थलको रुपमा परिचित छ ।

**तालिका नं.४- वन क्षेत्र तथा नर्सरी सम्बन्धी विवरण**

| **विवरण** | **सङ्ख्या** | **क्षेत्रफल ( हेक्टरमा)** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| सामुदायिक वन | **३९** | **२६१४.५२** | **१०.८२%** | |
| कबुलियती वन | **५९** | **३१५.७** | **१.३०%** | |
| सरकारी संरक्षित वन | | **२१२३०.०२** | **८७.८८%** | केही क्षेत्र लाङटाङ राष्ट्रिय निकुञ्जमा पर्ने |
| **जम्मा** | | **२४१६०.२४** | **१००%** | |

**श्रोत : अनुगमन तथा मूल्याङ्न प्रतिवेदन, जिल्ला वन कार्यलय, सिन्धुपाल्चोक(२०७४)**




## ३८. सरकारी/सार्वजनिक जग्गाहरुको विवरण

**तालिका नं.५- सरकारी/सार्वजनिक जग्गाहरुको विवरण**

| क्र. सं. | जग्गा रहेको स्थान | क्षेत्रफल | स्वामित्व | कैफियत |
|---|---|---|---|---|
| १ | गा.पा., वडा नं.६, थाङपालधाप, टार (ओपी) | १-०-०-० | गाँउपालिका | सबै वडाहरुको पूर्ण विवरण आई नसकेको । |
| २ | गा.पा., वडा नं.६, थाङपालधाप, टार (पँधेरे) | ०-८-०-० | गाँउपालिका | |
| ३ | | | | |
| | **जम्मा** | | | |

**स्रोत : वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका (२०७५)**

## ३९. वर्तमान भू-उपयोग सम्वन्धी विवरण

भौगोलिक बनावटको आधारमा हेर्ने हो भने यस गाँउपालिकालाई तीन भागमा बाँड्न सकिन्छ ।

**क) लेकाली भू-भाग**

७००० फिटदेखि १६००० फिटसम्मको भागलाई लेकाली प्रदेशको रुपमा लिएको छ । अग्ला चुचुराहरुको दक्षिणी भेगमा रहेको यस भू-भागमा जाडो महिनामा निकै जाडो हुन्छ भने गर्मीमा वातावरण सामान्य रहन्छ । यहाँ च्याच्यो डाँडा, थामडाँडा (नागीडाँडा), थामडाँडा(लेखर्क), नौलिक लेक, गोब्रे, आमा याङ्ग्री, हात्तिढुङ्गा, पाँचपोखरी कुण्ड आदि रहेका छन् । अन्य जातजातिको वसोवास कम भएको यस क्षेत्रमा

अधिकांश तामाङ् तथा शेर्पा वस्ती छन् । अन्न उत्पादन कम हुने यस क्षेत्रमा भेंडा, बाखा, चौंरी आदि पशुपालन प्रमुख रहेको छ । अन्नमा आलु, मकै, फापर, कोदो, मात्र उत्पादन हुने यस क्षेत्रमा सल्लो गुराँस, धुपी, खर्सु, बाँझ आदि रुख विरुवा पाईन्छनयो भेग खेतीपातीको लागि त्यती उपयुक्त नभएता पनि यहाँ विभिन्न किसिमका जडिबुटीरु पाईन्छन् ।

**ख) पहाडी भू-भाग**

यो क्षेत्र ५००० फिटदेखि ७००० फिटसम्मको उचाईमा पर्दछ । यो भेगमा धेरै नै पहाडी चुचुराहरु रहेका छन् । स्वस्थ्यकर हावापानी समेत भएको यस भेगमा पाखो बारीमा समेत राम्रो खेती हुन्छ । घनाबस्ती भएको यस भागमा मकै, गहुँ, धान, कोदो, आलु उत्पादन गरिन्छ । यस भेगको जंगलमा कटुस, चाप, चिलाउने, उत्तिस, बकाइनो,  चिउरी, पिपल, कुटमिरो, खनिउ, साल आदिका रुख पाईन्छन् । यस क्षेत्रमा सवै किसिमका जातजातिका बसोबास रहेको पाईन्छ ।जाडोमा त्यती जाडो नहुने र गर्मीमा पनि साह्रै गर्मी नहुने यस क्षेत्रमा खाद्यन्न उत्पादनको स्थिती राम्रो रहेको छ ।

**ग) बेंसी तथा टार**

समुन्द्री सतहबाट २५०० फिटदेखि ५००० फिटसम्मको क्षेत्र यस भू-भागमा पर्दछ । यो भू-भाग खाद्यन्न, तरकारी, तथा फलफूल उत्पादनको लागि ज्यादै उपयुक्त छ । तिपेनी, माझिरुम्टी, नाम्लाङ् टार, खाल्डे खोला, धाप लगायतका ठाँउहरु यस क्षेत्रभित्र पर्दछन् ।

**तालिका नं.२- वर्तमान भू-उपयोग सम्वन्धी विवरण**

| क्र. सं. | विवरण | पाँचपोखरी गाउँपालिका | |
|---|---|---|---|
| | | क्षेत्रफल (वर्ग कि. मि.) | प्रतिशत |
| १ | कृषि क्षेत्र | ५५.०८ | १२.६२ |
| २ | वन तथा चरन क्षेत्र | २३७.६३ | ५४.४७ |
| ३ | उब्जाउ नहुने क्षेत्र | १३४.०६ | ३०.७२ |
| ४ | बालुवा, नदिनाला, ताल तलैया ले ओगटेको क्षेत्र | ५.६० | १.२९ |
| ५ | हिउँले ढाकेको क्षेत्र | ३.९३ | ०.९० |
| ६ | चट्टानयुक्त क्षेत्र | ०.००८ | ०.००१ |
| | **जम्मा** | **४३६.३०८** | **१००** |

**स्रोत : सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूहहरुको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन(आ.व.२०७४/७५)**




यस पाँचपोखरी गाँउपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश बौद्ध धर्म मान्ने जनजाती समूहका मानिसहरू रहेका छन् भने हिन्दु र ईसाइ धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै विशेष खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, विभिन्न ल्होसार पर्वहरू, बुद्धजयन्ती, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, फागु पूर्णिमा, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, अंग्रेजी नयाँ वर्ष, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, आदि चाडपर्वहरू रहेका छन् ।

**क) बडा दशैं**



दशैं वा बडादशैं (अन्य नाम दशहरा, विजया दशमी, नवरात्री, आयुध पूजा) नेपालीहरुको प्रमुख चाड हो । राष्ट्रिय चाड समेत मानिने दशैं हिन्दु धर्मावलम्बीहरुले आश्विन महिनाको शुक्ल प्रतिदाका दिनदेखि नवमी सम्म शक्तिको आराधना गरी दशौं दिन बिहान दशमीका दिन टीका प्रसाद ग्रहण गरी र विशेष रुपमा पुर्णिमा सम्म प्रसाद ग्रहणको लागि मनाउने गर्दछन् । आश्विन शुक्ल प्रतिपदामा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येक दिन फरक देवीहरुको पूजा गर्छन् । प्रतिपदादेखि क्रमशः शैलपुत्री, ब्रह्मचारीणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायिनी, कालरात्री, महागौरी, सिद्धिदात्री, गरी नवदुर्गाको पूजा गर्दै सप्तशती ( चण्डी) पाठ गरी नव दुर्गा र तृशक्ति महाकाली, महालक्ष्मी र महासरस्वतीको विशेष पूजाआजा र आराधना गरिन्छ । विजयादशमीको दिन भगवतिले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको उपलक्ष्य र खुसियालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टिका र जमरा लगाउने चलन छ । आश्विन महिनाको शुक्ल पक्षको दशमी तिथीको दिन यस पर्वको प्रमुख दिन हो । भनिन्छ कि भगवान् रामले यसै दिन रावणको वद्य गरेका थिए । यसलाई असत्यमाथि सत्यकोविजयको रुपमा लिईन्छ । यसकारण यस दशमीलाई विजयादशमी भनिएको हो । वरपरका मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले यो कार्य पूर्णिमा सम्म गरिन्छ । आफ्ना नाता कुटुम्ब ठूला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशिर्वाद प्राप्त गर्ने नयाँ कपडाहरु लगाउने, आफ्नो क्षमता अनुसार मिठो खाना खाने, खुवाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ ।

दशैं वर्षका तीन अत्यन्त शुभ तिथीहरुमा पर्दछन्: चैतको शुक्लको एवम् कार्तिक शुक्लको प्रतिपदा तिथी । यी दिनहरुमा हिन्दुहरु नयाँ कार्य सुरु गर्दछन्, शस्त्रको पूजा गर्दछन् । विजयादशमी भगवान् रामको विजयको रुपमा मनाईयोस् अथवा दुर्गा पूजाको रुपमा, दुबैमा रुपमा यो शक्ति पूजाको पर्व हो, शस्त्र पूजनको तिथी हो । हर्ष एवम् उल्लास तथा विजयको पर्व हो । हिन्दु संस्कृति वीरताको पूजक अनि शौर्यको उपासक हो । व्यक्ति र समाजको रगतमा वीरता प्रकट होस् भन्ने ध्येयले दशैंको उत्सव सुरु भएको हो । दशैं पर्वले दश प्रकारका पापहरु-काम, क्रोध, लोभ, मोह, मद, मत्सर, अहङ्कार, आलस्य, हिंसा र चोरी त्याग्ने प्रेरणा दिन्छ । तसर्थ, यस गाँउपालिकामा हिन्दु भन्दा बौद्ध धर्मावलम्बीहरु ब्ढी भएता पनि एक अर्कामा सदभाव राखी धार्मिक सहिष्णुता अपनाई दशैंलाई बढो हर्षोल्लासका साथ मनाउँदछन् ।

**ख) ल्होसार**

ल्होसार बौद्ध धर्मावलम्बीहरुको प्रमुखको धर्मको रुपमा मानिन्छ । ल्होसार तमु, ग्याल्बो र सोनाम तीन किसिमको हुन्छ । सोनाम ल्होसारतामाङहरूले नयाँ वर्षको आरम्भको रूपमा मनाउने पर्व हो । प्रत्येक वर्ष माघ महिनाको शुक्ल पक्षमा पर्ने प्रतिपदा तिथीको दिन मनाइने सोनाम ल्होसारर चिनिया नयाँ बर्ष एकै दिन मनाइन्छ । ल्होसारदुइ शब्द मिलेर बनेको छ । जसको



अर्थ ल्हो अर्थात् वर्ष वा साल भन्ने हुन्छ भने छार वा सारको अर्थ नयाँ भन्ने हुन्छ । यसैले ल्होसारको अर्थ नयाँ वर्ष वा नयाँ साल भन्ने बुझिन्छ र यसै अनुरूप यस चाडलाई मनाउने गरिन्छ । ल्होसार मनाउने समुदायले यस्ता ल्हो अर्थात वर्षु बाह्रवटा भएको विश्वास गर्छन् । बाह्र वर्षको नाम पशुपंछी र जीवजन्तुका नामबाट राखिएको हुन्छ । जस्तै : मुसा, गाई, बाघ, बिरालो, गरुड, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर, सुँगुर वर्ष । यी बाह्र वर्गलाई यो समुदायले बाह्र राशिको रूपमा पनि लिने गरेको पाइन्छ । बाह्र वर्ष समाप्त भए पछि फेरि उही नाम दोहोऱ्याएर वर्ष गनिन्छ ।

**ग) पाँचपोखरी मेला**

यस गाँउपालिकाको वडा नं.३ भोताङ्मा रमणीय धार्मिक, साँस्कृतिक, प्राकृतिक पर्यटकिय क्षेत्रको रुपमा पाँचपोखरी रहेको छ । समुन्द्री सतहबाट ४१०० मिटर उचाइमा यो तिर्थ स्थल रहेको छ । यस स्थानमो पाँच वटा तालहरु बाट बनेको हुनाले पाँचपोखरी नामाकरण रहेको पाइन्छ । विश्वको सिमसार क्षेत्र



मध्ये नवौं स्थानमा रहेको पाँचपोखरी धार्मिक तथा पर्यटकीय हिसाबले एकदमै महत्व बोकेको क्षेत्र हो । यहाँ हिन्दु धर्म का धर्मावलम्बी र बौद्ध धर्मावलम्बीहरुले धार्मिक विश्वासका साथ श्रावण शुक्ल एकादशी देखी शुरु भई श्रावण पूर्णिमामा एकदमै ठूलो मेला लाग्ने गर्दछ । धार्मिक हिसावले यहाँ बुद्ध तथा हिन्दु धर्मावलम्बीहरुको अपूर्व संगम स्थल रहि आएको छ । यस क्षेत्र लगायत अन्यत्रबाट पनि धेरै ठूलो संख्यामा मानिसहरु घुम्न तथा श्रावण पूर्णिमाको दिन नुहाई भगवान्को पूजाआजा गर्न जाने गर्दछन् । यसको अलवा यस पाँचपोखरीमा अन्य समयमा पनि पर्यटकहरुको आवागमन रहेको छ । यहाँ पुग्न वडा नं. ३ भोताङ्को छिम्तीबाट लगभग ९/१० घण्टामा पुग्न सकिन्छ ।

### घ) रैथाने जात्रा

रैथाने यस पाँचपाखरी थाङ्पाल गाँउपालिकाको वडा नं. ४ स्थित थाङ्पालकोटको रैथाने भन्ने ठाँउमा पर्दछ । रैथानेमा एक पोखरी रहेको छ र यस पोखरीसँगै एक रैथानेश्वर महादेवको मन्दिर पनि रहेको छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण यस क्षेत्रमा श्रावण पूर्णिमाको दिन ठूलो जात्रा लाग्ने गर्दछ । त्यस दिन विभिन्न झाक्रिहरु झकिईझकाउ भएर ढ्याङ्ग्रो बजाई पोखरीको परिक्रमा गरी रमाईलो गर्दछन् । नाचगान हुनुका साथै जात्रा लाग्ने दिन विभिन्न स्टलहरु राखी मिठामिठा खानेकुराहरु, पूजापाठका सामाग्रीहरु लगायतका सामानहरु बिक्रि वितरणको लागि राखिन्छ । जनै पूर्णिमाका दिन रातभर मानिसहरु गीत गाई रमाइलोगरी बिताउँछन् र यहाँ गाँउपालिका भित्रबाट र अन्य ठाँउबाट पनि मानिसहरु जात्रा हेर्न आउने गर्दछन् ।



### ङ) अमिलो पानी मेला

अमिलो पानी गाँउपालिकाको वडा नं.३ स्थित भोताङ र वडा नं.६ स्थित थाङपालधापमा अवस्थित छ । यस स्थान छिम्ती र लार्केको सिमानामा रहेको ईन्द्रावती नदीको किनारमा प्राकृतिक धाराको रुपमा अमिलो पानी रहेको छ । यहाँ वर्षेनी चैते दशैँको बेला अमिलो पानी खाने जात्रा लाग्ने गर्दछ । यस पानी पिउँदा गानो, ग्याष्ट्रिक आदि रोगहरु निको हुने जनविश्वास र ल्याब टेष्ट रिपोर्टहरु रहि आएको पाईन्छ । यस ठाँउ पर्यटकीय तथा धार्मिक हिसाबले एकदमै महत्वपूर्ण रहेको छ । यहाँ वर्षेनी हजारौँ आन्तरिक तथा बाह्य पर्यटकहरु यस ठाँउमा घुम्न आई अमिलो पानीको स्वाद लिने गर्दछन् ।

## ७१. गाँउपालिकाबाट बाहिर निकासी हुने वस्तुहरुको विवरण (वन पैदावार)

यस गाँउपालिका प्राकृतिक तथा भौगोलिक रुपमा अत्यन्त सुन्दर रहेको छ । यस क्षेत्र तल्लो बेँसी टार देखि हिमाली भेग सम्ममा फैलिएको छ । यहाँ विभिन्न प्रजातिका वन्यजन्तु तथा हिमाली जडिबुटीहरु रहेका छन् । खोला नाला तथा वनजंगल पनि प्रशस्त भएको यस क्षेत्र विकासका धेरै सम्भावनाहरु बोकेको छ । हालसम्म यस

क्षेत्रमा धेरै नै मात्रामा बहुमूल्य जडिबुटी तथा वन पैदावार वस्तुहरु रहेता पनि खोज अनुसन्धानको कमीले पहिचान हुन तथा उत्खनन् हुन सकिरहेको छैन । यहाँबाट लेकाली आलु, धुपि सल्लो, लप्सी, लालीगुँरास, सुनपाती, साल, चिलाउने, उत्तिस, सल्ला लगायतका बोटबिरुवाहरु केही मात्रामा बाहिर निकासा हुने गरेको छ । राम्रोसँग अध्ययन, अनुसन्धान गर्ने हो भने यहाँ पाईने बहुमूल्य जडिबुटीको बिक्रि वितरण तथा उत्पादनले यस क्षेत्रको विकासमा ठूलो टेवा पुग्ने देख्न सकिन्छ ।

## ७२. औद्योगिक तथा व्यापार, व्यवसाय (निर्माण व्यवसायी समेत) सम्बन्धी विवरण

गाँउपालिका भित्र विभिन्न प्रकारका व्यापार तथा व्यवसायहरु रहेका छन् । यहाँ टेलर्स, सुनचाँदी व्यवसायी, भाँडा व्यवसायी, होटल, किराना पसल, क्लिनिक तथा औषधी पसल, फेन्सी पसल, तरकारी तथा फलफूल, माछा मासु पसल, ब्यूटी पार्लर, बेकरी सप, हेयर सैलुन, बंगुर, कुखुरा तथा बाखा पालन, इलेक्ट्रीक पसल, चामल मिल तथा घट्ट, जुत्ता पसल, फोटे स्टुडियो, फनिर्चर लगायत विविध सामाग्रीका व्यापार तथा व्यवसायहरु रहेका छन् । संख्यागत विवरण तलको तालिकामा देखाईएको छ ।

| क्र.स. | व्यापार,व्यवसाय विवरण | जम्मा संख्या | |
|---|---|---|---|
| १ | दुग्ध व्यवसायी | | |
| २ | टेलर्स | १८ | |
| ३ | सुनचाँदी व्यवसायी | ३ | |
| ४ | भाडा व्यवसायी | ३ | |
| ५ | होटल व्यवसायी | १४२ | |
| ६ | फेन्सी व्यवसायी | १० | |
| ७ | क्लिनिक तथा औषधी व्यवसायी | २ | |
| ८ | तरकारी तथा फलफूल व्यवसायी | ७ | |
| ९ | इलेक्ट्रोनिक व्यवसायी | १३ | |
| १० | माछामासु पसल, व्यवसायी | २८ | |
| ११ | हेयर सैलुङ्ग तथा सौन्दर्यकला व्यवसायी | २ | |
| १२ | उद्योग | ७ | |
| १३ | आर्ट व्यवसायी | | |
| १४ | बेकरी तथा मिष्ठान्न व्यवसायी | १ | |
| १५ | बाल मनोरञ्जन | | |
| १६ | बंगुर पालन | ५ | |
| १७ | कार्ड बोर्ड उत्पादन | | |
| १८ | बोडिंग स्कुल संचालन | | |
| १९ | ठेक्कापट्टा | ५ | |
| २० | जुत्ता पसल | ५ | |
| २१ | फोटो स्टुडियो | ५ | |
| २२ | फर्निचर | १५ | |
| २३ | किनारा पसल तथा व्यवसायी | ११४ | |
| २४ | सि.डि.पसल | | |

| | | | |
|---|---|---|---|
| २५ | पुल हाउस | ४ | |
| २६ | अटो वर्कसप | ३ | |
| २७ | कपास उद्योग | | |
| २८ | राइस मिल | २० | |
| २९ | घडि रेडियो टि.भी मर्मत | ६ | |
| ३० | पेट्रोल पम्प | | |
| ३१ | मसला उद्योग | | |
| ३२ | चस्मा पसल | | |
| ३३ | पस्मिना पसल | | |
| ३४ | माटाका भाडा, मुकुण्डो तथा सेरामिक्स | | |
| ३५ | खोज अनुसन्धान सेन्टर | | |
| ३६ | खाजाघर तथा चिया पसल | ५० | |
| ३७ | ढुवानी सेवा | १२ | |
| ३८ | पांगो माटो व्यवसाय | | |
| ३९ | टयुसन सेन्टर | | |
| ४० | हाउजिंग | | |
| ४१ | कार्पेट पसल | २ | |
| ४२ | सरसफाइ तथा फोहोर मैला संकलन | | |
| ४३ | नर्सरी फुल व्यवसायी | | |
| ४४ | कुरियर | | |
| ४५ | मदिरा व्यवसाय | ५९ | |
| ४६ | ग्यास डिलर | ५ | |
| ४७ | नृत्य प्रशिक्षण तथा संगित प्रशिक्षण केन्द्र | १ | |
| ४८ | पाउ भण्डार | | |
| ४९ | क्याटरिंग | ३ | |
| ५० | कानुन व्यवसायी र परामर्श सेवा | | |
| ५१ | जिमखाना | | |
| ५२ | निर्माण व्यवसायी तथा सप्लायर्स | २ | |
| ५३ | कवाडी संकलन केन्द्र | | |
| ५४ | मल बिउ उत्पादन | | |
| ५५ | कम्प्युटर टेनिंग सेन्टर साईवर व्यवसायी | | |
| ५६ | फिल्म हल | | |
| ५७ | सिसा पसल | ४ | |
| ५८ | पुस्तक व्यवसायी तथा फोटोकपी | ६ | |
| ५९ | मनी टान्सफर | | |
| ६० | सहकारी | १४ | |
| ६१ | बैक | १ | |
| ६२ | बिज्ञापनमिडियारकेवल सेवा | | |
| ६३ | कागज उद्योग तथा छापाखाना | १ | |
| ६४ | पानी फिल्टर | | |
| ६५ | पार्टी प्यालेस | १ | |
| ६६ | भेटनरी | १ | |

**स्रोत : सामाजिक स्रोत नक्साङ्कन, घरधुरी सर्वेक्षण (२०७५), वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका**

## ७३. सुरक्षा ईकाईहरु

हाल शान्ती सुरक्षा व्यवस्था कायम गर्न गाँउपालिकामा जम्मा तीन वटा प्रहरी चौकी रहेका छन् । एउटा गाँउपालिका केन्द्र रहेको स्थान गाँउपालिकाको वडा नं.६ स्थित टारमा रहेको छ, त्यस्तै प्रहरी चौकी मेलम्ची नगरपालिका र गाँउपालिकाको सिमा खाल्डेखोलामा रहेका छ भने अर्को गाँउपालिकाको वडा नं.४, थाङपालकोटको मानेखर्कमा रहेको छ । यी तीन ठाँउबाट नै गाँउपालिकाको सबै वडाहरु हेर्ने गरिएको छ ।

| क.स. | प्रहरी चौकी र सूरक्षा ईकाइ | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | अस्थायी प्रहरी चौकी, थाङपालधाप, टार | पाँचपोखरी थाङपाल गाँउपालिका, वडा नं.६, थाङपालधाप, टार | |
| २ | प्रहरी चौकी, मानेखर्क | पाँचपोखरी थाङपाल गाँउपालिका, वडा नं.४, थाङपालकोट | |
| ३ | प्रहरी चौकी, तिपेनी | पाँचपोखरी थाङपाल गाँउपालिका, वडा नं.८, लाँगर्चे (खाल्डे खोला) | |

**स्रोत :पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ७४. सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलाप

वि.स.२०७३ मा यस गाँउपालिकाको सबै वडा तथा गाँउपालिका स्तरमा सामुदायिक मेलमिलाप केन्द्रहरु गठन भएका थिए । यी मेलमिलाप केन्द्रहरुले समाजमा रहेका विविध खालका वादविवाद तथा झै झगडाहरुलाई एक समन्वयकारी भुमिका खेली मिलाउने काममा अग्रणी भुमिका खेलेको छ । र कुनैपनि वादविवाद तथा झै झगडाहरु यस मेलमिलाप केन्द्रमा छलफल नभई प्रहरी चौकी जादैंन । यसले मिलाउन नसकेको र फौजदारी मुद्धाहरु चाँहि प्रहरी चौकी जाने गरेको छ ।

| क.सं | सामुदायिक मेलमिलाप केन्द्रको नाम | स्थान | गठन भएको साल | ीक्रयाकलाप |
|---|---|---|---|---|
| १ | पाँचपोखरी थाङपाल गाँउपालिका स्तरीय मेलमिलाप केन्द्र | गाँउपालिका कार्यलय, थाङपालधाप | २०७३ | स्थानीय तवरमा रहेका झै झगडा, वादविवादहरुको छलफल गराई मेलमिलाप गराउन समन्वयकारी भुमिका खेल्ने |
| २ | बाँसखर्क सामुदायिक मेलमिलाप केन्द्र | बाँसखर्क | २०७३ | स्थानीय तवरमा रहेका झै झगडा, |

| | | | | |
|---|---|---|---|---|
| ३ | बरुवा सामुदायिक मेलमिलाप केन्द | बरुवा | २०७३ | वादविवादहरुको छलफल गराई मेलमिलाप गराउन समन्वयकारी भुमिका खेल्ने |
| ४ | भोताङ सामुदायिक मेलमिलाप केन्द | भोताङ | २०७३ | |
| ५ | थाङपालकोट सामुदायिक मेलमिलाप केन्द | थाङपालकोट | २०७३ | |
| ६ | गुन्सा सामुदायिक मेलमिलाप केन्द | गुन्सा | २०७३ | |
| ७ | थाङपालधाप सामुदायिक मेलमिलाप केन्द | थाङपालधाप | २०७३ | |
| ८ | भोटेनाम्लाङ सामुदायिक मेलमिलाप केन्द | भोटेनाम्लाङ | २०७३ | |
| ९ | लाँगर्चे सामुदायिक मेलमिलाप केन्द | लाँगचे | २०७३ | |

**स्रोत :वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ७५. व्यापारिक फर्महरुको विवरण/निर्माण व्यवसायी दर्ता भएका

विभिन्न प्रकारका निमार्ण कार्य गर्नको लागि यस गाँउपालिका भित्र १७ वटा निमार्ण कम्पनी तथा कन्सट्रक्शनहरु द्यर्ता भएका छन् । यीनिहरुले गाँउपालिका भित्रका विकास निमार्णका विविध कार्य तथा सामाग्री खरीदको लागि समेत नियम संगत ढंगले कोटेशन तथा टेण्डर प्रणालीमा रही कार्यहरु गर्दै आएका छन् ।

| क्र.स. | व्यापारिक फर्मको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पालचोकी भगवती निर्माण सेवा- ६, थाङपालधाप | १ | |
| २ | एस. निर्माण सेवा- ६, थाङपालधाप | १ | |
| ३ | केदार निर्माण सेवा-१, बाँसखर्क | १ | |
| ४ | पाँचपोखरी निर्माण सेवा- ५, गुन्सा | १ | |
| ५ | श्री दुखाङ निर्माण सेवा- ३, भोताङ | १ | |
| ६ | आर.एस कन्स्ट्रक्शन- १,बाँसखर्क | १ | |
| ७ | पाँचपोखरी कन्स्ट्रक्शन - ४, थाङपालकोट | १ | |
| ८ | इन्द्रावती कन्स्ट्रक्शन- ८, लाँगर्चे | १ | |

| | | | |
|---|---|---|---|
| ९ | मिलिजुलि निर्माण सेवा- ६, थाङपालधाप | १ | |
| १० | सुन्दरशान्त नेपाल निर्माता सेवा- ५, गुन्सा | १ | |
| ११ | श्री यार्सा निर्माण सेवा- ३, भोताङ | १ | |
| १२ | श्री सातकन्या देवी निर्माण सेवा- ३, भोताङ | १ | |
| १३ | सिन्धु निर्माण सेवा- ५, गुन्सा | १ | |
| १४ | तिपेनी कन्स्ट्रक्शन- ७, भोटेनाम्लाङ | १ | |
| १५ | मामाभान्जा कन्स्ट्रक्शन-७, भोटेनाम्लाङ | १ | |
| १६ | खनाल निर्माण सेवा- ८, लाँगर्चे | १ | |
| १७ | भोताङ पाँचपोखरी निर्माण सेवा -३, भोताङ | १ | |

**स्रोत :वडा कार्यलयहरु तथा पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ७६. गाँउपालिका क्षेत्रभित्र रहेका होटेलहरुको विवरण

गाँउपालिकाको ८ वटै वडामा गरी साना ठूला गरी जम्मा १४२ वटा होटल तथा लजहरु र ७ वटा होमस्टेहरु संचालनमा रहेका छन् ।

| वडाको नाम | गाउँपालिकाको वडा नं. | होटल तथा लजको सङ्ख्या | होमस्टेको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| बाँसखर्क | १ | २१ | | साना ठूला गरी |
| बरुवा | २ | ८ | | |
| भोताङ | ३ | १७ | १ | |
| थाङपालकोट | ४ | २२ | ४ | |
| गुन्सा | ५ | २४ | १ | |
| थाङपालधाप | ६ | २१ | १ | |
| भोटेनाम्लाङ | ७ | १६ | | |

| | | | | |
|---|---|---|---|---|
| लाँगर्चे | ८ | १३ | | |
| **जम्मा** | | **१४२** | **७** | |

**स्रोत :सामाजिक स्रोत नक्साङ्कन, वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ७७. प्राकृतिक श्रोत (खानी/खनिज आदि)

प्राकृतिक रुपमा अति नै सुन्दर यस गाँउपालिकामा खानीको रुपमा हालसम्म थाहा पाईएको स्लेट ढुङ्गााहरुको खानी यस गाँउपालिकाको वडा नं.४, थाङपालकोटमा रहेको पाईएको छ । यस क्षेत्रमा अरु पनि खानीहरु हुन सक्ने अनुमान गरेता पनि त्यसको खोज तथा अनुसन्धान हुन सकेको छैन ।

| क्र.सं. | विवरण | स्थान |
|---|---|---|
| १ | स्लेट ढुङ्गा खानी | पाँचपोखरी थाङपाल गा.पा., वडा नं.४, थाङपालकोट (साविक थाङपालकोट- १), बाँसखर्क साबिक वडा नं.९ सेप धर्ना वन पाखा, लाँगर्चे |

**स्रोत :वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ७८. तालतलैया र प्राकृतिक पोखरीको नाम (सिमसार/रामसार क्षेत्र समेत)

यस क्षेत्रमा १२ वटा विभिन्न प्रकारका तालतलैया तथा पोखरीहरु रहेका छन् । यसमध्येमा कतिपय प्राकृतिक पोखरीहरु बिस्तार सुक्दै गएका छन् । यहँको विशेषगरी पाँचपाखेरी, रैथाने पोखरी, दुधकुण्ड तथा ढुक्फु लगायतका पोखरीहरु बढी प्रसिद्ध भएका छन् र यहाँ वर्षेनी हजारौं आन्तरिक तथा बाह्य पर्यटकहरु विभिन्न पर्व तथा अवसर पारी घुम्न आउने गरेका छन् ।

| क्र.सं | तालतलैया र प्राकृतिक पोखरीको नाम | ठेगाना |
|---|---|---|
| १ | ढुक्फु | गा.पा., वडा नं. २, बरुवा |
| २ | होमाछो( दुधकुण्ड) | गा.पा., वडा नं. २, बरुवा |
| ३ | ठेकलासा | गा.पा., वडा नं. २, बरुवा |
| ४ | पाँचपोखरी | गा.पा., वडा नं. ३, भोताङ |
| ५ | रैथाने पोखरी | गा.पा., वडा नं. ४, थाङपालकोट |
| ६ | राक्से पोखरी | गा.पा., वडा नं. ४, थाङपालकोट |
| ७ | भुत्ते पोखरी | गा.पा., वडा नं. ४, थाङपालकोट |
| ८ | सिंगुन पोखरी | गा.पा., वडा नं. ५, गुन्सा |

| | | |
|---|---|---|
| ९ | च्योच्यो ताल | गा.पा., वडा नं. ५, गुन्सा |
| १० | लुड्गादेवी पोखरी थान | गा.पा., वडा नं. ६, थाङपालधाप |
| ११ | ठूलो ढुङ्गा पोखरी | गा.पा., वडा नं. ७, भोटेनाम्लाङ |
| १२ | नैालिङगेश्वरी पोखरी | गा.पा., वडा नं. ८, लाँगर्चे |

**स्रोत :सामाजिक स्रोत नक्साङ्कन, वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ७९. पशुपंक्षी/वन्यजन्तुको विवरण

वनजंगल प्रशस्त मात्रामा रहेको यस गाँउपालिका बेँसी देखि लेक सम्ममा फैलिएको छ । यहाँ विभिन्न प्रकारका स्तनधारी जनावरहरु, पंक्षीहरु तथा घस्रने जनावरहरु पाईन्छ । यहाँ चितुवा, मृग, स्याल, भालु, बाँदर, सालक, बँदेल, कालिज, परेवा, काग, भँगेरा, लाटोकोसेरो, उल्लु, ढुकुर, सर्प, तित्रा, कोइली, ब्वाँसो, मुनाल, गोहोरो तथा छेपारो लगायतका धेरै प्रजातीका वन्यजन्तु तथा पंक्षीहरु पाईन्छ ।

| क्र.सं. | स्थानिय नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **स्तनधारी जनावरहरु (Mammals)** | | | |
| १. | कस्तुरी मृग | Musk Deer | *Moschus moschiferus* |
| २. | चितुवा | Common Leopard | *Panthera pardus* |
| ३. | स्याल | Jackle | *Canis aureus* |
| ४. | ध्वाँसे चितुवा | Clouded Leopard | *Neofelis nebulosa* |
| ५. | भालु | Black Bear | *Selenarctos thibetanus* |
| ६. | लंगुर बाँदर | Common Langur | *Presbytes entellus* |
| ७. | चमेरो | Fruit bat | *Rousettus spp.* |
| ८. | सालक | Pangolin | *Manis crassicaudata* |
| ९. | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| १० | खरायो | Rufus tailed hare | *Lepus nigricollis* |
| **घस्रने जनावरहरु(Reptiles)** | | | |
| १. | साधारण सर्प | common cat snake | *Bioga trgonata* |
| ३. | गोहोरो | CommonIndian monitor lizard | *Varanus spp.* |

| | | | |
|---|---|---|---|
| ३. | छेपारो | Common lizard | *Calotes versicolor* |
| **पंक्षीहरु(Aves)** | | | |
| १. | ढुकुर | Spotted Dove | *Streptopelia chinensis* |
| २. | वन कुखुरा | Red Jungle Fowl | *Gallus gallus* |
| ३. | मयुर | Peacock | *Pavo cristatus* |
| ४. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejans* |
| ५. | कालिज | Kalij Pheasant | *Lophura leucomelana* |
| ६. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |
| ७. | तित्रा | Black Patridge | *Francolinus fracolinus* |
| ८. | काग | House Crow | *Carvus macrorhynchos* |
| ९. | कोइली | Cuckoo | *Cuculus spp.* |
| १० | जुरेली | Bulbul | *Pycnonotus cafer* |

**स्रोत :जिल्ला वस्तुगत विवरण सिन्धुपाल्चोक (२०७१), पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ८०. सुकुम्बासीको तथ्याङ्क

यस गाँउपालिकामा थोरै सुकुम्बासीहरु रहेका छन् । बाँसखर्क र लाँगर्चे गरी जम्मा १५ परिवारहरु सुकुम्बासीहरु रहेका छन् ।

| क्र.सं. | परिवार संख्या | वडा नं. र नाम | कैफियत |
|---|---|---|---|
| १ | १४ | वडा नं.१, बाँसखर्क | |
| २ | १ | वडा नं.८, लाँगर्चे | |

**स्रोत :वडा कार्यलयहरु(२०७५)**

## ८१. स्थानीय राजनैतिक दलहरु

राजनैतिक दलहरुको रुपमा यहाँ मुख्य गरी ५ वटा राजनैतिक दलहरु सक्रिय रहेका छन् । जसमा नेपाल कम्युष्टि पार्टी, नेपाली कांग्रेस, राप्रपा (प्रजातान्त्रिक), राप्रपा नेपाल, नेकपा माओवादी (वैध) रहेका छन् । गाँउपालिकास्तरीय पार्टी प्रमुखहरुको विवरण तल दिईएको छ ।

| क्र.स | दलको नाम | गापा स्तरीय दलको प्रमुखको नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | नेकपा | शिशिर वाईबा | अध्यक्ष | ९८५१२५४०५० | |
| २. | नेपाली कांग्रेस | उत्तरध्वज खत्री | सभापति | ९८४१२२३७६६ | |
| ३. | राप्रपा ( प्रजातान्त्रिक) | चित्र गुरुङ (भिम) | अध्यक्ष | ९८०३४९१०१० | |
| ४. | राप्रपा नेपाल | मोहनध्वज देउजा | जिल्ला अध्यक्ष | ९८४३५२३१३३ | |
| ५. | नेकपा माओवादी ( वैध) | जुल्फे वाईबा | प्रमुख | ९८१०१६६१७१ | |

**स्रोत :विभिन्न पार्टीहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ८२. गाउँपालिकासँग साझेदारी गरेका संघ संस्थाहरु

गाँउपालिका स्तरमा विभिन्न संघ सस्थाहरुको फरक फरक प्रकारका कार्यक्रमहरु संचालनमा रहेका छन् । यहाँ विशेष गरी १५ वटा कार्यक्रमहरु संचालनमा रहेका छन्, जसमा आवास तथा जोखिम न्यूनीकरण, खानेपानी सरसफाई तथा स्वच्छता, खाद्य सुरक्षा तथा जिवीकोपार्जन, स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम, विपन्न तथा पिछडिएका वर्गहरुको उत्थान तथा न्यायमा पहुँच कार्यक्रम तथा गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम जस्ता विविध कार्यक्रमहरु विभिन्न प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुले गाँउपालिकासँग समझदारी तथा समन्वय गरी संचालन गरीरहेको छ ।

| क्र.स. | संघसंस्थाको नाम | कार्यक्रम | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | केयर नेपाल/**(CSRC)** | • आवास तथा जोखिम न्यूनिकरण<br>• खानेपानी सरसफाई तथा स्वच्छता<br>• खाद्य सुरक्षा तथा जिविकोपार्जन | ४,५०,७५,७८२<br>२,८८,२३,९९२<br>७०,३८,९३७ | |
| २ | फेयरमेड नेपाल/मांक | स्वास्थ्यको लागि उपकार परियोजना | ३८,७६,३०२ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | नेपाल रेडक्रस सोसाइटी | | | |
| ४ | (**DFID)/** महिला आत्म निर्भरता केन्द्र (**MANK**) | निष्पक्ष र समतामुलक न्यायमा पहुँच सुढृढीकरण परियोजना | २८,५८,९४५ | |
| ५ | **USAID/**टुकी संघ सुनकोशी | महिला तथा बालबलिका र किशोर किशोरीको पोषण स्थिति सुधार | १४,३७,१८१ | |
| ६ | सामुदायिक आत्म निर्भरता केन्द्र **(CSRC)** | | | |
| ७. | सेवक नेपाल | खानेपानी योजना | १,६०,१७,९९८.६६ | |
| ८. | **Commited Nepal** | | | |
| ९. | सामुदायिक विकास वातावरण तथा संरक्षण मञ्च ( **CDECF**) | | | |
| १०. | जिल्ला लघु उद्यमी समुह संघ | गरिवी निवारणको लागि लद्यु उद्यम विकास कार्यक्रम | १६,०३,०५० | |
| ११. | (**TGH)- ARSOW** | पुननिर्माण | २,६२,६८,००० | |
| १२. | चाईल्ड रिच नेपाल | **Sports for development, education EDC training and refurbishment** | ४८,०४,५४२ | |
| १३ | (**FDF)- ARSOW** | सामुदयिक उत्थानशीलता तथा पुननिर्माण परियोजना | ५,८५,८३,४४० | |
| १४. | सिन्धु हिमालयन प्रा.लि | केबल कार | | |

| | | | | |
|---|---|---|---|---|
| १५. | **SAFE Jusitice/** केयर नेपाल, मांक | विपन्न र सिमान्तकृत समुदाय भित्रका पनि महिला बालबालिकाहरु निश्पक्ष र समतामुलक न्यायमा पहुँच स्थापित गर्नु। | ७०,०७,८४२.०० | |

**स्रोत :पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ८३. बसपार्क वा बस स्टेशन

गाँउपालिकाको सबै वडाहरुमा सडक संजाल फैलिएको भएता पनि सबै वडाहरुमा सार्वजनिक बसहरु संचालनमा छैन । यहाँको लाँगर्चे बाहेकका अन्य वडाहरुमा दैनिक रुपमा बस संचालनमा रहेको छ । मुख्यत: यहाँ यात्रुहरु चढाउने र ओराल्ने थुप्रै स्थानहरु रहेता पनि बसपार्कको रुपमा बरुवाको डाडाँम्राङ, बोलगाँउ, भोताङको छिम्ती, थाङपालकोटको ग्याघरधारा, गुन्साको गुन्सा बजार र भोटेनाम्लाङको तामाङ टोल मुख्य बसपार्कको रुपमा रहेको छ ।

| क्र.स. | वडाको नाम | स्थान (गापाको वडा नं. ) | क्षेत्रफल ( वर्ग किमि) | कैफियत |
|---|---|---|---|---|
| १ | बाँसखर्क | बाँसखर्क, (वडा नं.१) | | बसहरु बस्ने नगरेको तर बस स्टपहरु भएको |
| २ | बरुवा | डाडाँम्राङ, (वडा नं.२) | | सार्वजनिक आफ्नै नाममा जग्गा नभएको |
| ३ | बरुवा | बोलगाउँ, (वडा नं.२) | | |
| ४ | भोताङ | छिम्ती (वडा नं.३) | | सार्वजनिक जग्गामा |
| ५ | भोताङ | यार्सा (वडा नं.३) | | सार्वजनिक जग्गामा |
| ६ | थाङपालकोट | ग्याघर धारा, थाङपालकोट-मानेखर्क (वडा नं.४) | | व्यक्तिगत जग्गामा |
| ७ | थाङपालकोट | रैथाने, (वडा नं.४) | ४ रोपनी | |
| ८ | थाङपालकोट | मिलन चोक, कोटगाउँ (वडा नं.४) | सडक-०-४-०-० | |
| ९ | गुन्सा | गुन्सा बजार, (वडा नं.५) | | |
| १० | थाङपालधाप | टार, मित्रता चोक, गाउँपालिका क्षेत्र (वडा नं.६) | | मुख्य बस स्टप स्टेशन |
| ११ | थाङपालधाप | सिमपानी, डाँडाटोल, स्कूल एरिया (वडा नं.६) | | मुख्य बस स्टप स्टेशन |
| १२ | भोटेनाम्लाङ | तिपेनी बजार पारी, (वडा नं.७) | | सार्वजनिक जग्गामा |
| १३ | भोटेनाम्लाङ | भोटेनाम्लाङ, (वडा नं.७) | | |
| १४ | लाँगर्चे | नागीडाँडा, लाँगर्चे, खाल्डेखोला, (वडा नं.८) | | मुख्य बस स्टप स्टेशन |
| १५ | लाँगर्चे | तिपेनी बजार वारी, (वडा नं.७) | | मुख्य बस स्टप स्टेशन |

**स्रोत :यातायात समिति, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ८४. खुला क्षेत्र तथा बजार

गाँउपालिकाको खुला क्षेत्रको रुपमा यहाँ बाँसखर्कको बाँसखर्क, बरुवाको बोलगाँउ, याङ्ग्री, भोताङको ठूलो भोताङ, यार्सा, छिम्ती, थाङपालकोटको मानेखर्क, रैथाने, मण्डला चोक, सेतो माने, मिलन चोक, ग्यागरधारा, अस्पताल डाँडा, गुन्साको गुन्सा बजार, थाङपालधापको धाप, टार, भोटेनाम्लाङको तिपेनी तथा लाँगर्चेको खाल्डेखोला लगायतका क्षेत्रहरु खुला तथा बजार क्षेत्रको रुपमा रहेका छन् ।

| क्र.स. | वडाको नाम | मुख्य बजार | गापाको केन्द्रबाटको दुरी (किमि) | कैफियत |
|---|---|---|---|---|
| १ | बाँसखर्क | बाँसखर्क | १७ कि.मि | |
| २ | बरुवा | बरुवा | २१ कि.मि | |
| ३ | बरुवा | बोलगाउँ | २६ कि.मि. | |
| ४ | बरुवा | याङग्री | २२ कि.मि. | |
| ५ | भोताङ | भोताङ, यार्सा, छिम्ती | २० कि.मि. | |
| ६ | थाङपालकोट | मण्डला चोक | ९कि.मि | |
| ७ | थाङपालकोट | सेतो माने | १० कि.मि | |
| ८ | थाङपालकोट | मिलन चोक | ११ कि.मि | |
| ९ | थाङपालकोट | रैथाने | १३ कि.मि | |
| १० | थाङपालकोट | मानेखर्क | १४ कि.मि | |
| ११ | थाङपालकोट | अस्पतालडाँडा | १५ कि.मि | |
| १२ | थाङपालकोट | ग्यागरधारा | १६ कि.मि | |
| १३ | गुन्सा | गुन्सा बजार | ७ कि.मि | |
| १४ | थाङपालधाप | धाप | ६ कि.मि | |
| १५ | थाङपालधाप | टार | | गाँउपालिका कार्यलय बसेको स्थान |
| १६ | भोटेनाम्लाङ | तिपेनी | ९कि.मि | |
| १७ | लागर्चे | खाल्डेखोला, तिपेनी | १३ कि.मि | |

**स्रोत :सामाजिक स्रोत नक्साङ्कन, वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ८५. गाँउ क्षेत्रभित्र रुट परमिट लिएर संचालन भएका सार्वजनिक बसहरुको विवरण

गाँउपालिकामा रुट परमिट लिएर आमा ह्योल्मो तथा हेलम्बु यातायातका गाँउपालिकाको विभिन्न वडामा गरेर जम्मा ६ वटा बसहरु दैनिक रुपमा संचालनमा रहेका छन् ।

| बस चल्ने शुरु स्थान | बस पुग्ने अन्तिम स्थान | दैनिक सञ्चालन हुने सवारी साधन संख्या | बस स्टप संख्या (यात्रु चढाउने ओराल्ने स्थान) | कैफियत |
|---|---|---|---|---|
| नारायणटार | बाँसखर्क हुदैं बरुवा, बोलगाँउ | २ | १३ | आवश्यकता अनुसार अन्य स्थानमा पनि चढाउने र ओराल्नु |
| नारायणटार | छिम्ती, भोताङ | १ | १६ | |
| नारायणटार | ग्याघर धारा, मानेखर्क | १ | १४ | |
| नारायणटार | गुन्सा | १ | २२ | |
| नारायणटार | भोटेनाम्लाङ | १ | १५ | |

| | | | | |
|---|---|---|---|---|
| नारायणटार | लाँगर्चे | १ | १७ | गरेको |
| **जम्मा** | | ७ | | |

**स्रोत :यातायात समिति तथा वडा कार्यलयहरु (२०७५)**

## ८६. प्रकोपबाट भएको क्षति सम्बन्धी विवरण (आ.व. २०७२/०७३ देखि आ.व. २०७४/०७५ सम्म)

महाविनाशकारी महाभूकम्प २०७२ ले यस गाँउपालिका भित्र धेरै नै मानवीय तथा भौतिक क्षती पुऱ्याएको छ । अबौँको भौतिक क्षती भएको यस ठाँउमा धेरै मानिसहरु आन्तरिक तथा बाह्य रुपमा विस्थापित हुन पुगेका थिए । यसका अलावा यहाँ पहिरोबाट लगभग ६१,५०,००० बराबरको घर जग्गा, गोठ धुरीको क्षती भएको छ । आगजनीबाट पूर्ण रुपमा कटेरो जलेको तथा १२ वर्षे एक बालकको जलेर मृत्यु हुनुका साथै अनुमानित १० लाख बराबरको भौतिक क्षती भएको छ । त्यस्तै गरी नदी कटानले ५ लाख बराबरको क्षती पुऱ्याएको छ । र जनावर आंतक जस्तै बाँदर तथा बँदेलबाट १० लाख बराबरको क्षती भएको छ ।

| प्रकोपको किसिम | क्षतिको विवरण | भएको अनुमानित क्षती (रकम रु.) | मानवीय क्षति |
|---|---|---|---|
| बाढि | | | |
| पहिरो | घर जग्गा, आवसीय घर गोठ धुरी | ६१,५०,००० | |
| आगजनी | पूर्ण रुपमा कटेरो जलेको | अनुमानित १० लाखको क्षती | १२ वर्षे १ बालकको जलेर मृत्यु (गुन्सा) |
| महामारी | | | |
| हावाहुरी | | | |
| चट्यांग | | | |
| नदि कटान | जग्गा | ५,००,००० | |
| खडेरी | | | |
| भुकम्प | घर सामाजिक संरचना भौतिक पूर्वाधार अन्न पशु पन्छी | २,१०,५५,०००,००० | १६९ |
| अन्य | जनावर आतंकबाट अन्नवाली नष्ट | १०,००,००० | |

**स्रोत :वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ८७. ग्रामिण विद्युतिकरण

यस गाँउपालिकाको सबै वडाको सबै मानव बस्तीमा विद्युत् पुगेको छ । ग्रामिण विद्युतिकरणको पहुँच भएको यस क्षेत्रमा जम्मा ३६ वटा ट्रान्सफर्मरहरु रहेको छन् । यहाँका मानिसहरुले विभिन्न उद्योग धन्दाहरुमा समेत विद्युतको प्रयोग गरेका छन् । ठाँउ ठाँउमा सडक बत्तिहरु समेत जडान भएका छन् ।

| क्र.सं. | विवरण | परिमाण (संख्या) |
| --- | --- | --- |
| १ | ग्राहस्थ लाईन संख्या | ६४८(थाङपालकोट), ८७० (भोताङ) |
| २ | औद्योगिक लाइन संख्या | ९ (थाङपालकोट) |
| ३ | व्यापारिक संख्या | |
| ४ | मन्दिरमा वितरीत संख्या | २ (थाङपालकोट) |
| ५ | खानेपानी | १५ (बरुवा) |
| ६ | सडक वत्ति | ७० |
| ७ | अस्थायी वत्ति | |
| ८ | सिंचाई | १५ (बरुवा) |
| **जम्मा ग्राहक संख्या** | | |
| ९ | स्विचिङ स्टेशन - | |
| | ट्रान्शफर्मर संख्या | ३६ |

**स्रोत :वडा कार्यलयहरु(२०७५)**

## ८८. पार्क, वनस्पति तथा उद्यान सम्बन्धी विवरण

पार्क तथा उद्यानको रुपमा यस गाँउपालिकामा थाङपालकोटको रैथाने रहेको छ । उक्त पार्क रैथाने पोखरीसँगै रहेको छ । जहाँ मानिसहरु गएर आरामसँग बसी बसी पोखरी अवलोकन गर्न सक्दछन्, साथसाथै यहाँ माछा मार्दै आनन्द लिन पनि सकिन्छ ।

| क्र.सं | पार्क तथा बाल उद्यानको विवरण | स्थान तथा वडा नं. | सञ्चालक | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | रैथाने | थाङपालकोट-५ | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**स्रोत :वडा कार्यलयहरु (२०७५)**

## ८९. गाँउ क्षेत्रभित्र गठन भएका टोल विकास संस्थानहरुको विवरण

टोल विकास संस्थानको रुपमा यस गाँउपालिकामा मानेखर्क टोल सुधार समिति रहेको छ । जसमा महिला तथा पुरुष गरी ५६ सदस्यहरु रहेका छन् । जसले त्यहाँको टोल विकासका कार्यमा अग्रणी भुमिका खेल्दै विकास निमार्णमा सहयोग पुऱ्याउँदै आएको छ ।

| क्र.सं. | टोलविकास संस्थाको नाम | ठेगाना | संस्थाको किसिम (महिला, पुरुष, मिश्रित) | सम्पर्क नं | सदस्य संख्या | बचत रकम |
|---|---|---|---|---|---|---|
| १. | मानेखर्क टोल सुधार स. | थाङपालकोट | ५६ मिश्रित | | **५६** | |

**स्रोत :वडा कार्यलयहरु (२०७५)**

## ९०. जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या विवरण

गाँउपालिका भित्र धेरै प्रकारका जनचेतनामूलक कार्यक्रमहरु भएका छन् । जसले यहाँको मानिसहरुको पराम्परागत सोचाईमा परिवर्तन ल्याउन अग्रणी भुमिका खेलेको छ । विभिन्न प्रकारका शिर्षकमा गरी यहाँका एक हजार भन्दा बढी मानिसहरुले त्यस्ता खालका तालिमहरु प्राप्त गरेका छन् । यसरी यहाँका मानिसहरुमा सिप, नेतृत्व विकास तथा सकारात्मक सोचाईमा वृद्धि भएको छ ।

| क्र.स. | तालिम विवरण | लिंग | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १ | बचत तथा ऋण | १०९ | ५४ | १६३ | **बाँसखर्क, बरुवा र थाङपालकोटको मात्र, बाँकीको तथ्याङ नआएको** |
| २ | संस्थागत नेतृत्व | | ३ | ३ | |
| ३ | लैंगिक समविकास | १० | ६ | १६ | |
| ४ | स्वास्थ्य | १४ | ६ | २० | |
| ५ | परिवार नियोजन | ९ | | ९ | |
| ६ | खानेपानी सरसफाइ | २५ | ३१ | ५६ | |
| ७ | वन व्यवस्थापन | १७ | २० | ३७ | |
| ८ | फोहोरमैला व्यवस्थापन | १६० | ३६६ | ५२६ | |
| ९ | सिप विकास | ३३५ | ५६ | ३९१ | |
| १० | अन्य | १३ | १८ | ३१ | |
| **जम्मा** | | ६९२ | ५६० | १२५२ | |

**स्रोत :वडा कार्यलयहरु (२०७५)**

## ९१. विद्युत/सौर्य आयोजनाहरुको स्थिती

यहाँ विद्युत लाईन प्रसारण नेपाल विद्युत प्राधिकरणबाट भएको छ । तर यहाँ धेरै नै खोलानाला भएकोले केही लघु जलविद्युत आयोजनाहरु संचालनमा रहेका छन् । यस गाँउपालिकामा ७ वटा जति साना जलविद्युत आयोजनाहरु संचालनमा रहेका छन् ।

| क्र.स. | विद्युत/उर्जाआयोजनाको नाम | क्षमता कि.वा. | क्षेत्र | लाभान्वित घरधुरी | मि. संख्या |
|---|---|---|---|---|---|
| १ | नेपाल विद्युत् प्राधिकरण | ११,००० | बाँसखर्क | ८८१ | ७०० |
| २ | छहरे खोला लघु | १८ कि.वा. | साविक ५,९( बरुवा) | ३०० | |
| ३ | याङग्री खोला लघु | ५४ कि.वा. | साविक १,२,३,४ ( बरुवा) | ३३० | |
| ४ | पाङधाङ पल्ट्रिक | ३ कि.वा. | साविक १ (बरुवा) | ६५ | |
| ५ | मेस्योर खोला | २ कि.वा. | साविक ५, ७( बरुवा) | २९ | |
| ६ | चित्रे खोला देउराली ग्यालसिङ | ५ कि.वा | भोताङ | ५१ | |
| ७ | उपर हाँडीखोला जल विद्युत आयोजना (प्रथम) | | थाङपालधाप | | |
| ८ | उपर हाँडीखोला जल विद्युत आयोजना (दोस्रो) | | थाङपालधाप | | |

**स्रोत :वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

## ९२. बेरोजगारको तथ्याङ्क

बेरोजगारको संख्या यकिन रुपमा आईसकेको छैन, तसर्थ थाङपालकोटको तथ्याङ्क अनुसार त्यहाँ जम्मा १९० जना मात्र बेरोगार रहेको देखिन्छ । बाँकी वडाहरुको तथ्याङ्क आईसकेको छैन ।

| क्र.सं. | लिङ्ग | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पुरुष | १२० | थाङपालकोटको तथ्याङ समावेश |
| २ | महिला | ७० | |

| | जम्मा | १९० | भएको । |
|---|---|---|---|

स्रोत :वडा कार्यलयहरु (२०७५)

## ९३. घर भाडामा बस्नेहरुको विवरण

गाँउपालिका भित्र हालसम्म १९८ जना मानिसहरु घर भाडामा रहेका छन् । ती अधिकांश मानिसहरु सरकारी कर्मचारीहरु रहेका छन् भने केही मानिसहरु व्यापार व्यवसायको लागि पनि घर भाडामा रहेका छन् ।

| वडा नं. | घरभाडामा बस्नेहरुको कुल सङ्ख्या | कैफियत |
|---|---|---|
| १ | ११ जना | |
| २ | तथ्याङ नआएको | |
| ३ | १५ जना | |
| ४ | ५२ जना | |
| ५ | तथ्याङ नआएको | |
| ६ | ५० जना | |
| ७ | ७० जना | |
| ८ | तथ्याङ नआएको | |
| जम्मा | १९८ जना | |

स्रोत :वडा कार्यलयहरु (२०७५)

## ९४. गाँउपालिका भित्र रहेका विशेष, संरक्षित क्षेत्रको विवरण

पाँचपोखरी थाङपाल गाँउपालिका प्राकृतिक, ऐतिहासिक तथा धार्मिक हिसाबले अति नै महत्वपूर्ण क्षेत्र हो । यस क्षेत्र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ, साथै यहाँ एकदमै महत्वपूर्ण तथा पूराना धार्मिक स्थल र ऐतिहासिक ठाँउहरु रहेका छन् । ती क्षेत्रहरु यस गाँउपालिकाको विशेष र संरक्षण गर्नुपर्ने महत्वपूर्ण क्षेत्रहरु हुन् । यहाँ धेरै नै संरक्षित भएता पनि विशेष गरी बाँसखर्कको चिया बगान, बरुवाको आमा याङ्ग्री, होमाछो, ढुक्फु भोताङको पाँचपोखरी, दुखाङ, ड्रागन गुफा, अमिलो पानी, मानम, हबेली, थाङपालकोटको नागी डाँडा (थाम डाँडा), रैथाने पोखरी, गुन्साको च्योच्यो डाँडा, हात्ति ढुङ्गा, पूरानो गुम्बा, थाङपालधापको थाम डाँडा (ज्यामरुङ देवी स्थान), लुंगादेवी, अमिलो पानी, दक्षिणकाली,

भोटेनाम्लाङको ठूलो ढुङ्गा, पार्टी चउर तथा लाँगर्चेको नौलिङ्केश्वरी लगायतका स्थानहरु हुन् । यी स्थानहरु नै यस क्षेत्रको शानको रुपमा रहेको छ ।

| क्र.स. | वडाको नाम | वडा नं. | विशेष, संरक्षित क्षेत्र |
|---|---|---|---|
| १ | बाँसखर्क | वडा नं.१ | चिया बगान |
| २ | बरुवा | वडा नं.२ | आमा याङ्गरी, होमाछो, छोथङ छुकहङजेन, डुक्फु |
| ३ | भोताङ | वडा नं. ३ | पाँचपोखरी, दुखाङ, ड्राईगन गुफा, अमिलो पानी, मानम, हबेली |
| ४ | थाङपालकोट | वडा नं.४ | नागी थाम डाँडा, रैथानेश्वर महादेव मन्दिर तथा पोखरी, बच्छलादेवी मन्दिर, टालटुलेश्वरी मन्दिर, नाघी घ्याङ, राक्से पोखरी र भुले पोखरी |
| ५ | गुन्सा | वडा नं.५ | च्योच्यो डाँडा, हात्ति ढुङ्गा, पूरानो गुम्बा |
| ६ | थाङपालधाप | वडा नं.६ | थामडाँडा (जोङरोङ महादेवस्थान), लुंगादेवी, अमिलो पानी, दक्षिणकाली, भुत्ते छाँङ्गो, गोल्मेश्वरी, पशुपतिनाथ मन्दिर |
| ७ | भोटेनाम्लाङ | वडा नं.७ | ठुलो ढुङ्गा, पार्टी चउर |
| ८ | लाँगर्चे | वडा नं.८ | नौलिङ्केश्वरी, बेत्रावती मन्दिर, ओखरेनी पर्यटकीय बस्ती, हल्लिने ढुङ्गा |

**स्रोत :वडा कार्यलयहरु, पाँचपोखरी थाङपाल गाँउपालिका(२०७५)**

# ९५. अनुसूचीहरु

## तालिका नं. १: पाचँपोखरी थाङ्पाल गाउँपालिकाको सामाजिक स्रोत नक्साङ्कन २०७५

| क्र. सं | विवरण | बाँसखर्क | | बरुवा | | भोताङ | | थाङपालकोट | | गुन्सा | | थाङपालधाप | | भोटेनाम्लाङ | | लागर्चे | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | नाम | संख्या | नाम | संख्या | नम | संख्या | नाम | संख्या | नाम | संख्या | नाम | संख्या | नाम | संख्या | नाम | |
| १ | घर | | | | | | | | | | | | | | | | | ० |
| २ | मन्दिर | ८ | | १ | | ७ | | ५ | | २ | सातकन्या देवी | ११ | गोल्मश्वरी, पशुपति, दक्षिणकाली, जुमरुङदेवी, लङगादेवी, राजेन्द्रश्वरी, महादेव | ८ | | ११ | | ५३ |
| ३ | गुम्बा | ६ | | १३ | | ६ | | ४ | | १ | डुप्खाङ | १ | | ३ | | ३ | | ३७ |
| ४ | चौतारी | ३ | | १ | | | | ४ | | १ | | ७ | | ६ | | ५ | | २७ |
| ५ | विद्यालय | ३ | जनहित आवि, भिम विद्याश्रम मावि, बालविकास आवि | ४ | चण्डिका मावि, गणेश आवि, धनजला आवि, ग्याङखर्क आवि | ५ | भोताङदेवी मावि, लार्के आवि, श्री आवि, सातकन्या आवि, गणेश आवि | ४ | रैथाने मावि, चिलाउने मावि, सातकन्या आवि, टालटुले आवि | २ | सातकन्या मावि, कुम्भेश्वरी आवि | ५ | थाङपालधाप मावि, गोल्मेश्वरी आवि, भुमेश्वरी आवि, बछलामाई आवि, जुगल आवि | ५ | क्षेत्रपालेश्वरी मावि, बालसुधार आवि, पाँचपोखरी आवि, गणेश आवि, भोटेनाम्लाङ मावि | ५ | लागचें मावि, बाल ज्येती आवि, पञ्च कन्या आवि, , सरस्वती आवि, नौलिषोश्वरी आवि | ३३ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | पानिको मुहान | २० | डीरस्यो, लाङमाघ्युङ, छाङगम, सिंगारचेत, सिम्बु, गाङबु, लप्सेखोला, बुखरेन, तेनसिङ, ओखरखोला, छयोङ छयोङ, बोमराङ | १५ | | १२ | | | | ४ | | १९ | | ४ | | २७ | सिस्नेघरी, आहाल खोला, भाक खोला, मुडेपानी, गंगटेसिम, आलचौर | १०१ |
| ७ | पानि घट्ट | ४ | | ११ | | ४ | | | | ८ | | ११ | | ५ | | ७ | | ५० |
| ८ | बिजुलि बत्ति | ७ | टान्समिटर | ४ | टान्समिटर | १ | टान्समिटर | | | ४ | टान्समिटर | १२ | टान्समिटर | ४ | टान्समिटर | ४ | टान्समिटर | ३६ |
| ९ | सडक | २ | | १ | | १ | | २ | | १ | | २ | | १ | | २ | | १२ |
| १० | स्वाश्थ्य चौकि | १ | | १ | | १ | | १ | | १ | | १ | प्रसुति कक्ष सहित | १ | | १ | | ८ |
| ११ | वडा कार्यालय | १ | | १ | | १ | | १ | | १ | | १ | | १ | | १ | | ८ |
| १२ | गाउघर क्लिनिक | १ | | १ | | २ | | | | | | २ | | २ | | २ | | १० |
| १३ | पाहुना घर | १ | | १ | | | | १ | | १ | | | | | | १ | | ५ |
| १४ | बनजगँल | | घना | | घना | | घना | | न्यून | | लालिगुँरास, सेतो चिमाल बन | | घना | | मध्यम | | मध्यम | ० |
| १५ | खेतियोग्य जमिन | | प्रसस्त | | सिमित | | न्यून | | प्रसस्त तर ढुङ्गाको मात्रा बढि भएको | | मध्यम | | प्रसस्त | | प्रसस्त | | प्रसस्त | ० |
| १६ | सामुदायिक भवन | २ | सूचना केन्द्र | २ | | १ | सूचना केन्द्र | १ | | १ | | १ | | १ | | २ | सूचना केन्द्र | ११ |
| १७ | गोरेटो बाटो | | प्रत्येक घर समेटेको | | प्रत्येक घर समेटेको | | प्रत्येक घर समेटेको | | प्रत्येक घर समेटेको | | प्रत्येक घर समेटेको | | प्रत्येक घर समेटेको | | प्रत्येक घर समेटेको | | प्रत्येक घर समेटेको | ० |
| १८ | मौसमी बाटो | | प्रत्येक टोल समेटेको | | प्रत्येक टोल समेटेको | | प्रत्येक टोल समेटेको | | प्रत्येक टोल समेटेको | | प्रत्येक टोल समेटेको | | प्रत्येक टोल समेटेको | | प्रत्येक टोल समेटेको | | प्रत्येक टोल समेटेको | ० |
| १९ | गुफा | १ | ग्यादि घ्याङ | ३ | | ३ | | | | २ | | | | | | | | ९ |
| २० | खोला | ५ | ईन्द्रावति, खरु, बोमराङ, लप्से, ओखर | ६ | | ११ | सानो ठुला खोला खोल्सा गरी | ३ | नाङसाल, ईन्द्रावती, हाँडी खोला | ८ | सानो ठुला खोला खोल्सा गरी | ३ | महादेव, हाडि, पतेरी | | | २ | तिपेनी, खालटे खोला | ३८ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | जोखिमयुक्त स्थान | | गुमराङ, घटाउरे, सेपटोल, धनिटोल माथि पाखा, डीरस्योमुल नजिक,खरुखोला नजिक, म्हिसेचा सिंचाई नजिक मुल सडक माथि | १३ | विभिन्न स्थानमा | ४ | | | | ७ | | १३ | अति जोखिम मुडे नजिक | २ | | | | ३९ |
| २२ | झोलुँगे पुल | २ | ईन्द्रावति | १२ | | ५ | | २ | | ४ | | ७ | | ४ | | २ | | ३८ |
| २३ | धार्मिक तथा पर्यटकिय स्थल | | | २२ | | ५ | पाँचपोखरी, हवेली, डागन गुफा | २ | नागिडाँडा र रैथाने पोखरी | | सुर्के, च्योच्यो डाँडा, High Altitute Training Center, हात्ति ढुङ्गा, पागु भन्ज्याँग | १ | थामडाँडा | ३ | ठुलो ढुङ्गा | २ | नौलि ङ्गेश्वरी डाँडा | ३५ |
| २४ | माने | २१ | | | | ११ | | | | ५ | | ६ | | ३ | | ३ | | ४९ |
| २५ | मिल | ६ | | | | | | | | ३ | | ५ | | १ | | ९ | | २४ |
| २६ | चर्च | १ | | | | १ | | | | १ | | १ | | १ | | १ | | ६ |
| २७ | स्वयंमसेवकाको घर | ८ | | | | | | | | | | | | | | | | ८ |
| २८ | सहकारी कार्यालय | १ | | | | १ | | | | १ | | | | | | १ | | ४ |
| २९ | पशुसेवा कार्यालय | १ | | | | | | | | | | | | | | | | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | सिंचाई कुलो | ११ | तल्लोबारी, बोमराङ खोला, ग्युमराङ, घाप्टेभिर, चुच्चे ढुङ्गा, मोङकलान, भिसेप्पा, छयोख छयोङ, लेम्बाखेत, चिलाउने, धर्ना | | | | | ३ | बेसी, ला, छिम्ती कुलो | | | ९ | लामाबगर, सोतिबगर, माझ, सिरान, पुच्छार | | | | | २३ |
| ३१ | मान्दाङ स्तुपा | २ | मान्दाङ | | | ४ | | | | | | | | | | | | ६ |
| ३२ | चिया उत्पादन क्षेत्र | २ | छयोङ छयोङ, नामसङखो टोल नजिक | | | १ | | | | | | | | | | १ | मसानेपाट नजिक | ४ |
| ३३ | हिमताल पोखरी | | | ६ | | २ | | ८ | | | | | | | | १ | | १७ |
| ३४ | चरण क्षेत्र | | | | प्रसस्त | | प्रसस्त | | | | प्रसस्त | | न्यून | | प्रसस्त | | | ० |
| ३५ | गुफा बस्ने ठाउँ | | | १ | | | | | | २ | चेक्यूङ गाङ, प्राउनथो | | | १ | | | | ४ |
| ३६ | जडिबुटि पाईने स्थान | | | १ | वडाको माथिल्लो भाग | १ | वडाको माथिल्लो भाग | | | १ | वडाको माथिल्लो भाग | | | १ | वडाको माथिल्लो भाग ( गोर्बे) | १ | वडाको माथिल्लो भाग | ५ |
| ३७ | गाउँपालिका | | | | | | | | | | | १ | साबिकको गाविस भवन | | | | | १ |
| ३८ | झरना | | | | | ३ | | | | ३ | | १ | कोले | २ | | | | ९ |
| ३९ | पक्की पुल | | | | | | | | | | | २ | महादेव, हाडि | २ | महादेव, तिपेनी | २ | तिपेनी, खालटे | ६ |
| ४० | हाईड्रोपावर | | | | | | | १ | माथिल्लो हाडिखोला लघु जलविद्युत | | | १ | तल्लो हाडिखोला लघु जलविद्युत | | | | | २ |
| ४१ | टावर | | | | | १ | | १ | | | | १ | NCELL (लेखर्क) | | | | | ३ |
| ४२ | खानी | | | | | १ | | | | | स्लेट ढुङ्गा, बालुवा | १ | ढुङ्गाखानी | १ | | | | ३ |
| ४३ | खेल मैदान | | | | | १ | | | | | | २ | धाप स्कुल, लेखर्क | २ | | | | ५ |
| ४४ | अलैची उत्पादन क्षेत्र | | | | | | | १ | पकेट क्षेत्र | | | | | | | १ | कोले टोल नजिक | २ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४५ | मसाने पाटी | | | | | | | १ | | | | | | | | १ | अंगेरीचौर टोल | २ |
| ४६ | हेलिप्याड | | | | | १ | | | | | | | | | | | | १ |
| ४७ | आलु भण्डारण | | | | | १ | | | | | | | | | | | | १ |
| ४८ | अस्पताल | | | | | | | १ | | | | | | | संस्थाद्धारा संचालित स्वास्थ्य सेवा | | | १ |
| ४९ | प्रहरी चौकी | | | | | | | १ | | | | | | | | १ | | २ |
| ५० | उधोग | | | | | | | | | | फर्निचर, लोठ सल्ला उधोग | | | | जडिबुडि उत्पादन केन्द्र, तरकारी संकलन केन्द्र | | | ० |
| ५१ | विद्युत्त सर्वेक्षण | | | | | | | | | | दिङचेतमा २ मेगावाटको सर्वेक्षण | | | | | | | ० |
| ५२ | खुल्ला ठाउँ | | | | | | | | | ५ | | | | | | | | ५ |
| ५३ | अन्य | | | | | | | | | | | | | १ | बृद्ध आश्रम | | | १ |

| घरधुरी सर्वेक्षण फारम | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पाँचपोखरी थाङपालधाप गाउँपालिका | | | | | | | | | | |
| घरधुरी सर्वेक्षण | | वडा(बाँसखर्क, बरुवा, भोताङ्ग, थाङ्गपालकोट, गुन्सा, थाङ्गपालधाप, भोटेनाम्लाङ्ग, लाँगर्चे) | | | | | | | | |
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | कुल संख्या |
| घरमुली संख्या र लिंग | म | १०३ | ६६ | ८१ | १२० | ४९ | १२२ | १२८ | ७६ | ७४५ |
| | पु | ८५४ | ७७४ | ८७३ | ८५२ | ६४१ | १०८५ | १२८६ | ६९३ | ७०५८ |
| कुल घरधुरी | | ९५७ | ८४० | ९५४ | ९७२ | ६९० | १२०७ | १४१४ | ७६९ | ७८०३ |
| जाति | बाहुन | ४ | २ | ० | २ | ० | ८२ | ० | ६७ | १५७ |
| | क्षेत्री | ४१ | २३ | ० | १९६ | ० | ३२३ | ९९ | २९१ | ९७३ |
| | नेवार | १५१ | ० | ३ | ३८ | १७ | १२२ | १२५ | १ | ४५७ |
| | भुजेल | ० | ० | ० | ४ | ० | १० | ४८ | २८ | ९० |
| | शेर्पा | २ | ९० | ० | ० | ० | ० | ३० | ३९ | १६१ |
| | ह्योल्मो | ५२ | ७४ | ३२ | ७० | ० | ० | ० | ० | २२८ |
| | गुरुङ | ० | ३ | ० | ० | ० | ० | १३६ | ५८ | १९७ |
| | दनुवार | ० | ० | ० | ० | ० | ० | ४० | ० | ४० |
| | तामाङ | ६४८ | ६१२ | ८८९ | ५५६ | ६५७ | ४२६ | ६४० | २२२ | ४६५० |
| | राई | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | मगर | ० | ० | ० | ० | ० | ११ | ३ | ६ | २० |
| | ठकुरी | ० | ० | ० | ० | ० | १३ | ० | ० | १३ |
| | अन्य | ० | ० | ० | १७ | ० | ८० | १८० | १ | २७८ |
| | दलित | ५९ | २१ | ३० | ८९ | १६ | १४० | ११३ | ५६ | ५२४ |
| भाषा | नेपाली | १०६ | ४९ | ३० | ३१७ | १६ | ६८२ | ४४९ | ५०६ | २१५५ |
| | तामाङ | ६१७ | ६२७ | ८८९ | ४१९ | ६५७ | ४१६ | ६४० | २२२ | ४४८७ |
| | गुरुङ | ० | ० | ० | ० | ० | ० | ११६ | ० | ११६ |
| | ह्योल्मो | ९७ | ७४ | ३२ | २०२ | ० | ० | ० | ० | ४०५ |
| | नेवारी | १३५ | ० | ३ | ३४ | १७ | १०९ | १२६ | १ | ४२५ |
| | शेर्पा | २ | ९० | ० | ० | ० | ० | ३० | ४० | १६२ |
| | दनुवार | ० | ० | ० | ० | ० | ० | ३९ | ० | ३९ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | १४ | ० | १४ |
| धर्म | हिन्दु | २५१ | ४९ | ३० | ३३७ | ३३ | ७३३ | ४५७ | ४७८ | २३६८ |
| | बौद्ध | ७०० | ७९१ | ९१७ | ६२१ | ६५५ | ४२३ | ९१५ | २८४ | ५३०६ |
| | क्रिश्चियन | ६ | ० | ७ | १४ | २ | ५१ | ४२ | ७ | १२९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मुस्लिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| परिवार संख्या | म | १९९१ | १९४३ | २३०३ | २३४० | १५८२ | २४७४ | २६५२ | १६७९ | १६९६४ |
| | पु | १९८४ | २०८९ | २५१० | २३६८ | १६८९ | २५७६ | २७७० | १७४७ | १७७३३ |
| बसोबास स्थालको स्वामित्व | निजी | ९५७ | ८३७ | ९५४ | ९७१ | ६५३ | १२०३ | १४०६ | ७६९ | ७७५० |
| | गुठि | ० | ० | ० | १ | ३५ | १ | ४ | ० | ४१ |
| | मोहीयानी | ० | ० | ० | ० | २ | ३ | ४ | ० | ९ |
| खनेपानीको स्रोत | मुल | १९ | ० | ० | ६ | ६८९ | २९५ | २१ | ३१ | १०६१ |
| | सुरक्षित पाईप | ९३२ | ८४० | ९५४ | ९६६ | ० | ९०७ | १३३० | ७२९ | ६६५८ |
| | कुवा | ४ | ० | ० | ० | ० | १ | ३२ | ९ | ४६ |
| | खोल्सा | ० | ० | ० | ० | १ | ४ | ० | ० | ५ |
| | खोला | २ | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ३१ | ० | ३१ |
| रोजगारी ( जागिर, पेशा, ब्यापार, कृषि, ब्यवारी) | शिक्षक | १८ | ९ | ३ | ३४ | ६ | ५२ | १९ | ३३ | १७४ |
| | सरकारी | ३० | १४ | ४ | ८६ | ३५ | ५४ | २० | ६५ | ३०८ |
| | गैरसरकारी | २६ | २६ | ८ | ६९ | २८ | ७० | ६२ | ६१ | ३५० |
| | बैदेशिक रोजगार | ४५१ | ९३० | ४३३ | ५३२ | ३२२ | २९० | ३०६ | १२० | ३३८४ |
| | कृषि | ८०० | ३७३ | ४९९ | ९१८ | ४८१ | ११५५ | १३६१ | ७१५ | ६३०२ |
| | व्यापार | ११२ | ३८ | ३८ | ८२ | ४६ | ६४ | २०१ | ६३ | ६४४ |
| | अन्य | २४४ | ५८ | ४५८ | ८४ | १३ | ६ | ६५ | ७१ | ९९९ |
| जनसंख्या ०-५ | म | १५१ | १३३ | २२८ | १६९ | १६५ | १९३ | ३०३ | १३० | १४७२ |
| | पु | १५० | १६३ | २३६ | २०८ | १६४ | १९४ | ३२५ | १६२ | १६०२ |
| जनसंख्या ६-१८ | म | ३६७ | ४७० | ५३६ | ५४७ | ४०६ | ६१७ | ६७० | ४५२ | ४०६५ |
| | पु | ४०५ | ५३० | ६१२ | ५३८ | ४६० | ६५३ | ७०० | ४३९ | ४३३७ |
| जनसंख्या १९-४५ | म | १०३८ | ९२५ | ११०५ | १०९४ | ७४२ | ११८५ | ११२७ | ७५४ | ७९७० |
| | पु | १००५ | ९७१ | १२०६ | १०८९ | ७५६ | १२६६ | ११८७ | ७९३ | ८२७३ |
| जनसंख्या ४६-७४ | म | ३८३ | ३६५ | ४०८ | ४६७ | २४६ | ४३८ | ४८३ | ३१६ | ३१०६ |
| | पु | ३९० | ३८८ | ४२७ | ४७२ | २८९ | ४३४ | ५१३ | ३२१ | ३२३४ |
| जनसंख्या ७५ भन्दा माथी | म | ५२ | ५० | २६ | ६३ | २३ | ४१ | ६९ | २७ | ३५१ |
| | पु | ३४ | ३७ | २९ | ६१ | २० | २९ | ४५ | ३२ | २८७ |
| शिक्षाः | म | १७०९ | ४२१ | ४१८ | ८६९ | १४३२ | १०३८ | १०८९ | ७१० | ७६८६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| एल.एल.सि भन्दा तल | पु | १६५९ | ५२४ | ४५८ | १०२४ | १४७८ | १२६२ | १३८० | ७६५ | ८५५० |
| शिक्षा: एल.एल.सि | म | १३८ | ७० | ७१ | १२७ | ४१ | १९० | २२० | १२९ | ९८६ |
| | पु | १७८ | ८४ | ८७ | १९७ | ६० | २६२ | २४६ | १८० | १२९४ |
| शिक्षा: उच्च शिक्षा | म | १३३ | ११२ | ३२ | २१८ | ५८ | १२३ | ५२ | ८१ | ८०९ |
| | पु | १३९ | १२१ | ५० | २६८ | ५७ | १६६ | ५० | ९९ | ९५० |
| घरको प्रकार | कच्ची | ७१८ | ५०१ | ५८५ | ५३१ | ३९३ | ६७९ | ९१६ | १७० | ४४९३ |
| | पक्की | १५१ | ३३ | २४६ | ३७५ | १३३ | ३८० | १३४ | ८० | १५३२ |
| | अर्धपक्की | ८८ | ३०६ | १२३ | ६९ | १६२ | १४८ | ३६४ | ५१९ | १७७९ |
| | अन्य | ० | ० | ० | ० | २ | ० | ० | ० | २ |
| शौचालय | स्थाई | १५६ | ३४२ | ३५६ | २३५ | ३०६ | २७४ | ५१३ | ३१९ | २५०१ |
| | अस्थाई | ८०१ | ४९८ | ५९८ | ७३७ | ३८४ | ९३३ | ९०१ | ४५० | ५३०२ |
| भूस्वामित्व | निजी | ९१६ | ८४० | ९५४ | ८७४ | ६४८ | ११३६ | १३६६ | ७६९ | ७५०३ |
| | गुठि | ४ | ० | ० | ९२ | २० | ६० | २ | ० | १७८ |
| | मोहीयानी | ३७ | ० | ० | ६ | २२ | ११ | ४६ | ० | १२२ |
| खाद्यन्न आत्मनिर्भर ( महिना) | ३ | ३८६ | २५५ | ३५० | ८६ | १९१ | ९९४ | २६० | २१८ | २७४० |
| | ६ | ४११ | १२८ | ३९३ | ३९६ | ३९० | २०२ | ५६१ | ३६० | २८४१ |
| | ९ | १०९ | १५४ | १७४ | ३१९ | ५६ | १० | १६२ | १३८ | ११२२ |
| | १२ | ५१ | ३०३ | ३७ | १७१ | ५३ | १ | ४३१ | ५३ | ११०० |
| वार्षिक पुशपञ्छि बेचबिखनबाट आम्दानी | गाई | १६७०० ० | ० | ० | १०७६५०० | २२९००० | ५३८००० | २००००० | ८९६००० | ३१०६५०० |
| | भैंसी | ६७५० ०० | ० | ० | ३०३१००० | १२९०५०० | ३४९१५०० | १५१३००० | ३७९९००० | १३८००००० |
| | बाखा | ६७८५ ०० | ० | ० | ४५१६५०० | ७३७५०० | ४६५६००० | २२२२३०० | ४९०१००० | १७७११८०० |
| | पञ्छी | ५४०० ० | ० | ० | ६५२२०० | ५११००० | २१८००० | ५६८८०० | ० | ३१०६५०० |
| | अन्य | ३७०० ० | ० | ० | २५००० | ५५३५०० | ० | ० | ४८४६५००० | ४९०८०५०० |
| कृषि आम्दानी | तरकारी | ६३०० ० | ० | ० | १०५००० | ५०००० | २०००० | १६३५०० | ५२६००० | ९२७५०० |
| | ऋनाज | १३९० ०० | ० | ० | २९००० | १५७००० | ६५००० | ७१९००० | २६२९००० | ३७३८००० |
| | अलैची | २०२० ० | ० | ० | १२३७००० | १०७००० | २५९००० | ० | १५७००० | १७८०२०० |
| | फलफुल | ० | ० | ० | १८००० | ० | ० | २२००० | २६९००० | ३०९००० |

तालिका नं.२: घरधुरी सर्वेक्षण २०७५ को संक्षिप्त विवरण

## तालिका नं.३: पर्यटकीय स्थल तथा रहेका स्थानहरुको नाम

| क.स. | पर्यटकीय स्थलहरु | स्थल रहेको वडा तथा ठाँउको नाम | विशेष महत्व |
|---|---|---|---|
| कुण्ड, पोखरी तथा धारा | | | |
| १. | पाँचपोखरी | वडा नं. ३, भोताङ | ४१०० मिटरको उचाईमा रहेको ५ वटा स-साना पोखरीको एकिकृत नाम, इन्द्रावतीको उद्गम स्थल, धार्मिक हिसाबले अत्यन्त महत्वपूर्ण |
| २. | भेमटाङ १०८ धाराका फोहरा | वडा नं. ३, भोताङ | जमिनबाट १०८ धाराका फोहरा निस्केको र मेलम्ची नदीको उद्गम स्थल |
| ३. | अमिलो पानी ( भोताङ)/छुम्दी | वडा नं. ३, भोताङ | ग्याष्ट्रिक, गानो गोला लगायतका रोगहरु निको हुने जन विश्वास |

| | | | |
|---|---|---|---|
| ४. | अमिलो पानी (धाप) | वडा नं.६, थाङपालधाप, धाप | ग्याष्ट्रिक, गानो गोला लगायतका रोगहरु निको हुने जन विश्वास |
| | | मठ, मन्दिर | |
| १. | रैथानेश्वरी मन्दिर | वडा नं.४, थाङपालकोट | |
| २. | नौलिंङ्गेश्वर मन्दिर | वडा नं. ८, लाँगर्चे | |
| ५. | दक्षिणकाली मन्दिर, सेतीदेवी (खाल्डे), महाकाली (मसार) | वडा नं.६, थाङपालधाप, धाप | |
| ६. | पशुपतिनाथ मन्दिर | वडा नं.६, थाङपालधाप, टार | |
| ७. | राजेन्द्रश्वरी मन्दिर | वडा नं.६, थाङपालधाप | |
| ८. | शेरा महादेव मन्दिर | वडा नं.६, थाङपालधाप | |
| ९. | चिण्डे महादेव मन्दिर | वडा नं.६, थाङपालधाप | |
| १०. | पञ्चकमला देवीस्थान मन्दिर, स्याले | वडा नं.६, थाङपालधाप | |
| ११. | चण्डेश्वरी मन्दिर, पौडेल डाँडा | वडा नं.६, थाङपालधाप | |
| १२. | सेतीदेवी मन्दिर, स्याले | वडा नं.६, थाङपालधाप | |
| १३. | त्रिदेवी मन्दिर | वडा नं.६, थाङपालधाप | |
| १४. | न्यौपाने टोल शिवजी मन्दिर | वडा नं.६, थाङपालधाप | |
| १५. | हरिछमि नारायण मन्दिर | वडा नं.६, थाङपालधाप | |
| १६. | गोल्मेश्वरी मन्दिर | वडा नं.६, थाङपालधाप, टार | |

| | | | |
|---|---|---|---|
| १७. | टालटुलेश्वरी मन्दिर | वडा नं.४, थाङपालकोट | |
| १८. | पाँचपोखरी मन्दिर | वडा नं.३, भोताङ | ४१०० मिटरको उचाईमा रहेको ५ वटा स-साना पोखरीको एकिकृत नाम, इन्द्रावतीको उद्‌गम स्थल, धार्मिक हिसाबले अत्यन्त महत्वपूर्ण महादेव मन्दिर |
| १९. | जोङरोङ महादेवस्थान | वडा नं.६, थाङपालधाप, लेखर्क | |
